

साधु सुन्दर सिंह (१८८९–१९२९)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
**Visit us @ www.togmission.com**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०७४ (२०१७ A.D.)
दोस्रो प्रकाशन : वि.सं. २०७६ (२०१९ A.D.)
तेस्रो प्रकाशन : वि.सं.
(शुद्धाशुद्धिको साथ)
प्रति : ५००

अनुवादक – के.एम.दास
लिपिक र कम्प्युटर टाइपिङ्ग – सहदेव श्रेष्ठ

A Life Biography of Sadhu Sundar Singh
(The Men Whom God Trusted)

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. बाल्यकाल | ५ |
| २. उद्धार | ८ |
| ३. सुरुका लडन्तहरू | १३ |
| ४. साधु जीवन | २० |
| ५. सुरुका सेवाहरू | २४ |
| ६. सेवामा कठिनाइहरू | ३० |
| ७. तिब्बतमा | ३६ |
| ८. कर्तार सिंह | ४६ |
| ९. कैलाशको महाॠषि | ५२ |
| १०. साधु सुन्दर सिंह र सन्न्यासी मिसन | ५५ |
| ११. आश्चर्यपूर्ण अनुभवहरू | ५९ |
| १२. साधुको क्रूसप्रतिको माया | ६५ |
| १३. उपवास | ६८ |
| १४. नेपालको सेवा | ७३ |
| १५. आत्मिक दर्शनहरू | ७८ |
| १६. महाॠषि (सन् १९१६-१९१७) | ८२ |
| १७. पश्चिम भारत (१९१७) | ९२ |
| १८. दक्षिण भारतमा साधु सुन्दर सिंह | ९६ |
| १९. पूर्वीय राष्ट्रहरूमा | १०९ |
| २०. पश्चिमी राष्ट्रहरूको भ्रमण | १११ |
| २१. युरोपको सेवा | ११५ |
| २२. लेख्नको लागि बोलावट | ११८ |
| २३. साधुको पत्राचार | १२४ |
| २४. प्रार्थनाको मानिस | १३० |
| २५. सुबाथूमा (१९२२-१९२५) | १३३ |
| २६. अन्तिम वर्षहरू | १३७ |

## धन्यवाद :

ख्रीष्ट येशूको महिमा र विश्वासीहरूको भक्ति वृद्धिको लागि भनी गरिएको यो काम सम्पन्न हुन प्रार्थना गरिदिनुहुने हरेकलाई हामी धन्यवाद दिन चाहन्छौँ । साथै किताबलाई सुधार्न सहायता गर्ने जीवन चामलिंग ज्यु, पा.बच्चु गजमेर र रीमा बोम्जनलाई पनि हामी धन्यवाद दिन चाहन्छौँ ।

## Bibliography (सन्दर्भ सामग्री)

1. Sadhu Sundar Singh – Called of God : Arthur Parker
2. The Vision and Call : T.E.Riddel
3. Sundar Singh – A Biography : A.J. Appasamy

# अध्याय - १
# बाल्यकाल

साधु सुन्दर सिंह भारतको पतियाला प्रान्तको रामपुर भन्ने गाउँमा सिख धर्म मान्ने परिवारमा जन्मनुभएको थियो। उहाँको बुबा सरदार शेर सिंह, गाउँको एउटा मुख्य मानिस र धनाढ्य व्यक्ति हुनुहुन्थ्यो। त्यसैले सुन्दरको बाल्यकाल अरूको तुलनामा आरामदायी नै थियो। उहाँका आफन्तहरूमध्ये एक जना राजपरिवारको काममा पनि हुनुहुन्थ्यो ।

सुन्दर र उहाँका दाजुहरूको दैनिक जीवन, धार्मिक संस्कृतिहरू र परम्परासँग जोडिएको थियो; यी धार्मिक विधिहरूलाई वर्षभरि नै नटुटाईकन पूरा गर्थे। पन्जाबमा केन्द्रित भएको सिख धर्मले सबैलाई समान ठान्न सिकाउँथ्यो, र यो धर्मलाई पछ्याउने सबै पुरुष र स्त्रीहरू एउटै परिवारको रूपमा मानिन्थे। एउटा गुरुले परमेश्वरको प्रतिनिधिको रूपमा सबैलाई अगुवाइ गर्ने साथै सिकाउने काम गर्नुहुन्थ्यो, र यसमा सबै बराबर हुन्थे, र एकतामा रहन्थे।

भारतका गाउँहरूमा जन्म मितिलाई लेखिराख्ने बानी थिएन, तर साधु सुन्दर सिंहको जन्म मिति सन् १८८९ सेप्टेम्बर ३ तारिख हो भन्ने अनुमान गरिन्छ। उहाँ नै परिवारको कान्छो छोरो हुनुहुन्थ्यो, र उहाँका दुई जना दाजुहरू र एउटी दिदी हुनुहुन्थ्यो।

सुन्दर सिंहकी आमा एक उल्लेखनीय स्त्री हुनुहुन्थ्यो। उहाँको मुख्य इच्छा धेरै भक्ति गर्नु र शुद्ध जीवन जिउनु थियो। परिवारमा भएका सदस्यहरूमध्ये सबै धर्मलाई स्वीकार गर्ने खुला मन उहाँमा थियो। अमेरिकन मिसनबाट दिदी–बहिनीहरू उहाँको गाउँको नजिक आउँदा उहाँहरूलाई आफूकहाँ स्वीकार गर्न धेरै इच्छुक हुनुहुन्थ्यो। सुन्दर सिंहले

बताएअनुसार उहाँकी दिदी पनि आमाजस्तै धेरै भक्ति गर्ने नारी हुनुहुन्थ्यो, त्यसैले बाल्यकालमा सुन्दर सिंह र उहाँकी दिदी धेरै मिल्थे। उहाँले एकपल्ट यसरी बताउनुभयो :"मेरी दिदी हरेक दिन आफ्नो धार्मिक विधिहरू पूरा गर्न र भक्ति गर्न मिरमिरे उज्यालोमा उठ्नुहुन्थ्यो।" उहाँले पछिको समयमा आफ्नी दिदीसँग ख्रीष्टियन परिवारहरूलाई तुलना गरेर दुःखसँग यसरी भन्नुभयो : "५ मिनेट परमेश्वरको उपस्थितिमा बिताउने बित्तिकै थकित हुनेहरू अनन्तकाल परमेश्वरलाई प्रशंसा गर्दै जिउने आशा गर्छन्।"

सुन्दर सिंह आफ्नी आमाको प्यारो छोरो हुनुहुन्थ्यो। बाल्यकालभरि नै उहाँ सधैँ आफ्नी आमाको नजिक नै हुनुहुन्थ्यो। धार्मिक विश्वासमा सुन्दर सिंहमाथि बढी प्रभाव पार्ने र उहाँको स्वभावलाई बनाउने काम अरूले भन्दा उहाँकी आमाले नै बढी गर्नुभयो। त्यसैले आफूलाई परमेश्वरको बारेमा बढी सिकाएको व्यक्ति आमा नै हो भनी सधैँ भन्नुहुन्थ्यो।

सुन्दरकी आमा झिसमिसे उज्यालोमा नै उठेर आफ्नो धार्मिक विधिअनुसार नुहाएर फूलहरू चढाउन मन्दिरमा जानुहुन्थ्यो। दैनिक गर्ने सबै कामहरू पनि परमेश्वरमा नै समर्पण गर्नुहुन्थ्यो। हरेक दिनको अन्तमा पनि उहाँ सुत्न जानुभन्दा अगाडि प्रार्थना र आराधना गरेर मात्र निदाउनुहुन्थ्यो। धर्मग्रन्थहरू पढ्ने र उपवास बस्नेजस्ता माध्यमहरूद्वारा उहाँको हृदयलाई भक्तिमा खन्याउनुहुन्थ्यो, र यी सबै समयहरूमा कान्छो छोरो साथमा रहेर आफ्नी आमाको सबै कुराहरूलाई हेर्दै र पछ्याउँदै रहनुभयो।

उहाँका अरू छोराहरूले यसरी आमाले सिकाउने भक्तिको जीवनलाई पछ्याउन सकेनन्, उहाँको दैनिक प्रार्थनामा मुख्य विषय यही नै थियो। उहाँले सुरुदेखि नै आफ्नो कान्छो छोरोलाई आफूसँग रहेको एउटै धनको रूपमा परमेश्वरलाई अर्पण गर्न धेरै इच्छुक हुनुहुन्थ्यो। उहाँले आफ्नो छोरोलाई भन्नुभयो :"तिमीले आत्मामा शान्ति खोज्नुपर्छ, र धर्मलाई प्रेम गर्नुपर्छ; त्यसो गर्‍यौ भने तिमी एक दिन पवित्र साधु हुनेछौ।"

सन् १९०२ मा साधु सुन्दर सिंह १४ वर्षको हुँदा उहाँकी आमाको निधन भयो, उहाँले भोग्नुभएको सबैभन्दा ठूलो दुःख यही नै थियो। आमा बितेको केही समयमा नै उहाँलाई धेरै माया गर्ने दाइ पनि बित्नुभयो। यी दुई वटा पीडादायी घटनाहरूले उहाँलाई ईश्वरहीन मानव जीवनको पूर्ण शून्यता र मृत्युको पीडाको बारेमा सिकाए। योभन्दा अगाडि उहाँले आफ्नो घरभित्र मृत्युको पीडालाई सामना गर्नुपरेको थिएन, तर अहिले यी दुई पीडादायी घटनाहरूले ठूलो भारी भएर उहाँको सबै खुशीलाई लगेझैँ लाग्यो। यसका साथै परमेश्वरको विरोधमा विद्रोह गर्ने भावना पनि जाग्यो। विद्रोह गरी रहँदा पनि उहाँको भित्रिए मनुष्यत्वमा परमेश्वरप्रतिको तृष्णा भने रही नै रह्यो।

जब–जब उहाँले यी घटनाहरूलाई स्मरण गर्नुहुन्थ्यो, इसाई भइसकेपछि पनि, उहाँका आँखामा ती दिनहरूको दुःख देखा पर्थ्यो, र उहाँको आवाज भावनाले भरेर बदलिन्थ्यो। आफ्नी आमालाई संसारको सबै थोकभन्दा बढी प्रेम गर्नुभएको थियो; उत्साह दिने र असल बाटोमा अगुवाइ गर्ने आमाको अभावमा अहिले आफ्नो जीवन पूर्ण रूपमा टुक्रा–टुक्रा भएको जस्तै महसुस गर्नुभयो।

यो घटनाले सानो उमेरमा नै अगाडि बढेको सुन्दरको आत्मिक जीवनमा धेरै ठूलो असर पारेको थियो।

# अध्याय -२
# उद्धार

भनिन्छ महान् मानिसहरूको सफलतामा उनीहरूको बाल्यकालमा आमाले दिएको शिक्षा र तालिमले मुख्य भूमिका खेल्छ; विशेष गरी साधु सुन्दर सिंहको जीवनले यो सत्यता दर्साउँछ। उहाँले बाल्यकालदेखि नै आफ्नी आमासँग मन्दिरमा जानुको साथै धर्म नै जीवनको सर्वश्रेष्ठ कुरा हो भनी आमाबाट शिक्षा पनि पाउनुभएको थियो। आमाले पवित्र मानिसहरूलाई इज्जत दिएको र सल्लाह लिन गएको देख्दा सबै प्रकारको जीवनको बीचमा पवित्र साधु भएर जिउनु नै उत्तम जीवन हो भन्ने प्रभाव सानो उमेरदेखि नै सुन्दरको मनमा पऱ्यो।

अत्यधिक खोजीको पछाडि पाउने एउटा हृदयको शान्ति छ जसलाई पाइसकेपछि त्यही नै संसारमा महान् धन हुन्छ भन्ने कुरा सुन्दर सिंहले आफ्नी आमाबाट सिक्नुभयो। आमाले धेरै पटक यसको बारेमा उहाँसँग बोल्नु पनि भयो, जसले गर्दा विवेकको विकास हुँदै जाँदा यो अमूल्य इनाम पाउने इच्छा उहाँमा बढ्दै गयो। मन्दिरको ढोकामा ढोगेको र हिन्दु पवित्र मानिसहरूको चरणमा बसेको बालकले अहिले यो अमूल्य धनलाई खोज्न थाल्यो।

सिख धर्मग्रन्थ, हिन्दु धर्मशास्त्रहरू साथै इस्लामको कुरान समेत पढेर शान्ति खोज्न थाल्नुभयो। उहाँको परिवार सुतिरहँदा सुन्दरचाहिँ कुनै एउटा शास्त्रको पाना पल्टाइरहनुभएको हुन्थ्यो। उहाँले धेरै पदहरूलाई मनन गर्न थाल्नुभयो, तर बढ्दै जाने ज्ञानको साथ-साथै अझै गहिरो अशान्ति मात्र बढ्यो।

उहाँले बारम्बार भेट्नुहुने मन्दिरको पुजारी र भक्ति गर्ने आमाले उहाँको

हृदयमा शान्ति ल्याउनको लागि धर्मशास्त्रका विभिन्न पदहरूलाई देखाए तापनि उहाँलाई शान्ति भएन। सुन्दर यसरी आफ्नो परिवारको विश्वासमा बलियो भए पनि त्यसप्रति असन्तुष्ट हुँदा, ख्रीष्टको कुनै ज्ञान नभएको अवस्थामा, उहाँलाई अमेरिकन प्रस्बेटेरियनहरूद्वारा उहाँको गाउँमा सञ्चालित मिसन विद्यालयमा पढ्नको लागि पठाइयो। त्यहाँ दैनिक बाइबलको शिक्षा दिइन्थ्यो जसलाई सुन्नुपर्दा उहाँमा कठोर विरोध उत्पन्न भयो।

सुरुको दिनमा नै बाइबल पढ्नुपर्दा उहाँको सिख रगत तात्तियो। 'मैले किन पढ्नुपर्ने ? हामी सिख हौँ; हाम्रो आफ्नै धर्मग्रन्थ छ।' उहाँको उमेरको साथीले विद्यालयको नियमलाई पालना गर्न सम्झाएकोले उहाँले आफ्नो लागि एउटा नयाँ करारको बाइबल किन्नुभयो। उहाँले त्यसलाई पढ्न थाल्दा, त्यसमा भएका सिद्धान्तहरू आफूले बाल्यकालदेखि सिकेका कुराहरूको ठिक विरोधमा भएको देखेर उहाँको रिस झनै बढ्यो । एउटा गहिरो जन्मजात आफ्नो धर्मप्रतिको भक्तिले उहाँलाई सहन नसक्ने गरी उचाल्यो। चाँडै नै उहाँ विद्यालयमा इसाइत्वलाई  विरोध गर्ने विद्यार्थीहरूको नायक बन्न पुग्नुभयो। खुला रूपमा आफूले घृणा गर्ने नयाँ करारका पानाहरूलाई च्यातेर आगोमा जलाउनुभयो। उहाँका बुबाले यो कुरा सुनेर, बाइबल एउटा राम्रो किताब हो र त्यसलाई जलाउनुको सट्टामा फर्काएर मिसनरीहरूलाई दिनुपर्थ्यो भनी सम्झाउनुभयो।

सुन्दरले ख्रीष्टप्रतिको घृणासाथ आफ्नी आमाले सिकाउनुभएको शान्तिलाई भेट्टाउने अटुट निर्णय गरेर अहिले आफ्नो धर्म ग्रन्थहरूलाई पल्टाउन थाल्नुभयो। उहाँलाई मिसन विद्यालयबाट निकालेर आफ्नो घरभन्दा ३ माइल टाढा भएको सरकारी विद्यालयमा भर्ना गऱ्यो। दैनिक विद्यालयसम्मको हिँडाइले उहाँको स्वास्थ्यलाई बिगार्न थाल्यो, र उहाँले आफ्नो शिक्षा सफलतापूर्वक सिद्ध्याउनको लागि चाँडै नै उहाँलाई मिसन विद्यालयमा फर्काउनुपर्छ भन्ने कुरा थाहा हुन आयो।

यी सबै समयहरूमा उहाँको हृदय शान्तिको खोजीमा नै थियो, तर

उहाँले जति खोज्नुभयो त्यति नै बढी उहाँमा अशान्ति भयो।

मिसन विद्यालयमा फर्केपछि फेरि पनि आफ्नो हातमा बाइबल पाउनुभयो, र दैनिक बाइबलको शिक्षा सुन्नुभयो। उहाँको इसाइत्वप्रतिको घृणा र ख्रीष्टप्रतिको विरोधाभास फर्क्यो। उहाँमा विरोधाभास यति कठोर थियो कि एकपल्ट एउटा मिसनरीको छाया आफूमाथि परेको कारण आफूबाट त्यो प्रदूषणलाई हटाउन घण्टौं लगाएर आफूलाई धुनुभयो। सुन्दरले यो समयको बारेमा बताउँदा आफ्नो जीवनको एउटा सहन नसक्ने क्षण भनी बताउनुभयो, किनभने उहाँले खोजेको शान्तिलाई नपाउँदा नै आफ्नो धर्मको अन्तमा आउनुभयो, र इसाई धर्मप्रतिको घृणाले उहाँलाई यो बहुमूल्य मोती खोज्न इसाई धर्मशास्त्रलाई हेर्न दिएन।

यहाँसम्म कि परमेश्वरले सुन्दरलाई नचिनेको बाटोमा डोऱ्याउनुभयो, जसले आफूलाई अन्धकारमा पुऱ्याइरहेको जस्तो लाग्यो। सबै धर्मशास्त्रहरूलाई अध्ययन गरेर, सबै धर्मगुरुहरूका शिक्षाहरू सुनेर पनि सम्भव लागेको त्यो शान्तिको अनुभव अझै गर्न नसकिरहेको हुँदा, यी सबै कुराहरूमा उहाँले खोजेको त्यो शान्ति पाउँदैन भनी उहाँले थाहा पाउनको लागि परमेश्वरले सुन्दरलाई डोऱ्याउँदै हुनुहुन्थ्यो। अन्तमा आफूले क्रोधित भएर नाश गरेको र बेवास्ता गरिरहेको त्यो किताबबाट केही सहायता पाइन्छ कि भन्ने विचार उहाँको हृदयमा आयो; उहाँले फेरि पनि त्यो नयाँ करारको पुस्तकलाई आफ्नो हातमा लिनुभयो। वेदनाले छिया–छिया भएर निराशमा पुगेको अवस्थामा उहाँले पढ्नुभयो, ‘मकहाँ आऊ ... र म तिमीलाई विश्राम दिनेछु।’ यी शब्दहरूले उहाँलाई पक्र्यो र उहाँले क्रूसको कथालाई पढ्न थाल्नुभयो। अबदेखि उहाँ इसाई धर्मलाई विरोध गर्न आफ्ना साथीहरूसँग भेला हुन छोड्नुभयो। कोही कोही बेला त उहाँ शान्त वातावरणमा इसाई शिक्षकहरूसँग कुरा गरिरहेको पनि भेटियो। यी कुराहरू अरूलाई थाहा हुन आयो, र उहाँको बुबालाई खबर पुग्यो, तर छोरा आमाद्वारा सिख धर्मको विश्वासमा स्थापित भएको छ भन्ने धारणाले बुबाले यी कुराहरूलाई वास्ता गर्नुभएन।

तर उहाँले 'किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्,' भन्ने शब्दहरूलाई पढ्दा उहाँको हृदयमा सुसमाचारको खमिर पसिसकेको थियो, र उहाँले आफ्नो घाउ भएको मुटुमा एउटा सानो सान्त्वनाको अनुभव गर्नुभयो। तर उहाँमा भएको वेदनाले उहाँलाई विश्राम पाउन दिएको थिएन। अन्तमा उहाँले यो लडन्तलाई अन्त गर्ने निर्णय गर्नुभयो। उहाँले एक रात, भोलि बिहानभित्र यो संसारमा शान्ति पाइएन भने यो संसार छोडेर अर्को संसारमा पाउँछु भन्ने निर्णय गर्नुभयो। हरेक दिन बिहान लुधियाना एक्सप्रेस रेल बिहान ५:०० बजे आफ्नो बुबाको बगैँचाको छेउबाट जान्छ भनी उहाँलाई थाहा थियो, र त्यो रेलको अगाडि परेर आफ्नो जीवनको यो पीडालाई अन्त गर्नु (आत्महत्या गर्नु) पाप हो भन्नेजस्तै यो हिन्दु केटोलाई लागेन।

त्यो लामो रातलाई अध्ययन र प्रार्थनामा बिताउन कोठामा जानुभयो। उहाँ बिहान ३:०० बजेतिर उठेर  हिन्दु परम्पराअनुसार नुहाउनुभयो,  र परमेश्वरले आफूलाई प्रकट गर्न प्रार्थना गर्न थाल्नुभयो। यस पछाडि भएको घटनालाई उहाँकै शब्दमा व्याख्या गर्नु उत्तम हुन्छ। :"शान्ति पाइनँ भने मेरो टाउकोलाई ५:०० बजे जाने रेल अगाडि लिकमा राखेर आत्महत्या गर्नु नै मेरो विचार थियो। मैले यो जीवनमा शान्ति पाइनँ भने अर्को जीवनमा पाउँछु भनी आशा गरेँ। मैले प्रार्थना गरिरहँदा कुनै पनि उत्तर आएन, र आधा घण्टा जति अझै बढी समय बिताएँ केवल शान्ति पाउने आशामा। बिहान ४:३० बजे मैले पहिले कहिल्यै नदेखेको दृश्य देखेँ। मैले प्रार्थना गरिरहेको कोठामा एउटा ठूलो ज्योति देखेँ, र मैले सम्झेँ त्यो ठाउँमा आगो लाग्यो। मैले  वरिपरि हेरेँ तर केही देखिनँ। यो परमेश्वरले मेरो लागि पठाएको उत्तर हुन सक्छ भनी मलाई लाग्न थाल्यो, र प्रार्थना गरेर त्यो ज्योतिमा हेर्दा, ख्रीष्ट येशूको स्वरूपलाई त्यो ज्योतिको बीचमा देखेँ। त्यो दृश्य पूर्ण रूपमा महिमा र प्रेमले भरिएको थियो। त्यो कुनै हिन्दु अवतार भएको भए तुरुन्तै घोप्टो परेर दण्डवत् गर्थें, तर त्यो त मैले कुनै दिन अगाडि बदनाम गरेको प्रभु येशू ख्रीष्ट हुनुहुन्थ्यो।

मलाई लाग्यो कि यस्तो एउटा दर्शन मेरो आफ्नै विचारबाट आउन सक्दैन। मैले यसो भनेको एउटा आवाज सुनें : 'तिमी कहिलेसम्म मलाई सताउँछौ, म तिमीलाई  उद्धार गर्न आएको हुँ; तिमीले ठिक बाटो थाहा पाउन प्रार्थना गरिरहेका छौ। तिमी यसलाई किन स्वीकार गर्दैनौ ?' मैले उहाँको पाउमा दण्डवत् गरें, तुरुन्तै यो अचम्मको शान्तिको अनुभव गरें, जसलाई मैले अरू कुनै ठाउँबाट पाउन सकिरहेको थिइनँ। यही आनन्दलाई नै मैले खोजिरहेको थिएँ, त्यो स्वर्गजस्तै थियो।

"म उठ्दा यो दर्शन हराइसकेको थियो, तर शान्ति र आनन्द त्यो दिनदेखि सधैँको लागि रहिरह्यो।

"म त्यहाँबाट गएर बुबालाई आफू इसाई भएको कुरा बताएँ। उहाँले भन्नुभयो : 'जाऊ गएर सुत। हिजो मात्रै तिमीले बाइबल जलायौ, र अहिले आएर भन्छौ म इसाई भएँ; किन ?' मैले जवाफ दिएँ : 'मैले अहिले थाहा पाएँ कि येशू ख्रीष्ट जिउँदो हुनुहुन्छ, र मैले उहाँलाई पछ्याउने निर्णय गरेको छु। आजदेखि म उहाँको चेला हुँ, र उहाँकै सेवा गर्न गइरहेको छु।' "

# अध्याय - ३
# सुरुका लडन्तहरू

साधु सुन्दर सिंहले त्यो रातदेखि पीडाको तितोपनलाई पिउनुपर्ने बेलासम्म विभिन्न दुःखहरूलाई पार गर्नुपर्थ्यो, किनभने यी समयहरूमा उहाँ बुबाको घरमा हुनुहुन्थ्यो। उहाँले ख्रीष्ट येशूलाई आफ्नो मालिकको रूपमा स्वीकार गर्नुभयो भन्ने कुरा थाहा पाउँदा त्यसलाई स्वीकार गर्नु ठूलो दुष्टतालाई स्वीकार गर्नुजस्तै उहाँको परिवारका सदस्यहरूलाई लाग्यो। उहाँहरूको विचारअनुसार यति ठूलो इज्जतदार परिवारको एक जना सदस्यले तुच्छ मानिने इसाई धर्मलाई पछ्याउनु सोच्नै नसक्ने कुरा थियो। उहाँको बुबाले धेरै माया र नम्रतासाथ आफ्नो छोरोलाई बिन्ती गरेर यो बिगार्ने मूर्ख विचारलाई त्यागिदिन र आफू जन्मेको यो उच्च अवस्थालाई र उहाँको अगाडि पर्खिरहेका सफलताहरूलाई हेर्न बिन्ती गर्नुभयो। उहाँले सुन्दरका आँखा अगाडि धन, इज्जत र उच्च पदहरूको कुरा गर्नुभयो; तर यी कुराहरूले उहाँलाई प्रभाव नपारेको देखेर सुन्दरले यो बाटो पछ्याइरह्यो भने आफ्नो परिवारमा आउन सक्ने बदनाम र बेइज्जतका कुराहरूको बारेमा बताउनुभयो। सुन्दरको बुबालाई आफ्नो छोरोको हृदयको बारेमा थाहा थियो। उहाँले अहिलेसम्म आफ्नी आमा र परिवारलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा थाहा थियो। साधु सुन्दर सिंह बाहेक अरू कसैले त्यो परीक्षाको समयको बारेमा बताउन सक्दैन। आफूलाई माया गर्नेहरूको बदनाम हुने कारण आफू बन्न सक्छु भन्ने कुरा सुन्दा वेदनाले भरिनुभयो। साथै उहाँको अगाडि उहाँलाई परीक्षामा पार्न भविष्यको सफलता र संसारका रमझमहरू पनि थिए; फेरि एकपल्ट सुन्दरले सांसारिक प्रेम र सांसारिक कुराहरूको खिचाइलाई सामना गर्नुपर्ने भयो। तर परमेश्वरले सुन्दरलाई निराशा र अन्धकारबाट छुटकारा दिनु परीक्षामा परेर नाश हुनको लागि थिएन। उहाँलाई येशू ख्रीष्टले सानो स्वरमा, 'जसले मलाई भन्दा बढी आफ्नो बुबा वा आमालाई प्रेम गर्छ त्यो

मेरो योग्यको हुँदैन। जो आफ्नो क्रूस उठाएर मेरोपछि लाग्दैन, त्यो मेरो योग्यको हुँदैन' भनेजस्तो लाग्यो। तर आफ्नो बुबाका आँखामा आँसु देख्दा बिचरा सुन्दरको मन नै छिया-छिया भयो, उहाँले आफ्नो बुबाप्रतिको प्रेमलाई व्यक्त गर्नुभयो, साथै जसले आफूलाई बोलाउनुभयो र जसको आज्ञालाई इन्कार गर्न सक्दैन, उहाँको प्रेमको बारेमा बताउन पनि सुन्दरले शक्ति पाउनुभएको थियो। यी घटनाहरूलाई कागजको पानामा ल्याउन गाह्रो छ।

यी समयहरूमा सुन्दरले ख्रीष्टलाई पछ्याउन पूर्ण रूपमा निर्णय गरिसक्यो भन्ने थाहा पाउँदा, उहाँलाई फेरि पुरानो विश्वासमा फर्काएर ल्याउनको लागि अर्को एउटा प्रयास पनि भयो। सबैले इज्जत दिने उहाँको एउटा धनी मामाले आफ्नो ठूलो घरमा सुन्दरलाई ल्याउनुभयो, र त्यो मुख्य भवनको जमिनमुनि भएको कोठामा उहाँलाई पुऱ्याउनुभयो। भित्र लगिसकेपछि मामाले ढोका थुन्नुभयो, र सुन्दरले आफ्नो जीवनको अन्तिम घडी यही नै हो कि भनी सोच्न थाल्नुभयो। तर मामाले एउटा चाबी लिएर बक्सालाई खोल्नुभयो, बाकसको  ढोका खोल्दा सुन्दरका आँखा अगाडि उहाँले सपनामा पनि नदेखेको धन देख्नुभयो। पैसाका बिटाहरू, बहुमूल्य गहनाहरू र अन्य बहुमूल्य कुराहरू देख्नुभयो। त्यस पश्चात् उहाँको मामाले इसाई भएर परिवारमा बदनाम नल्याउनु भनी बिन्ती गर्नुभयो, र आफ्नो टाउकोको पगरी झिकेर सुन्दरको पाउमा राख्नुभयो, र विनम्रतासाथ भन्नुभयो: 'तिमी हामीसँग रह्यौ भने, यी सबै थोक तिम्रो हुनेछ।'

सुन्दरको निम्ति यो परीक्षा धेरै जटिल थियो, त्यो टल्किने धनले उहाँका आँखाको दृष्टिलाई तिरमिराएको मात्र नभएर परिवारमा सबभन्दा कान्छो भएकोले आफ्नो अगाडि मामा विनम्र भएको देख्दा, त्यो कुराले उहाँको हृदयलाई गहिरो रूपले छोयो। आफ्नो परिवारमा आउन सक्ने बदनामको चिन्हको रूपमा मामाले आफ्नो पगरी सुन्दरका खुट्टामुनि राखेर खाली टाउको सहित उभिएको देख्दा सुन्दरको आँखाबाट आँसु बग्न थाल्यो। तर त्यति बेलाको समयमा उहाँको हृदय बगिनिस्कने

ख्रीष्टप्रतिको भक्ति र प्रेमले भरियो कि उहाँको ओठबाट सजिलोसँग इन्कारका शब्दहरू आयो, यसको साथ–साथमा ख्रीष्टको लागि विश्वासयोग्य रहने उहाँको पवित्र निर्णयलाई बलियो पार्ने गरी एउटा स्वर्गीय स्वीकृति आफ्नो प्यारो उद्धारकर्ताबाट आएको अनुभव पनि गर्नुभयो। त्यस पश्चात् उहाँको बुबाले स्पष्ट पार्नुभयो कि सुन्दर अबदेखि घरको छोरा होइन तर एउटा बहिष्कृत व्यक्ति हो।

सुन्दर र उहाँको एक जना विद्यालयको साथी दुवैले नयाँ करार पढ्नुभयो र येशूलाई पाउनुभयो। तर सार्वजनिक रूपमा यो ख्रीष्टमाथिको विश्वासलाई घोषणा गर्न उनीहरू दुवैको उमेर पुगेको थिएन त्यसैले गर्दा उनीहरू दुवै हिन्दु परिवारमा नै रहन बाध्य भए। सुन्दरका आफन्तहरूले अमेरिकी मिसनरीहरूले जबरजस्ती यी दुवै भाइहरूलाई इसाई बनाए भनी अदालतमा मुद्दा चलाए। अदालतमा न्यायाधीशको अगाडि उभिँदा सुन्दर एउटा बलियो गवाही भएर उभिनुभयो; आफ्नो विश्वासको बारेमा प्रश्न उठ्दा उहाँले एउटा नयाँ करारको पुस्तक आफ्नो गोजीबाट निकाल्नुभयो, त्यसलाई हातमा समातेर भन्नुभयो: 'पादरी साहेबले गर्दा होइन यसलाई पढेर ख्रीष्टलाई विश्वास गरेको हो, पादरी साहेबलाई जान दिनुहोस्।' यसले गर्दा मुद्दा हाऱ्यो, र सुन्दर र उहाँको साथी दुवैले जीवनलाई प्रभाव पार्ने ठूलो एउटा कदम उठाउने बेलासम्म आफ्ना आफन्तहरूसँग रहन बाध्य हुनुभयो।

सबै परीक्षाहरू र सम्झाउने बुझाउने कामहरूद्वारा सुन्दरलाई आफ्नो निर्णयबाट फर्काउन नसकेको देख्दा, कठोर शत्रुता उत्पन्न हुनु स्वाभाविक नै थियो। आफ्नै दाइ पनि उहाँको शत्रु हुनुभयो, र दिनानुदिन सुन्दर उहाँको हातबाट सताइनुभयो। सुन्दर र उहाँको येशूलाई गाली गर्नुमा कुनै पनि नराम्रो शब्द बाँकी रहेन। उहाँले नयाँ करारको पुस्तक पढेर आफ्नो आत्मालाई ताजा तुल्याउने हो भने अति नै होसियारीसाथ कसैले पनि नदेख्ने गरी लुकेर पढ्नुपर्थ्यो। उहाँलाई मिसन विद्यालयबाट निकालियो, र विद्यालयमा पनि तोडफोड भयो; सतावटको कारण विद्यालयलाई बन्द गर्न बाध्य भयो। यति मात्र नभएर खुला रूपमा शत्रुता गाउँमा बढ्दै गयो,

ताकि सानो इसाई समाजले खानेकुरा पनि किन्न नपाउँदा, त्यो समाज सुन्दरलाई एक्लै छोडेर सजिलो ठाउँमा सर्न बाध्य भयो।

पहिले जसरी क्रोध बढ्दै गएको देख्दा सुन्दरले आफ्नो बुबाको घरमा बस्न असम्भव देख्नुभयो, र उहाँ त्यहाँबाट लुधियानामा भएको अमेरिकन प्रस्बेटेरियन मिसनको प्रधान कार्यालयमा जानुभयो। त्यहाँ मिसनरीहरूले उहाँलाई दयाको साथ स्विकारेर वास्ता गरे। उहाँको परिवारसँग झगडा नपर्नको लागि सुन्दरको लागि छुट्टै खानपिनको व्यवस्थापन गरियो, र आफ्नो माध्यमिक शिक्षालाई पूरा गर्न सुन्दर विद्यालयमा भर्ना हुनुभयो। संवेदनशील स्वभाव भएको सुन्दरले इसाई कस्तो हुनुपर्छ भन्ने कुरामा धेरै उच्च विचार बोक्नुभएको थियो। तर उहाँले चाँडै नै थाहा पाउनुभयो कि उहाँको विद्यालयका साथीहरू नामधारी इसाईहरू मात्र रहेछन्। उनीहरूमध्ये कसै–कसैको व्यवहारले गर्दा उहाँ मिसन कार्यालय छोडेर आफ्नो घरतिर फर्किनुभयो। रामपुरमा आइपुग्दा, उहाँले इसाइत्वलाई त्याग्नुभयो भनी सम्झेर परिवारका सदस्यहरूले अति प्रेम साथ उहाँलाई स्वीकार गरे। तर चाँडै नै उनीहरूले आफ्नो बुझाई गलत रहेछ भन्ने कुरा थाहा पाए किनभने सुन्दरलाई पहिले भन्दा अझै अठोट निर्णयको साथ येशूलाई पछ्याउने व्यक्तिको रूपमा भेट्टाए।

सुन्दरले अन्तिम एउटा कदम उठाउनुभयो, जसले उहाँलाई आशाहीन अवस्थामा आफ्नो धर्म, समाज र परिवारबाट बाहिर पुऱ्याउँछ। उहाँले आफ्नो लामो कपाल छोटो पार्नुभयो, जुन काम सिख धर्मलाई त्याग्नेहरूले मात्र गर्थे। सिखहरूको धर्मग्रन्थले कपाल नकाट्न र साँचो सिखको लागि आफ्नो कपाल नै महिमा हो भनी सिकाएको छ। सुन्दरले आफ्नो कपाल काटेर आफूलाई बहिष्कृत अवस्थामा पुऱ्याउनुभयो, तर ख्रीष्ट र उहाँको क्रूसमाथि भएको सुन्दरको विश्वासलाई प्रकट गराउने एउटा असल तरिका पनि यही नै थियो। यसपश्चात् यो दयनीय केटामाथि सबैभन्दा ठूलो समस्या आयो। परिवारले उहाँलाई छोरा भन्ने अवस्थाबाट निकाले र उहाँलाई अति नै प्रेम गर्ने व्यक्तिहरूले अहिले उहाँलाई सबैभन्दा नीच व्यवहार गरे। प्रेरित पावलद्वारा लेखिएको 'अहिलेसम्म

हामी संसारका फोहोर र पृथ्वीका कसिङ्गर बनेका छौँ।' भन्ने वचनमा भएको जसरी नै यो १६ वर्ष पुगेको केटोसँग व्यवहार गरियो। उहाँलाई परिवारको सदस्यको रूपमा गन्न छोड्यो। छुन नहुने तल्लो जातिको मानिसलाई जस्तै गरी उहाँलाई घरभन्दा बाहिर राखेर भोजन दिइयो, र त्यही ठाउँमा सुत्न लगाइयो। पहिलो पल्ट यस्तो अनुभव गर्दा त्यो सानो केटोका आँखाबाट आँसु बग्न थाल्यो, र क्रूसको भारी आफूले बोक्न नसक्लाझैँ लाग्यो। केही समय पछाडि सुन्दरको भिनाजु नाभा प्रान्तको राजाको सेवा गर्नुहुन्थ्यो, मनलाई परिवर्तन गराउन एक–दुई दिनको लागि आफ्नो घरमा लानुभयो। राजाले यो घटनाको बारेमा सुनेर सुन्दरलाई आफ्नो मन्त्री परिषद्को अगाडि आफ्नो व्यवहारको बारेमा बताउन दरबारमा बोलाउनुभयो। राजाले विभिन्न तरिकाले सम्झाउने, बुझाउने कामहरू गर्नुभयो, र विभिन्न प्रकारका महत्त्वपूर्ण इनामहरू दिने प्रस्तावहरू राख्नुभयो; साथ–साथै उहाँले सुन्दरलाई सम्झाउँदै कडा रूपले भन्नुभयो कि सुन्दर एउटा सिंह हो, इसाई हुनु कुकुर हुनु सरह हो। सुन्दरले जे जति जवाफ दिनुभयो, ती सबै उहाँलाई त्यति बेला नै दिएका कुराहरू थिए, कुनै पनि विवाद, बिन्ती र उच्च स्थानका प्रस्तावहरू सुन्दरलाई जुनसुकै परिस्थितिमा ख्रीष्टलाई पछ्याउने निर्णयबाट ढलपल गराउन सकेन। घर फर्किंदा तुरुन्तै उहाँको बुबाले आफ्नो सबै रिस पोखाउनुभयो। यो सहाराहीन केटो श्रापित भयो, त्यागियो र बुबाले भोलि बिहान घरबाट निस्केर जानुपर्छ भनी भन्नुभयो। ठूलो चोट लागेको हृदयको साथ उहाँ अन्तिम रात आफ्नो बुबाको घरको दलानमा सुत्न जानुभयो। बिहान घाम उदाउनुभन्दा अगाडि नै लगाएको लुगा र पतियाला पुग्नलाई चाहेको थोरै पैसाको साथ उहाँलाई रित्तै हात घरबाट निकालियो। घरविहीन, साथीहरू विहीन, दयनीय अवस्थामा सुन्दर आफ्नो बाल्यकालको घरबाट हिँड्नुभयो।

सुन्दर रेलमा बसिरहँदा रोपुरमा एउटा सानो इसाई समाज भएको उहाँलाई याद आयो (रामपुरमा सतावट हुँदा, त्यहाँबाट भाग्नेहरू यहाँ आएर बसेका थिए) र रेलबाट ओर्लेर एउटा भारतीय पास्टरको परिवारलाई भेट्न जानुभयो। यो परमेश्वरको इच्छामा थियो, किनभने उहाँ

त्यहाँ पुगेको केही क्षणमा नै सिकिस्त बिरामी हुनुभयो, र तुरुन्तै चिकित्सकलाई बोलाउनुपर्ने भयो। उहाँ घरबाट निस्कनुभन्दा अगाडि खानामा विष मिसाएर दिएको कुरा थाहा हुन आयो। उहाँ रेलमा नै मरोस् भनेर यसो गरिएको थियो। चिकित्सकले सुन्दरको अवस्था आशाहीन छ भनी बताएर भोलि बिहान दफन कार्यमा आउँछु भनेर जानुभयो; त्यो असल पास्टर र उहाँकी श्रीमती  सुन्दरको जीवनको अन्त हुन्छ भनी सुन्दरको नजिकै रातभरि बसिरहनुभयो। सुन्दर मृत्युको पीडामा हुनुहुन्थ्यो, र शरीरबाट रगत बगिरहेकोले उहाँको शक्ति घट्दै गइरहेको थियो। तर यसरी ओछ्यानमा लडी रहँदा, परमेश्वरले आफूलाई अन्धकारबाट छुटकारा दिएर ख्रीष्टमाथि भएको विश्वासको साक्षी नदिईकन मर्नको लागि बोलाउनुभएन भन्ने एउटा गहिरो विश्वास उहाँमा आयो; उहाँले आफ्नो बाँकी भएको शक्ति साथ प्रार्थना गर्न थाल्नुभयो। बिहान उहाँ अति नै कमजोर भए तापनि जीवित हुनुहुन्थ्यो। चिकित्सक भनेजसरी नै बिहान आउनुभयो, र सुन्दरलाई जीवित देखेर आश्चर्यचकित हुनुभयो। यो देखेर उहाँ यति गहिरो रूपमा प्रभावित हुनुभयो कि नयाँ करारको एउटा पुस्तक लिएर पढ्न थाल्नुभयो। यसरी चिकित्सक आफै ख्रीष्टको चेला हुनुभयो, र केही वर्षहरूमा नै मिसनरी भएर बर्मामा (म्यानमार) सेवा गर्न जानुभयो।

सुन्दरको साथी जसले सुन्दर जसरी नै कदम उठाउनुभएको थियो; उहाँले पनि त्यसरी नै सतावट भोग्नुपर्ने भयो, र उहाँका आफन्तहरूले खानामा विष राखेर खुवाए। सुन्दर, जीवन र मृत्युको बीचमा लडी रहँदा साथीको छोटो अवधिको तर साहसपूर्ण ख्रीष्ट येशूप्रतिको विश्वासको गवाही अन्त हुन आयो। उहाँ यो संसार छोडेर सधैँको लागि आफ्नो उद्धारकर्तासँग रहन जानुभयो।

सुन्दर यात्रा गर्न सक्ने हुने बित्तिकै, उहाँ लुधियानामा अमेरिकन मिसनरीहरूको वास्तामा रहन जानुभयो। त्यतिखेरका समयहरूमा उहाँलाई त्यहाँबाट निकाल्नको लागि उहाँका आफन्तहरूद्वारा धेरै प्रयासहरू भए। एक पटक यो प्रयास यति उग्र भयो कि समस्यालाई समाधान गर्न

प्रहरीलाई बोलाउन बाध्य भयो, तर  अन्तिम पटक उहाँको वृद्ध बुबा बिन्ती गर्नको लागि त्यहाँ आउँदा सुन्दर धेरै नै परीक्षित हुनुभयो। यी घटनाद्वारा बुबाको मुहार र रूपमा परेको असरले सुन्दरलाई धेरै नै प्रभाव पाऱ्यो, र त्यो वृद्ध मानिसले सुन्दरको आमाको माया र उसको बाल्यकालको खुशीका दिनहरूको बारेमा बताउँदा, सुन्दरको मनले त्यो पुरानो घरमा आफूले पाएको माया र आनन्दका कुराहरूलाई सम्झन थाल्यो । उहाँको आँसु बगेर गालामा बग्न थाल्यो, र एउटा लडन्त हृदयमा सुरु भयो। तर यो लडन्तलाई उहाँ एक्लै लड्नुपरेको थिएन, किनभने क्रूस उठाएर आफूलाई पछ्याउने सुन्दरको हृदयको निर्णयलाई बलियो बनाउन एक जना उहाँको साथमा हुनुहुन्थ्यो। बुबा फर्केर जाँदा एउटा अन्तिम ठूलो बलिदान भइसकेको थियो, र सुन्दर सिंहले, जीवनले दिन सक्ने सबै इनामहरूलाई गुमाएर ख्रीष्टलाई मात्र पाएको अवस्थामा, जसरी अन्तसम्म उभिनुभयो, त्यसरी नै उभिइरहनुभएको थियो। परीक्षा र कठिनाइले भरेको हरेक नयाँ दुःखले, यो केटोको जीवनमा आनन्द र स्थिरता अझै थप्दै गयो।

## अध्याय - ४
# साधु जीवन

यी घटनाहरू पछाडि सुन्दरलाई सुरक्षाको लागि अन्य कुनै ठाउँमा पठाउनुपर्ने आवश्यक देखियो। त्यसैले उहाँलाई हिमाचल प्रदेश प्रान्तको सदरमुकाम शिमलादेखि २३ माइल टाढा भएको सुबाथू भन्ने ठाउँमा भएको मेडिकल मिसनमा पठाइयो, जहाँ उहाँले सतावटबाट स्वतन्त्र भएर उहाँको प्रिय नयाँ करारको पुस्तकलाई अध्ययन गर्ने समय पाउनुभयो। सबै सांसारिक बन्धनबाट छुटकारा पाएपछि बप्तिस्माद्वारा ख्रीष्टमाथिको विश्वासलाई घोषणा गर्न बढी इच्छुक हुनुभयो। उहाँले बारम्बार बप्तिस्मा पाउनको लागि बिन्ती गर्नुभयो, अन्तमा सन् १९०५ सेप्टेम्बर ३ तारिख रेभ.रेडमेनले शिमलामा भएको, 'चर्च अफ इङ्गल्याण्डमा,' उहाँलाई बप्तिस्मा दिनुभयो। भोलिपल्ट उहाँ सुबाथूमा फर्किनुभयो, र बप्तिस्मामा ख्रीष्टसँग–सँगै आफू गाडिएको... विश्वासद्वारा उहाँसँग बौरी उठेको कुरालाई थाहा पाउँदा उहाँको हृदय आनन्दले भरियो। आफ्नो प्रिय मालिक, जसको लागि उहाँले पहिले नै धेरै दुःख भोगिसक्नुभएको थियो, उहाँको गवाही हुन पाउने यो नयाँ आनन्दको अगाडि विगतका महिनाहरूको कठिन लडन्तहरूको प्रभाव धमिलो हुँदै गयो।

केही बाँकी नराखीकन आफ्नो जीवन र त्यसका सबै थोकलाई जसको लागि अर्पण गर्नुभयो, त्यो उद्धारकर्ताको गवाही बाँड्ने इच्छाले उहाँको हृदय जल्यो, र आफूले आफ्नो जीवन अर्पण गरिएको त्यो महान् कामलाई सुरु गर्न उहाँ धेरै आनन्दसहित पर्खिरहनुभयो। आफ्नो जीवनलाई पूर्ण रूपमा येशू ख्रीष्टको लागि अर्पण गर्ने दिन पनि अब आइसकेको थियो। उहाँको जीवनमा धेरै अघिदेखि नै साधु जीवनप्रति एउटा आकर्षण थियो, र त्यो जीवन जिउन कति मूल्य चुकाउनुपर्छ भन्ने कुरा पनि उहाँलाई थाहा थियो, उहाँले त्यो जीवनको लागि एउटा अन्तिम

बलिदान गर्नुभयो। उहाँले किताबहरू र व्यक्तिगत सामग्रीहरूलाई बाँडिदिनुभयो, र सन् १९०५ अक्टोबर ६ तारिख, बप्तिस्मा पाएको ३३ दिन मात्र पूरा भएको हुँदा, आफ्नो जीवनलाई धार्मिक जीवन जिउनको लागि समर्पित जीवन भनी प्रकट गराउने साधारण सुन्तला रङको वस्त्र (साधु वस्त्र) पहिरनुभयो। सहायताका कुनै पनि माध्यमहरू नदेखेको अवस्थामा आफ्नो प्रभुलाई मात्र आफ्नो साथमा लिएर खाली खुट्टामा साधु सुन्दर सिंहले हातमा एउटा नयाँ करारको पुस्तक मात्र बोकेर आफ्नो सुसमाचारीय सेवालाई सुरु गर्नुभयो।

संसारमा थोरै मानिसहरूले मात्र हिँडेको स्वेच्छालाई पूर्ण रूपमा त्यागेर कष्ट भोग्ने बाटोमा सुन्दरले यात्रा सुरु गर्नुभयो। हिन्दु धर्मबाट इसाइत्वमा आउने उहाँको बाटो काँडाहरूले भरिएको थियो, तर काँडाको मुकुट पहिरेको येशूको दर्शनलाई देखेर उहाँले दिने शान्तिलाई स्विकारेपछि जीवनमा कुनै पनि कुरालाई त्याग्नु उहाँको लागि गाह्रो भएन।

उमेरमा सानो केटो नै भए पनि साधु सुन्दर सिंहले मानवको आत्मालाई धेरै नै प्रेम गर्नुभयो, ख्रीष्टप्रतिको उहाँको उच्च भक्ति र प्रेमले उहाँलाई निकालेर पठाएको आफू जन्मेको त्यही गाउँमा नै सेवा सुरु गर्न लगायो। जवान साधु  आफ्नो परिवारले आफूलाई त्यागेको केही महिनाहरूमा नै आफू हुर्केको रामपुरका गल्लीहरूमा आइपुग्नुभयो, र हरेक गल्लीहरूमा ख्रीष्टको शक्ति र आफूले पाएको नयाँ आनन्दको गवाही बाँड्नुभयो। त्यति मात्र नभएर रामपुरमा भएको हरेक घरको महिला निजी कोठाहरूका (जहाँ अन्य पुरुषहरूलाई प्रवेश पाइँदैन) ढोकाहरू पनि उहाँको लागि खुला भयो, र उहाँले घरैपिच्छे त्यहाँ रहने महिलाहरूलाई यो ख्रीष्टको अचम्मको घटनाको बारेमा बताउनुभयो। उहाँ त्यहाँबाट वरिपरि भएका सबै गाउँहरू घुमेर साहसको साथ ख्रीष्ट येशूले मात्र दिने महान् शान्तिको गवाही बाँड्दै हिँड्नुभयो।

उहाँ त्यहाँबाट पन्जाबका अन्य धेरै गाउँ अनि सहरहरू घुम्नुभयो, र त्यहाँबाट अफगानिस्तान र काश्मीरसम्म पुग्नुभयो। साधु जीवनको

कठिनाइसँग परिचय नभएको सुन्दरको लागि यो अति नै कठिनाइपूर्ण यात्रा थियो, र उहाँलाई जाडो मौसमले र अत्यावश्यक कुराहरूको अभावले सतायो। साथै उहाँको सेवा पनि कठिनाइपूर्ण थियो, उहाँको सन्देशले कठोर हृदय भएका अफगानीहरूको बीचमा कुनै प्रभाव ल्याएन। तर उहाँले अफगानिस्तानको जललवादमा पठानहरूलाई (पूर्वीय भागमा बस्ने अफगानीहरू) भेट्नुभयो, जसले उहाँलाई मार्ने योजना बनाएका थिए, तर अन्तमा उहाँको सन्देश ग्रहण गरे।

यो घडीसम्म जीवनले प्रेम गर्ने सबै थोकबाट परमेश्वरले सुन्दरलाई थोरै–थोरै गरेर छुट्टाउनुभयो। आफन्तहरू, सम्पत्ति र परिवार यी सबै ख्रीष्टको लागि गुम्यो। आफ्नो जीवनको पहिलो यात्राको रूपमा पहाडमा बसोबास गर्ने मानिसहरूको बीचमा ख्रीष्टलाई चिनाउन निस्किनुभयो। ख्रीष्टिय जीवनमा उहाँले पाउन सक्ने आरामहरू र अरू सबै थोकहरूलाई तुच्छ ठान्नुभयो। रातहरू चिसो हावा र ओइरिने पानीबाट जोगिनको लागि चाहेको बासको अनिश्चयताको साथ आए, र सूर्य उदयहरू कहिल्यै सामना नगरेको भोक र कष्टलाई लिएर आए। थोरै फल मात्र ल्याउने जस्तो देखिने यो कठिनाइलाई देखेर उहाँको जोसिलो हृदय पनि वेदनाले भरियो; किनभने धेरै पटक उहाँको सन्देशलाई अपमान गरियो, र उहाँ आफूचाहिँ बस्ने ठाउँ नभएर गुफाहरू अनि जङ्गलमा भोकै रात बिताउनुपर्ने भयो। साधु लुगाले उहाँलाई सबै ठाउँमा बाटो खोलिदियो, तर उहाँ इसाई हुनुहुन्छ भन्ने कुरा थाहा पाउँदा सुन्दरलाई भोकै सहाराहीन अवस्थामा गाउँबाट पनि खेदियो।

यी सबै कुराहरूले उहाँलाई निराश तुल्याउन सकेन। खतरा र मृत्युदेखि फर्किन नसक्ने सुन्दर आफ्नो महिमित सेवालाई भारतको अँध्यारा कुनाहरू साथ–साथै अन्य देशका भू–भागहरूमा दिइरहनुभयो। उहाँले वर्षभरि नै समतल ठाउँहरूमा, पहाडहरूमा र गाउँ, सहरहरूमा फैलिएर बसेका मानिसहरूको बीचमा, सरुवा गोठालाहरूको बीचमा, भारतको सीमा क्षेत्रसम्म नै मानिसहरूको आत्माको उद्धारको लागि परिश्रम गरिरहनुभयो। यी मानिसहरूको बीचमा उहाँले धेरै दुःख भोग्नुपर्ने भए

तापनि उनीहरूलाई ख्रीष्ट चिनाउनु र उहाँको पाउमा डोऱ्याउनु उहाँलाई सर्वश्रेष्ठ आनन्दको कुरा थियो। उहाँका मुख्य सबै कामहरू येशूलाई नचिनेकाहरूका बीचमा नै भयो, र आफू तिनीहरूको लागि नै परमेश्वरबाट बोलावट पाएको हो भनी उहाँले विश्वास गर्नुहुन्थ्यो।

## अध्याय - ५

# सुरुका सेवाहरू

पन्जाब, काश्मीर, बलूचिस्तान (पाकिस्तानको एक प्रान्त) र अफगानिस्तान हुँदै गरेका कठिनाइपूर्ण यात्रापछि उहाँ शिमलाको छेउमा भएको कोटगढमा विश्राम लिन आउनुभयो। यो ठाउँमा सुरुवातमा नै उहाँले सेवा गर्नुभएको थियो, र हरेक ठाउँको सेवाको यात्रापछि विश्राम लिन यहाँ आउनुहुन्थ्यो, साथै बन्द भएको तिब्बत र नेपालतिरका कठिनाइपूर्ण यात्राहरू सुरु गर्नुभन्दा अघि पनि यहाँ नै विश्राम लिनुहुन्थ्यो।

सन् १९०६ सालको गर्मी याममा साधुले कोटगढको नजिकै बस्ने श्रीमान् स्टोक्सलाई भेट्नुभयो। यो धनी अमेरिकी मानिस आफ्नो जीवनलाई परमेश्वरको सेवामा भारतीहरूलाई दिन भारतमा आउनुभएको थियो। साधुलाई भेट्दा उहाँको हृदय परमेश्वरप्रतिको जोसले भरियो, र साधु सुन्दर सिंह जसरी नै कठिनाइपूर्ण जीवन जिउन आफ्नो जीवन र त्यसका सबै थोकलाई अर्पण गर्ने निर्णय गर्नुभयो। धेरै प्रार्थना र सोचपछि, श्रीमान् स्टोक्सले यो कदम उठाउनुभयो, र अब दुवै साधुहरूले कङ्ग्रा उपत्यकातिर आफ्नो यात्रा सुरु गर्नुभयो।

उहाँहरूलाई भोजन र बास पाउनु अति कठिन थियो, र धेरै कष्ट भोग्नुभयो, तर उहाँहरूको परिश्रम असल थियो, र सङ्गत मिठो थियो। यो यात्राको बेलामा नै साधु सुन्दर सिंह अस्वस्थ हुनुभयो। दुवै साधुहरू झन्डै १०० माइल यात्रा गरिसक्नुभएको थियो; यात्रामा कतिपल्ट फोहोर पाटीहरूमा बस्न बाध्य भए, र थोरै कडा भोजनले जिउन पर्थ्यो, यसरी दुवैले दुःखलाई बाँडचुँड गरी यात्रा गरिरहेका थिए। सुन्दर बिरामी हुँदा यिनीहरू दुवै जना एउटा अस्वास्थ्यकर ठाउँ हुँदै यात्रा गरिरहेका थिए। सुन्दर ज्वरोले काम्न थाल्नुभएको थियो, र उहाँको शरीर धेरै दुख्न

थालेको थियो । आगोजस्तै ज्वरोले पोलिरहेको हुँदा उहाँले सक्दो प्रयास गरेर यात्रालाई अगाडि बढाउँदै हुनुहुन्थ्यो तर अन्तमा उहाँ हिँड्न सक्नुभएन। उहाँ बाटोमा बेहोस होलाजस्तै भएर लड्नुभयो। श्रीमान् स्टोक्सले उहाँलाई अलि सजिलो ठाउँमा लानुभयो र 'कस्तो हुनुहुन्छ ?' भनी सोध्नुभयो। हाँस्दै सानो स्वरले साधुले भन्नुभयो : 'मलाई धेरै खुशी लाग्छ। उहाँको लागि दुःख उठाउनु कति आनन्दको कुरा हो !' जस्तोसुकै परिस्थितिमा पनि सुन्दर गनगन गर्नुहुन्न थियो, र उहाँको जवाफ सुन्दा श्रीमान् स्टोक्स छक्क पर्नुभएन। साधुलाई चिन्नेहरूलाई थाहा हुन्छ कि उहाँको जीवनको मुख्य सिद्धान्त यही नै हो।

यो घटना घना जङ्गलको बीचमा घटेको थियो, र श्रीमान् स्टोक्सलाई धेरै गाह्रो भयो, तर उहाँले साधुलाई कुनै माइल टाढामा रहेको एउटा युरोपियनको घरमा लान सफल हुनुभयो। त्यहाँ सुन्दर उपचार पाएर स्वस्थ हुनुभयो। त्यो दयालु युरोपियन त्यति बेला धर्मप्रति कुनै वास्ता नगर्ने हुनुहुन्थ्यो, तर दिन प्रतिदिन उहाँले साधु सुन्दर सिंहको जीवनलाई देख्दा र उहाँका कुराहरू सुन्दा गहिरो रूपमा सोच्न थाल्नुभयो, र अन्तमा उद्धार पाउनुभयो। यसरी नै त्यो रोग पनि ख्रीष्टमा एउटा मानिसको उद्धार हुनको लागि माध्यम भएर आशिष्मय भयो।

श्रीमान् स्टोक्ससँग एउटा लालटिन थियो, जसलाई सुन्दरले रामपुर र अन्य ठाउँहरूमा रातको समयमा प्रचार गर्न प्रयोग गर्नुभयो। यसरी नै नथाकीकन दिनरात दुई जना साधुहरू एउटा ठाउँदेखि अर्को ठाउँ हुँदै सेवा गर्नुभयो। श्रीमान् स्टोक्सको कपालका रौँ खुइलिएकाले दिनको सूर्यको किरणलाई थाम्न नसक्ने भएको कारण दुवैले प्रायः यात्राहरू रातका समयहरूमा गर्नुहुन्थ्यो। यी समयहरूमा नै सुन्दरलाई सानो केटाको रूपमा मात्र हेरेको स्टोक्सले, ख्रीष्टको सन्देशले भरिएको सुन्दर जहाँ गए तापनि त्यहाँका मानिसहरूले उहाँको सन्देशलाई सुन्न मन गरेको देखेर सुन्दरको कामको प्रशंसा गर्नुभयो।

सन् १९०७ मा दुवै साधुहरू सुबाथूमा भएका कुष्ठ रोगीहरूको

आश्रममा सेवा गर्न जानुभयो, र त्यो वर्षको अन्ततिर महामारीले सताइरहेको लाहुरमा भएका बिरामीहरूको बीचमा सेवा गर्न जानुभयो। दुवै साधुहरूले विश्राम नलिईकन दिनरात सेवा गर्नुभयो, उहाँहरूले थोरै समयको लागि विश्राम लिए पनि ती बिरामीहरू र मरिरहेकाहरूको बीचमा नै थियो।

**तिब्बततिरको पहिलो यात्रा:**

पछिल्लो वर्षमा थोरै समयको लागि सुन्दरबाट बिदा लिएर श्रीमान् स्टोक्स अमेरिका जानुभयो, र सुन्दर फेरि एक्लो हुनुभयो। उहाँ लाहुरबाट सिन्धसम्म जानुभयो; त्यहाँबाट फर्केर राजपूताना हुँदै फेरि उत्तर भारतमा आउनुभयो; गर्मी याम सुरु हुन लाग्दा साधु सुन्दर सिंहले बन्द भएको तिब्बततिर आफ्नो पहिलो यात्रा सुरु गर्नुभयो। यी सबै ठाउँहरूमा उहाँले भेट्ने हरेक मानिसलाई ख्रीष्ट येशू संसारमा पापीलाई बचाउन आउनुभयो भन्ने सुसमाचारलाई प्रचार गर्न छोड्नुभएन।

तिब्बतबाट फर्किसकेपछि, आफ्नो उद्धारकर्ता जिएका ठाउँहरू र मारिएको ठाउँलाई हेर्न पाउँदा अझै प्रेरणा पाएर सेवा गर्न सकिन्छ भन्ने आशासहित प्यालेस्टाइन जाने इच्छा गर्नुभयो। तर उहाँ मुम्बई आइपुग्दा त्यो असम्भव देख्नुभयो, त्यसैले सन् १९०९ मा उहाँ भारतका मध्य प्रान्तहरूमा प्रचार गर्दै उत्तर भारतमा आइपुग्नुभयो।

सेवाको सुरुका समयहरूमा नै उहाँले प्रचार गर्दा सुन्न भेला हुने अन्य जातिको भिडलाई देखेर नै हामी थाहा पाउन सक्छौँ कि सुन्दरलाई सेवा गर्न परमेश्वरले सिकाइ रहनुभएको थियो। उहाँका साथीहरूले उहाँमा भएको यो असाधारण शक्तिलाई देख्थे; उहाँले सुसमाचार प्रचार गर्दा त्यसले मानिसहरूलाई खिँच्थ्यो र त्यो प्रचारले विश्वासतिर लान्थ्यो। यी कुराहरू यति बलियो रूपमा प्रकट भयो कि उहाँले गर्ने महान् सेवाको रूपलाई फराकिलो बनाएर इसाई समाजहरूको बीचमा पनि लान आवश्यक देखियो। यो महत्त्वपूर्ण कामको लागि केही तयारी गर्नुपर्ने

आवश्यकता पनि देखियो। सुन्दर पहिलो वर्ष ईश्वरशास्त्र पढ्ने विद्यार्थीहरूको परीक्षामा सहभागी भएर सफल हुनुभयो, र लाहुरमा भएको, 'सेन्ट जन डिभीनीटि' उच्च विद्यालयमा दोस्रो वर्षको कक्षामा भर्ना हुनुभयो। सन् १९०९ र १९१० सालहरू अध्ययनमा बिताउनुभयो र बिदाका समयहरूमा आफ्नो सुसमाचारीय सेवालाई निरन्तरता दिइरहनुभयो।

सन् १९१० जुलाई महिनामा सुन्दरले लाहुरमा भएको बाइबल उच्च विद्यालयको पढाइलाई आठ महिना पनि नबितेको अवस्थामा छोड्नुभयो।

सन् १९२२ मा उहाँ जेनेभामा हुँदा सोधिएको एउटा प्रश्नको उत्तर यसरी दिनुभयो: "मैले ईश्वरशास्त्र बाइबल उच्च विद्यालयमा पढेँ। मैले धेरै काम लाग्ने र चाखलाग्दो कुराहरू सिकेँ भन्ने कुरामा शङ्का छैन, तर ती सबै आत्मिक फाइदासँग जोडिएका थिएनन्। त्यहाँ सिद्धान्तहरूको बारेमा, ख्रीष्ट येशू र अन्य धेरै कुराहरूको बारेमा छलफल हुन्थ्यो, तर मैले थाहा पाएको वास्तविकताचाहिँ यी सबै थोकको स्रोत स्वामीको पाउहरू नै हुन्। मैले उहाँको पाउमा घण्टौँ प्रार्थनामा बिताउँदा प्रकाश पाएँ, र परमेश्वरले मेरो भाषाद्वारा पनि व्यक्त गर्न नसक्ने धेरै कुराहरू मलाई सिकाउनुभयो। स्वामीको पाउहरूमा, प्रार्थनामा बस्नुस्, त्यही नै संसारमा भएको सबैभन्दा महान् बाइबल उच्च विद्यालय हो। हामीलाई ईश्वर शास्त्रको बारेमा ज्ञान छ, तर उहाँ नै ईश्वर शास्त्रको स्रोत हुनुहुन्छ। हामीले वर्षौं बिताएर बुझेको सत्यलाई उहाँले केही क्षणमा नै सिकाउनुहुन्छ। मैले जे जति कुरा सिकेँ, ती सबै उहाँको पाउमा रहेर नै सिकेँ। मैले सिक्नु मात्र होइन, प्रार्थनामा उहाँको पाउमा जीवन पाएको छु।"

सुन्दरले अझै साधुको लुगा लगाइरहनुभएको थियो। साधुले ख्रीष्टियान जीवन बिताउनको लागि अपनाएको जुक्ति त्यति बेलाका समयहरूमा एकदमै नयाँ थियो, र कतिपय मानिसहरूले शङ्का पनि गरे। धेरैपल्ट यो कुराको आलोचनाले उहाँलाई गाह्रो बनाए तापनि सुन्दरले आफ्नो

सुरुको निर्णयलाई कहिल्यै पनि बदल्नुभएन।

सुन्दर उच्च विद्यालयमा हुँदा श्रीमान् स्टोक्स फर्केर आउनुभयो। उहाँ बेलायतमा हुँदा एउटा दाजुभाइहरूको समूह गठन गर्ने विचार उत्पन्न भयो, जसको काम प्रचारद्वारा मात्र नभएर जुनसुकै तरिकाले भए पनि परमेश्वरको महिमाको लागि र मानव जातिको हितको लागि सेवा गर्नु थियो। यो कुरालाई लिएर श्रीमान् स्टोक्सले क्यान्टरभरीको बिशपलाई भेट्नुभयो, र उहाँले पनि यो कुरालाई असल देख्नुभयो। श्रीमान् स्टोक्स भारतमा फर्किसकेपछि पाँच जना सदस्य भएको समूहको गठन भयो, जसमा साधु मात्र भारतीय हुनुहुन्थ्यो। यो दाजुभाइहरूको समूह लाहुरमा भएको एउटा मण्डलीमा समर्पणको सेवाद्वारा सुरुवात भयो।

उच्च विद्यालयबाट निस्कँदा डायोसिसन मिसन काउन्सिलले (Diocesan Mission Council) उहाँलाई डिकन पदको लागि सिफारिस गऱ्यो, र उहाँले मण्डलीहरूमा प्रचार गर्नको लागि अनुमति पत्र प्राप्त गर्नुभयो। उच्च विद्यालय छोड्ने बित्तिकै उहाँको हृदय तिब्बततिर फर्क्यो, र गर्मी यामका ६ महिनालाई तिब्बतको यात्रामा प्रयोग गर्नुभयो। त्यहाँबाट फर्केर कोटगढमा आउनुभयो, र चर्च मिसनरी सोसाइटीसँग मिलेर केही समय सेवा गर्नुभयो।

बेलायतको महान् प्रचारक जोन वेस्लीले (John Wesley) जसरी नै साधु सुन्दर सिंहले पनि सिङ्गो संसारलाई एउटै मण्डलीको रूपमा देख्नुभयो, र उहाँको सन्देशलाई ध्यान दिने सबै ठाउँहरूमा प्रचार गर्नुभयो। चाँडै नै डायोसिसले उहाँको कामप्रति असन्तुष्टि जनायो। एउटा संस्थामा डिकन भइसकेपछि यसरी सेवा गर्नु असल भएन र एउटा पादरी भएर यसरी काम गर्नु असम्भव छ भनी उहाँलाई अवगत गरायो। यो कुरालाई स्वीकार गरेन भने के परिणाम हुन्छ भनी शुद्ध र नम्र आत्मा भएको सुन्दरले सोचिरहनुभएन र डगमगाउनु पनि भएन। एकै ठाउँमा रहन मौका दिने पादरी सेवा र त्यसले ल्याउने सुविधाहरूले साधु सुन्दर सिंहलाई कुनै पनि तरिकाले परीक्षामा पारेन। यो मुख्य प्रश्नको निर्णय

उहाँले आफ्नो शान्त आत्मामा घुँडा टेकेर गर्नुभयो, र आफूलाई सधैँको लागि सबै सम्प्रदायको बन्धनबाट स्वतन्त्र राख्ने कदम उठाउनुभयो। उहाँले आफ्नो अनुमति पत्र बिशपलाई फर्काउनुभयो, परमेश्वरले उहाँलाई जहाँ–जहाँ पठाउनुहुन्छ त्यहाँ–त्यहाँ प्रचार गर्न आफू बोलावट पाएको हो भनी उहाँलाई बुझाउनुभयो। बिशप लेफ्राइले (Lefroy) खुला हृदयको साथ उहाँको कारणलाई बुझेर अनुमति पत्रलाई स्वीकार गर्नुभयो।

उहाँको सेवाको त्यो ठूलो समस्यालाई उहाँले सुरक्षित पार गर्नुभयो। त्यो दिनदेखि साधु सुन्दर सिंह सबै प्रकारका विश्वासीहरूको सम्पत्ति हुनुभयो, र भारतमा भएका अन्य जातिहरूको बीचमा गर्नुपर्ने महान् कामको लागि आफूलाई स्वतन्त्र तुल्याउनुभयो।

# अध्याय - ६
# सेवामा कठिनाइहरू

सन् १९११ र १९१२ सालहरूमा उहाँले गढवाल, नेपाल, कुलु, पन्जाब र अन्य विभिन्न ठाउँहरूमा यात्रा गर्नुभयो, र हरेक वर्षको गर्मी यामका ६ महिना उहाँ एक्लै तिब्बत जानुभयो। तल दिएको घटनाले साधुको जीवन र उहाँको कामको बारेमा बुझ्न हामीलाई सहायता गर्छ।

साधु सुन्दर सिंह एउटा गाउँतिर यात्रा गर्दै हुनुहुन्थ्यो र आफ्नो अगाडि दुई जना मानिसहरूलाई देख्नुभयो त्यसमा एक जना अचानक हरायो। अझै अलिकति अगाडि जाँदा ती दुई जनामा एक जना उहाँको नजिक आएर भुईंमा एउटा लुगाले छोपेको मानिसलाई देखाएर त्यो आफ्नो साथी जो बाटोमै मऱ्यो र त्यसलाई गाड्न आफूसँग पैसा छैन भनी बताए। साधु सुन्दरसँग एउटा पछ्यौरा र बाटोमा कर तिर्नको लागि दुई पैसा मात्र थियो, उहाँले त्यसलाई पनि त्यो मानिसको हातमा दिएर अगाडि बढ्नुभयो। उहाँ अलिकति मात्र अगाडि बढ्नुभएको थियो, त्यो मानिस उहाँको पछाडि दौडेर आए र रुँदै आफ्नो साथी साँच्ची नै मऱ्यो भनी बताए। दुई जना मिलेर यसरी बाटोमा मरेको जस्तै नाटक गरेर यात्रुहरूबाट पैसा लिने तिनीहरूको चलन भन्ने कुरालाई ऊ आफैले नबताउन्जेल साधु सुन्दर सिंहले बुझ्नुभएको थिएन। यिनीहरूले धेरै वर्ष अगाडिदेखि नै यो काम गर्दै आएका थिए, र त्यो दिन आफ्नो साथीलाई उठाउँदा उसबाट जवाफ आएन र उसले लुगालाई हटाउँदा आफ्नो साथी साँच्ची नै मरेको देखेर त्रसित भयो। एउटा महान् साधुलाई ऊसँग भएको सबै थोकलाई लुटेको कारण परमेश्वरको क्रोध आफूहरूमाथि परेको भनी निश्चित गरेर साधु सुन्दर सिंहसँग क्षमा माग्यो। सुन्दरले आफ्नो परमेश्वरको बारेमा उसलाई बताउनुभयो र पश्चातापी हृदयसहित उसले सन्देशलाई ग्रहण गऱ्यो। साधुले उसलाई गढवालमा भएको मिसन

कार्यस्थलमा पठाउनुभयो र उसले समयमा नै त्यहाँ बप्तिस्मा पायो।

उहाँ एउटा पहाडमा यात्रा गर्ने क्रममा एक दोबाटोमा आइपुग्नुभयो, ठिक बाटो कुन हो भनी पत्ता लगाउन नसक्दा गलत बाटो रोज्नुभयो। उहाँ एउटा गाउँमा आइपुग्दा आफू जानुपर्ने बाटो छोडेर ११ माइल गलत बाटोमा यात्रा गरेको थाहा पाउनुभयो। फर्केर उहाँ यात्रा गर्दा बाटोमा उहाँले एक जनालाई भेट्नुभयो र उसलाई ख्रीष्ट येशूको बारेमा बताउन थाल्नुभयो। त्यो मानिसले आफ्नो लुगा भित्रबाट नयाँ करारको पुस्तक निकालेर देखायो र साधु हिन्दु सन्न्यासी हुनुपर्छ भनी सोचेर त्यो कुरालाई आफूले लुकाएको बतायो। त्यो मानिसको मनमा ख्रीष्टिय विश्वासप्रति धेरै प्रश्नहरू थियो, जसको उत्तर त्यसले पाएको थिएन, तर साधु सुन्दर सिंहले त्यो मानिसलाई सबै कुरा बुझाउन थाल्दा उसले ख्रीष्टलाई पायो। यो घटनाको बारेमा सुन्दरले यो किताब लेखकलाई यसो भन्नुभयो : ‘एउटा चिन्तित आत्मालाई सहायता गर्नको लागि ख्रीष्टले मलाई पठाउनुभएको रहेछ, त्यही भएर मैले बाटो बिराएको रहेछु।’

सुन्दर मारकंडामा आइपुग्दा केही मानिसहरू खेतमा कटनी गरिरहेको देख्नुभयो। साधु त्यहाँ गएर ख्रीष्ट येशू र अनन्त जीवनको बारेमा बताउन थाल्नुभयो। सुरुमा तिनीहरूले सजिलोसँग सुन्न थाले, र पछि कठोर विरोध गर्न थाले। उनीहरूलाई नयाँ धर्मको बारेमा सुन्ने इच्छा नै थिएन। कसै–कसैले उहाँलाई सराप्न थाले र धम्की दिन थाले। एक जनाले एउटा ढुङ्गो टिपेर साधुको टाउकोमा हान्यो। एक छिनपछि त्यो मानिस, जसले ढुङ्गोले हानेको थियो, उसको टाउको सारै दुख्न थाल्यो र उसले काम छोड्न बाध्य भयो। साधुले उसको हँसिया बोक्नुभयो र अरूसँग मिलेर कटनी गर्न थाल्नुभयो। यो कुराले तिनीहरूको हृदयलाई नरम तुल्यायो, र दिनको अन्तमा तिनीहरूले उहाँलाई घरमा आउन निम्तो दिए। बेलुकीको शान्त वातावरणमा तिनीहरूलाई ख्रीष्टको सन्देश सुनाउने मौका सुन्दरले पाउनुभयो। तिनीहरू विश्रामको समयपछि कटनीको हिसाब गर्न थाल्दा तिनीहरू छक्क पर्ने गरी गएको सालभन्दा यो वर्षको कटनी अति धेरै थियो। तिनीहरू डराए र आफूहरूको बीचमा एउटा पवित्र मानिस

आएको रहेछ र यो अति धेरै कटनी त्यसको प्रमाण हो भनी विश्वास गरे। त्यसपछि तिनीहरूले साधुको सन्देशलाई अझै असल तरिकाले सुन्नको लागि धेरै प्रयास गरेर खोजे तर उहाँलाई तिनीहरूले भेट्टाएनन्।

तिनीहरूको बीचमा भएको एक जना मानिसले यो घटनालाई, 'द नुर अफ्सन,' भन्ने उत्तर–भारतको पत्रिकामा प्रकाशित गरे, र तिनीहरूले साधुको सन्देशलाई विश्वास गर्नको लागि साधुलाई आफ्नो गाउँमा फर्केर आउन त्यस मार्फत बिन्ती गरे।

अफगानिस्तानमा भएको पुरानो सहर जलालावादमा साधु कठोर र कपटी मानिसहरूको बीचमा पर्नुभयो, जसले उहाँ इसाई हो भनी थाहा पाएपछि मार्ने योजना बनाए। उहाँ विश्राम गर्न बसिरहँदा, त्यो खबर अरूभन्दा अलिकति राम्रो स्वभाव भएको एक जना मानिसद्वारा उहाँकहाँ आइपुग्यो, तर उसले कुनै प्रमाणहरू देखाउन नसक्दा, उहाँलाई त्यो कुरा विश्वास गर्न गाह्रो भयो। तरै पनि साधुले त्यो चेतावनीलाई मानिलिने निर्णय गर्नुभयो र अलि सुरक्षित ठाउँ खोज्नुभयो। राति पानी परिरहेको थियो, सहन नसक्ने गरी जाडो बढिरहेको थियो। साधु सुन्दर सिंह पूरै भिजिसक्नुभएको थियो। त्यो लामखुट्टे र किराहरूले भरेको पाटी अझै पनि त्यहाँ थियो र उहाँ त्यहाँ नै जानुभयो। त्यो पाटीचाहिँ एउटा कटेरोजस्तै थियो, र साधु सुन्दर सिंहले ओढ्ने र ओछ्याउनेबिना मुस्किलले त्यो रात बिताउनुभयो। भोलिपल्ट बिहान उहाँले आगो बालेर लुगा सुकाइरहेको बेला कुनै अफगानीहरू त्यहाँ आए। साधुले आश्चर्य मान्ने गरी त्यो समूहमा अगाडि आउने मानिस सिधै उहाँकहाँ आएर उहाँको पाउमा पऱ्यो। अफगानीहरूले सोचेको जसरी उहाँ जाडोमा कक्रेर मर्नुभएन साथै कुनै क्षति पनि नभएको देखेर उहाँलाई मार्ने तिनीहरूको विचार बदलिएको कुरा बताए। साधुचाहिँ अल्लाहले सहायता गरेको व्यक्ति भनी तिनीहरूले विश्वास गर्न पुगे र आफ्नो घरमा आएर पाहुना सत्कार ग्रहण गरी दिनुहुन बिन्ती गरे। साधुले तिनीहरूसँग खुशीको साथ एक हप्ता बिताउनुभयो, र तिनीहरूले उहाँको सन्देशलाई ध्यानपूर्वक सुने।

साधु सुन्दर सिंहले आफ्नो मालिकको निम्ति भोग्नुभएको दुःख कति ठूलो थियो भन्ने कुरा उहाँलाई बाहेक अरू कसैलाई थाहा छैन। कतिपल्ट खानेकुरा नपाएर जङ्गलमा पाउने फलफूल खाएर जिउन परेको र गाउँबाट खेदिएर जङ्गलका गुफाहरू र रूखमुनि सुतेका कुराहरूलाई साधु सुन्दर सिंह स्वीकार गर्नुहुन्छ। साधुले कतिपल्ट सर्प र वनका जीवजन्तुहरूको बीचमा रात बिताउनुभएको थियो।

थोरिया जिल्लाको एउटा गाउँका मानिसहरूले उहाँसँग यति नराम्रो व्यवहार गरे कि उहाँहरूको बीचमा सेवा गरुन्जेल साधुले हरेक रात जङ्गलमा नै बिताउनुपर्थ्यो। एक दिन निराश तुल्याउने कठोर परिश्रमपछि उहाँ सुत्नको लागि एउटा गुफामा जानुभयो र आफ्नो पछ्यौरा ओछ्याएर सुत्नुभयो। भोलिपल्ट बिहान गुफाभित्र उज्यालो हुँदा उहाँ त्रसित हुने गरी एउटा ठूलो चितुवा आफ्नो नजिक सुतिरहेको दृश्य देख्नुभयो, डरले उहाँको हातखुट्टा नै चलेन। तर गुफाबाट बाहिर निस्किसकेपछि आफू सुतिरहेको समयमा परमेश्वरले आफूलाई दिएको सुरक्षाको लागि धन्यवाद दिनुभयो। यी कुराहरूको बारेमा उहाँका आफ्नै शब्दहरू यस्तो छन्: ‘आजको दिनसम्म कुनै पनि जङ्गली जनावरले मलाई कुनै हानि गरेको छैन।’

अर्को एउटा घटनामा एउटा गाउँबाट उहाँलाई निकालेपछि अध्ययन गर्न चट्टानमा भएको एउटा गुफामा जानुभयो। उहाँ गहिरो रूपमा सोचिरहेको बेला अचानक एउटा कालो चितुवा नियालेर आफूलाई हेरिरहेको देख्नुभयो। साधु सुन्दर सिंह डरले भरिनुभयो तर पनि आफ्नो भरोसा परमेश्वरमाथि राखेर अगाडि केही पनि नभएजस्तै गरी बिस्तारै उठेर हिँड्नुभयो र गाउँमा सुरक्षितसाथ पुग्नुभयो। यसरी गाउँका धेरै मानिसहरूलाई मारेको त्यो कालो चितुवाबाट बच्नुभयो भन्ने कुरा थाहा पाउँदा गाउँका मानिसहरूले उहाँलाई एउटा पवित्र मानिस भनी विश्वास गरे। तिनीहरूले कुनै समय अघि तिरस्कार गरेको सन्देशलाई ग्रहण गर्न अहिले उहाँको वरिपरि भेला भए; सुन्दरले परमेश्वरलाई धन्यवाद दिनुभयो र अझै बलियो हुनुभयो।

एक दिन बिहान ऋषिकेशको गङ्गामा नुहाउने बेला भएका धार्मिक साधुहरूको बीचमा साधु सुन्दर सिंहले नयाँ करारको पुस्तक बोकेर प्रचार गर्दै हुनुहुन्थ्यो। कसै–कसैले अलिअलि चासो दिएजस्तै गरी सुनिरहेका थिए, तर अरूहरूले उहाँ र उहाँको सन्देशलाई  खिसी गरिरहेका थिए। अचानक एक जना मानिसले हातभरि बालुवा लिएर साधुका आँखामा छरिदिए। यो देखेर एउटा राम्रो व्यवहार भएको मानिसलाई रिस उठ्यो र उसले त्यो काम गर्ने मानिसलाई समातेर प्रहरीकहाँ बुझाए। यी सबै भइरहेको हुँदा साधु आफ्ना आँखामा भएको बालुवा नदीमा धुँदै हुनुहुन्थ्यो। उहाँ फर्केर आइसकेपछि त्यो मानिसलाई छोडिदिन बिन्ती गर्नुभयो, र आफ्नो प्रचारलाई अगाडि बढाउनुभयो। आफूले बेइज्जत गर्दा पनि साधुले गरेको व्यवहार देखेर त्यो मानिस विद्यानन्द उहाँको पाउमा परेर क्षमा मागे, र साधुले बोलिरहेका कुराहरूलाई अझै बुझ्न इच्छा व्यक्त गरे। त्यो व्यक्ति सत्यलाई खोज्ने व्यक्ति बन्यो, र पछिका समयहरूमा साधुको यात्रामा उहाँसँग–सँगै रहेर उद्धार दिने प्रेमको बारेमा नम्रतासहित सिक्दै गयो।

उहाँको सुरुका यात्राहरूमा सुन्दर धेरैवटा गाउँहरू घुम्नुभएको थियो, त्यसमा एउटा गाउँको नाउँ धोलिवाला थियो। उहाँ त्यहाँ आइपुगेको दिन कठोर परिश्रमको दिन थियो र धेरै हिँड्न परेको थियो। साधु एकदमै थकित भएर भोजन र विश्रामको आवश्यक भइरहेको बेला त्यो गाउँमा आइपुग्नुभयो। उहाँ गाउँको गल्लीहरूमा हिँड्दा रात काट्नलाई धेरैलाई धेरैपल्ट वास माग्नुभयो, तर उहाँ इसाई हुनुहुन्छ भन्ने कुरा थाहा पाएर कसैले वास दिएनन्। ठूलो पानी परिरहेको थियो र मौसम अति नै जाडो पनि थियो। मृत्युमा पुग्ने गरी थकित हुनुभएको सुन्दर, ढोका र झ्यालहरू नभएको दुईवटा कोठा भएको एउटा भत्केको छाप्रोमा रात काट्न बस्नुभयो। पानीबाट जोगिन पाएकोमा परमेश्वरलाई धन्यवाद दिएर एउटा सुख्खा ठाउँमा आफ्नो पछ्यौरा ओछ्याएर भोकै सुत्नुभयो।

उहाँ चाँडै निदाउनुभयो र बिहानको झिसमिसे उज्यालो नआउन्जेल उठ्नुभएन । त्यो रिमरिमे उज्यालोमा एउटा कालो चिज बेरिएको

अवस्थामा आफ्नो नजिकै पछ्यौरामा भएको देख्नुभयो; नियालेर हेर्दा त्यो त कालो गोमन सर्प पो रहेछ भन्ने कुरा थाहा पाउनुभयो। हतार–हतार सर्पलाई सुत्न छोडी राखेर छाप्रोबाट भाग्नुभयो तर फेरि त्यहाँ फर्किआएर आफ्नो पछ्यौराको एक कुना समातेर तान्नुभयो, त्यो सर्प बिस्तारै कोठाको अर्को कुनातिर गयो। सुन्दरले रातभरि परमेश्वरले आफूलाई सुरक्षा दिएर अझै सेवा गर्न बचाउनुभएकोमा धन्यवाद दिनुभयो, र पछ्यौरा बोकेर हिँड्नुभयो।

एक शिक्षित आर्य समाजको मानिसले आफू एउटा पहाडबाट ओर्लिरहेको समयमा उकालोतिर गइरहेको जवान साधुलाई भेटेको घटनालाई यसरी बताएको थियो। साधुलाई देखेर उहाँसँग बोल्ने जिज्ञासा सुरुमा भए तापनि केही समयसम्म के हुन्छ भनी हेर्ने निर्णय उसले गर्‍यो। साधु गाउँमा पुगेर एउटा मुढोमा बस्नुभयो र आफ्नो मुहारबाट पसिनालाई पुछेर एउटा इसाई गीत गाउन थाल्नुभयो। चाँडै नै एउटा भिड उहाँको वरिपरि जम्मा भयो। तर उहाँको प्रचारको केन्द्र ख्रीष्टको प्रेम रहेछ भन्ने कुरा थाहा पाउँदा तिनीहरू रिसाए। एक जना मानिसले आवेशमा आएर उहाँलाई लड्ने गरी जोडले हान्यो, साधु भुइँमा लड्नुभयो र उहाँका गाला र हातहरूमा नराम्रो चोट पर्‍यो। एक शब्द पनि नबोलेर साधु उठ्नुभयो र रगत बगिरहेको आफ्नो हातलाई लुगाले बेर्नुभयो। आफ्नो मुहारबाट रगत बगिरहेको हुँदा उहाँले तिनीहरूको लागि प्रार्थना गर्नुभयो र क्षमा दिने ख्रीष्टको प्रेमको बारेमा प्रचार गर्नुभयो। त्यो आर्य समाजको मानिसले यो घटनाको बारेमा लेख्दा, साधुको यो व्यवहारले आफूलाई घृणाको इनारबाट निकालेर जीवनको मूलकहाँ पुर्‍यायो भनी लेख्नुभएको छ। पछिको समयमा साधुलाई भुइँमा लडाउने त्यो मानिस कृपारामले घाइते भएको त्यही हातबाट बप्तिस्मा पाउनको लागि साधुलाई धेरै खोजे, तर उहाँलाई भेट्न नसकेपछि उनले बप्तिस्मा लिएर साझा रूपमा ख्रीष्टमाथि भएको विश्वासको घोषणा गरे।

# अध्याय - ७
# तिब्बतमा

चुम्बी उपत्यका दार्जिलिङको उत्तर भागमा पर्ने वर्णन गर्न नसक्ने सुन्दरता र आकर्षण भएको एउटा उपत्यका हो, साथै एसियामा भएको कठोर देश तिब्बतमा छिर्ने बाटो पनि हो।

तिब्बत सधैँ बन्द भएको देशको रूपमा थिएन। १८ औँ शताब्दीको अन्तसम्म ल्हासा पुग्ने बाटोमा भौगोलिक अवस्था र प्राकृतिक कुराहरू नै बाधाको रूपमा थियो। जेसुइट मिसनरीहरू र कपुचिन मिसनरीहरू ल्हासामा पुगेर लामो समय बसेका थिए, र तिब्बतीय सरकारले उनीहरूलाई काम गर्ने उत्साह पनि दियो। सन् १३२५ मा नै तिब्बतमा विदेशीहरूको आवतजावत थियो भन्ने कुरा हामी थाहा पाउन सक्छौँ, तर ल्हासामा आएको पहिलो युरोपियन सन् १६६१ मा त्यहाँ आएका थिए।

दुई शताब्दीभन्दा अघि एउटा युरोपियनले एसियाका विकट ठाउँहरूमा अहिले पाउने सुरक्षाभन्दा बढी सुरक्षासहित यात्रा गर्न पाउँथ्यो, किनभने अहिलेको समयमा एउटा विदेशी  मानिसको प्रवेशले डर उत्पन्न गराउँछ भने पहिले उत्सुकतालाई मात्र उत्पन्न गराउँथ्यो। १८ औँ शताब्दीको अन्तमा नेपालीहरूले तिब्बतलाई कब्जा गरे, र तिब्बतले चीनको सहायता माग्यो, चीनले झन्डै गोर्खालीहरूलाई नाश पार्‍यो, त्यति नै बेलादेखि व्यवहारिक दृष्टिकोणले हेर्दा चीनले नै ल्हासामा शासन गर्‍यो। तिब्बतलाई बाह्य संसारबाट छुटाउने नीति यही नै बेलादेखि सुरु भएको हो। चीनको शक्ति कमजोर हुँदै जाने क्रममा, 'रुस तिब्बत मिसन,' भन्ने एउटा धार्मिक मिसनको सुरुवात भयो। धेरै लामाहरूले रुसमा शिक्षा पाए, त्यस मध्येमा मुख्य व्यक्ति दोर्जिफ हुनुहुन्थ्यो, जसले सन् १९०१ मा रुस तिब्बत मिसनको प्रमुख व्यक्ति भएर काम गर्नुहुन्थ्यो। दोर्जिफ र

अरूहरूले दलाई लामाको अधीनतामा रुसको सेनाको सहयोगमा एउटा बलियो बुद्ध धर्मको स्थापना गर्न प्रयास गरिरहेका थिए। उनीहरूले यो कुराको सम्भावना देख्नुपछाडि रुसलाई बुद्ध धर्म मान्ने देश हो भनी अनभिज्ञ लामाहरूले गरेको विश्वास थियो।

तिब्बत एउटा बुझ्न नसकिने सभ्यता भएको प्राचीन देश हो; प्रार्थनाका झन्डाहरू फरफराएको र मानिसहरूले दिनको आधा समय प्रार्थनाको चक्र घुमाउनुमा बिताउने भूमि हो। मन्त्र तन्त्र गर्नु र निको हुनलाई आगोले पोल्नु भन्ने कुरा त्यस समाजमा आजको दिनसम्म पनि सामान्य कुराको रूपमा छ। यो देशलाई एक बनाउनुचाहिँ बुद्ध धर्म हो, हरेक परिवारबाट एक जनालाई लामा पढाउन पठाउनु यिनीहरूको संस्कृति हो। सयौँ वर्ष अगाडि नै लामाहरूले तिब्बत एक दिन कब्जामा पर्नेछ र बुद्ध धर्मको अन्त हुन्छ भन्ने कुरालाई भविष्यवाणी गरेका थिए। यो अन्धो डरले यिनीहरूका सबै घरका ढोकाहरूलाई सुसमाचारको लागि बन्द गरिराखेको छ र अन्य धर्मको सन्देश ल्याउने मानिसलाई मृत्युसम्म पनि सताउने गर्दछ।

उत्तर भारतमा जन्मेर हुर्केको सुन्दरलाई हिमशृङ्खलाका पहाडहरू परिचय नै थियो र ख्रीष्टको केही पनि दर्शन नपाएको अन्धकार ठाउँतिर सुन्दरको हृदय फर्क्यो। ख्रीष्टलेजस्तै सोच्ने साधुले सबैभन्दा कठोर र खतरनाक भूगोललाई, जहाँ ख्रीष्टको नाउँ प्रचार गरिएको छैन, आफ्नो कार्य क्षेत्रको रूपमा छान्नु आश्चर्यको कुरा होइन। सुसमाचार प्रचारको लागि उहाँको जीवनको यात्रा सुरु भइसकेपछि निषेध गरेको तिब्बततिर जान मन लगाउनु स्वाभाविक कुरा नै थियो। विशाल भू–भाग भएको भारतले एक शताब्दीभन्दा बढी समयसम्म धेरै मिसनरीहरूलाई पायो, र धेरै भारतीय छोरा–छोरीहरूले ख्रीष्टको बोलावटलाई स्वीकार गरे, र त्यस मध्येमा धेरै जना आफ्नो देशको जनताको लागि शान्तिको सन्देशको दूत बने। साधु आफैले यसरी भन्नुभएको थियो, 'भारतमा सत्यलाई घोषणा गर्नको लागि धेरै जना छन्,' तर उहाँले तिब्बत र त्यसको छिमेकी देश नेपालतिर फर्केर हेर्दा ख्रीष्टको सन्देशलाई सुन्ने कुनै मौका नपाएका

मानिसहरूप्रति उहाँको मन बढी दयालु भयो।

विदेशी मिसनरीहरूलाई त्यो देशमा जान निषेध थियो, र भारतीयलाई निषेध नभए तापनि कठिन थियो, किनभने उसले कठोर मौसमलाई सामना गर्ने साथै सभ्यता नभएको एकोहोरो मानिसहरूबाट आउने कट्टर विरोधको पनि सामना गर्नु परेको हुन्छ। तर आफ्नो मालिकको निम्ति सतावट भोग्नु साधु सुन्दर सिंहको लागि आफू जीवित रहेको चिन्ह थियो, र आफूले सामना गर्नुपर्ने कुराहरूदेखि नडराईकन सहनशीलता नभएको अन्धकारले भरेको देशतिर पहिलो यात्रा सुरु गर्नुभयो।

दुर्भाग्यवश साधुले आफ्ना यात्राहरूका विवरणहरूलाई क्रमसाथ लेखिराख्नुभएको छैन। उहाँले आफ्नो यात्रामा बटुल्नुभएको अनुभव, दुःख र सफलताको बारेमा जे बताउनुभयो त्यही कुराहरू मात्र हामी यहाँ बताउन सक्छौँ।

सन् १९०८ मा १९ वर्षमा पुगेको हुँदा त्यहाँको भाषाको बारेमा अनभिज्ञ हुँदा नै उहाँले तिब्बततिरको पहिलो यात्रा एक्लै सुरु गर्नुभएको थियो।

सन् १९१२ मा फेरि साधुले तिब्बततिरको यात्रा सुरु गर्नुभयो। मार्च महिनाको ९ तारिखमा पू भन्ने तिब्बतीय गाउँमा पुग्नुभयो। त्यहाँ काम गर्ने दुई जना मोरावी मिसनरीहरूको सहायता पाउँदा उहाँ धेरै खुशी हुनुभयो। उहाँले ती असल मिसनरीहरूसँग एक हप्ता बिताउनुभयो, र त्यहाँबाट यात्रा गर्दा उहाँहरूले आफूसँग काम गर्ने एक जना व्यक्तिलाई भाषा र यात्रामा सुन्दरलाई सहायता गर्न कुनै ठाउँसम्म पठाउनुभयो। तिब्बतीहरू आफ्नो धर्म बाहेक अन्य धर्मलाई गर्ने विरोधको बारेमा बाहेक सुन्दर सिंह त्यो ठाउँ र मानिसहरूको बारेमा अनभिज्ञ नै हुनुहुन्थ्यो, तर उहाँ लामो समय अनभिज्ञ रहनुभएन।

आफ्नो शिक्षा सुनेर मानिसहरू रिसाइरहेका छन् भन्ने कुरा चाँडै नै

थाहा पाउनुभयो, र उहाँ जहाँ–जहाँ जानुभयो, ती सबै ठाउँहरूमा विशेष गरी लामाहरूबाट कट्टर विरोध र घृणालाई सामना गर्नुपर्ने थियो। यी लामाहरू खतरापूर्ण थिए र कतिपय अवस्थाहरूमा सुन्न आएका मानिसहरूको अगाडि उभिएर धम्की दिने स्वभाव प्रकट गर्थे। यी सबै कुरालाई सामना गर्दै उहाँ सुरक्षित तसिगङ भन्ने एउटा मुख्य सहरमा पुग्नुभयो र त्यहाँका मुख्य लामाले उहाँलाई असल तरिकाले स्वागत गरेको देख्दा छक्क पर्नुभयो। यो व्यक्ति धेरै मुख्य व्यक्ति थियो र यो व्यक्तिको अधीनमा सयौं  लामाहरू थिए।

त्यो मुख्य लामाले साधुलाई असल तरिकाले स्वीकार गरेको मात्र नभएर खान र बस्नको लागि व्यवस्था पनि गरिदिए; मौसम अत्यन्त जाडो हुँदा यो स्वागत सुन्दरको लागि महत्त्वपूर्ण थियो। साथै यो लामाले आफ्ना चेलाहरू सबैलाई साधुको सन्देश सुन्न भेला गरे र सुन्दरले धन्यवादसहित सुसमाचार प्रचार गर्नुभयो।

यो ठाउँबाट यात्रा सुरु गर्दा तसिगङको लामाको साथी भएको अर्को एक जना लामाको शासनमा भएको सहरमा आइपुग्नु सुन्दरको लागि आशिष्को कुरा थियो। यहाँ पनि उहाँलाई असल तरिकाले स्वागत भयो र उहाँको सन्देश सबैको बीचमा पुग्यो। उहाँ त्यहाँबाट अन्य धेरैवटा सहर र गाउँहरूमा पुग्नुभयो, तर ती सबै ठाउँहरूमा सुरुको समयभन्दा अझ बढी विरोधको सामना गर्नुपर्थ्यो। कुनै दुर्घटना हुनुभन्दा अघि देशबाट निस्किजानू भनी उहाँलाई त्यहाँको मानिसहरूले सधैँ धम्की र चेतावनी दिए। यी शब्दहरूले उहाँ त्रसित हुनुभएन तर अझै आफ्नो सेवालाई विभिन्न कठिनाइहरूको बीचमा अगाडि बढाउनुभयो।

यसरी नै साधु सुन्दर सिंहले असहनशील र अन्धभक्त देशलाई ख्रीष्टमा जित्न लड्नुभयो, र यसरी लडन्त लड्दा उहाँले धेरै सङ्कष्टलाई पार गर्नुभयो, तर ख्रीष्टमा एक जनालाई मात्र जित्न सकिन्छ भनेता उहाँको लागि सतावट र अपमान केही पनि थिएन। श्रीलङ्काको कुनै साथीहरूले बताउनुभयो, ‘निरन्तर रहने तिब्बतका हिउँहरूमा खाली

खुट्टाले हिँड्ने अडान नै ख्रीष्टमा मानिसलाई जित्न उहाँमा भएको अझै सङ्कल्पको चिन्ह हो।'

यो कट्टर देशमा ख्रीष्टलाई चिनाउने गहिरो सङ्कल्पसहित सुन्दरले आफ्नो सेवालाई निरन्तरता दिनुभयो, र चाँडो अथवा ढिलो कट्टर सतावटले आफूलाई पर्खिरहेछ भन्ने कुरा उहाँलाई थाहा पनि थियो। रासार भन्ने एउटा सहरमा अनुमतिबिना त्यस भू–भागभित्र प्रवेश गरेको र ख्रीष्टको सुसमाचार प्रचार गरेकोमा उहाँलाई कैद गरेर मुख्य लामाको अगाडि उभ्याइयो। लामाले दोषी ठहराउनुभयो र खराब विचार बोकेको भिडको बीचमा प्राण दण्ड दिनको लागि उहाँलाई लगियो। तिब्बतमा दुई प्रकारका प्राण दण्डहरू थिए, एउटा याकको छालामा राखेर सिलाएर वेदनालाई मृत्युले अन्त गरुन्जेल घाममा सुकाएर राखिदिनु र अर्कोचाहिँ एउटा सुकेको गहिरो इनारमा हालेर इनारको मुखलाई बन्द गरिदिनु। साधुको लागि दोस्रो माध्यम छानियो।

त्यस ठाउँमा आइसकेपछि उहाँको वस्त्र फुकालियो र उहाँलाई अत्यासलाग्दो गहिरो अन्धकारमा फालियो, जसले गर्दा उहाँको दाहिने हातमा ठूलो चोट पर्‍यो। उहाँभन्दा अघि धेरै जना त्यो इनारभित्र गएका थिए र फर्केर आएनन्, त्यसैले सुन्दर कुहिरहेका मानिसहरूका शरीर र हड्डीहरूमाथि पर्नुभयो। त्यो अवस्थामा बाँच्नुभन्दा मर्नु नै उत्तम थियो। उहाँले जहाँ–जहाँ हात टेक्नुभयो सबै ठाउँमा कुहेको मासुहरू थियो र दुर्गन्धले उहाँलाई झन्डै मार्‍यो। आफ्नो उद्धारकर्ताको त्यही शब्दहरूले चिच्याउनुभयो, 'मलाई किन त्याग्नुभयो ?' दिन रात एकैनासको अँध्यारो थियो र निद्राले कुनै आराम ल्याएन। भोजन र पानी पनि नभएको अवस्थामा घण्टाहरू दिनझैँ हुन थाले, र सुन्दरले अब धेरै समय बाँच्न सकिँदैन भन्ने अनुभव गर्नुभयो। तेस्रो दिनको रात उहाँले परमेश्वरलाई प्रार्थनामा पुकारिरहेको हुँदा एउटा चर्को आवाज माथितिरबाट सुन्नुभयो। कसैले त्यो घृणापूर्ण झ्यालखानाका ताल्चाहरू खोल्दै थिए, उहाँले चाबी घुमेको आवाज सुन्नुभयो र त्यो फलामको ढोका तानेको आवाज सुन्नुभयो। त्यसपछि माथिबाट तल दिएको डोरीलाई समात्नु भन्ने एउटा आवाज

इनारको माथिबाट सुन्नुभयो। त्यो डोरी उहाँकहाँ आइपुग्दा आफूमा भएको थोरै बललाई पूरै प्रयोग गरेर समात्नुभयो,  डोरी बलियो रूपमा बिस्तारै माथि तानियो र उहाँ त्यो घिनलाग्दो ठाउँबाट माथि आउनुभयो।

उहाँ माथि आइसकेपछि त्यो फलामको ढोका फेरि तानियो र ताल्चा लगाइयो। उहाँले आफूलाई बचाएको मानिसलाई वरिपरि खोज्नुभयो तर त्यहाँ कोही पनि थिएन, र उहाँको हातमा भएको दुखाइ पनि हराइसकेको थियो, र ताजा हावाले नयाँ जीवन दियो। साधुले परमेश्वरको अचम्मको उद्धारको लागि उहाँलाई प्रशंसा चढाउन बाहेक अरू केही गर्न सक्नुभएन। बिहान हुँदा उहाँ मुस्किलले सहरमा पुग्नुभयो र आफू प्रचार गर्न सक्ने हुनेसम्म पाटीमा विश्राम लिनुभयो। फेरि सहरमा आएर उहाँले आफ्नो पुरानो काम सुरु गर्दा त्यहाँ ठूलो हलचल मच्चियो। आफूले मरिसक्यो भनी ठानेको मानिस स्वस्थ भएर फेरि प्रचार गर्दै छ भन्ने सन्देश चाँडै नै लामाकहाँ पुग्यो।

साधुलाई फेरि कैद गरेर लामाको न्याय–आसन अगाडि ल्याइयो, र कसरी यो भयो भनी सोध्दा उहाँले आफ्नो आश्‍चर्यपूर्ण उद्धारको कामको बारेमा बताउनुभयो। कसैले चाबी लिएर गएर उहाँलाई बचाएको हुनुपर्छ भन्ठान्दै लामा क्रोधित हुनुभयो, तर साँचोको खोजी गर्दा त्यो अन्तमा लामाको पेटीमा नै थियो; लामा आश्‍चर्य मान्दै डरले निःशब्द हुनुभयो। सुन्दरको शक्तिशाली परमेश्‍वरले आफू र आफ्नो जनतामाथि ठूलो विपत्ति ल्याउन सक्छ भन्ने डरले सुन्दरलाई तुरुन्तै सहरबाट निस्केर जति सक्छ त्यति टाढा जान आज्ञा दिनुभयो। परमेश्‍वरले आफूलाई डरलाग्दो मृत्युबाट बचाउनुभएकोमा सुन्दरले परमेश्‍वरलाई प्रशंसा चढाउनुभयो।

आफूलाई सताउनेहरूको लागि प्रार्थना गर्नु, आशिष् दिनु र त्यागसँग उहाँहरूको भलाइ खोज्नु नै साधु सुन्दर सिंहको सेवाको तरिका थियो। तिब्बत र उहाँलाई सताउने अन्य ठाउँहरूमा यही स्वभावसहित ख्रीष्टको सुसमाचार प्रचार गर्नुभयो। यसरी प्रचार गर्दा उहाँले कतिपल्ट आफ्नो जीवनका घटनाहरूलाई उदाहरणको रूपमा प्रयोग गर्नुभयो। ‘जीवन

गुमाउनेले जीवन पाउँछ,' भन्ने वचनबाट प्रचार गर्दा उहाँले यो अचम्मको घटना बताउनुभयो। उहाँ एक दिन पूरै हिउँ परिरहेको अवस्थामा तिब्बतका पहाडहरूमा यात्रा गर्दै हुनुहुन्थ्यो। उहाँ र उहाँको तिब्बतीय साथी, जो उहाँसँग यात्रा गर्दै हुनुहुन्थ्यो, दुवै जना जाडोले कक्रेर मृत्युको मुखमा पुगिसकेको अनुभव गर्दै हुनुहुन्थ्यो र जीवितै आफ्नो गन्तव्य पुग्ने आशालाई गुमाउनुभएको थियो। उहाँहरू एउटा भिरालो पाखामा आइपुग्दा तल एक जना मानिस मरेको जस्तै देख्ने अवस्थामा लडिरहेको थियो। सुन्दरले त्यो व्यक्तिलाई सुरक्षित ठाउँमा लानुपर्छ भनी भन्नुभयो, तर उहाँको तिब्बतीय साथीले इन्कार गर्दै आफूहरू सुरक्षित ठाउँमा पुग्नुपर्छ भनी भन्नुभयो र अगाडि बढ्नुभयो। धेरै कष्टसँग सुन्दरले त्यो व्यक्तिलाई आफ्नो ढाडमा बोक्नुभयो र त्यो गह्रौं भारीसँग सङ्घर्ष गर्दै अगाडि बढ्नुभयो। चाँडै नै त्यो कठोर प्रयासले साधुको शरीरको तापक्रमलाई बढायो र उहाँले बोकिरहेको असहाय मानिसको शरीरमा पनि त्यो सऱ्यो। उहाँ अलिकति पर पुग्दा ती तिब्बतीय साथी बाटोमा मरेर लडिरहेको भेट्टाउनुभयो। अन्तमा साधु गाउँमा आइपुग्नुभयो, त्यो समयभित्र त्यो अधमरो मानिसको होस आयो। दुवैले मृत्युको मुखबाट खोसेर फिर्ता पाएको जीवनको लागि परमेश्वरलाई धन्यवाद दिए। 'किनकि जसले आफ्नो प्राण बचाउन चाहन्छ, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ त्यसले त्यो पाउनेछ।' यो वचनलाई बुझाउन अरू कुनै उत्तम व्यवहारिक घटना पाएको छैन भनी साधुले भन्नुहुन्थ्यो।

अर्को एउटा घटनामा साधुले एउटा अप्ठ्यारो पहरामा चढेर एउटा गुफामा पुग्दा त्यहाँ एक जना मानिस तपस्या गर्दै थियो। उसले आफू निदाउन हुँदैन भनी आफ्नो लामो कपालको टुप्पालाई गुफाको माथिल्लो भागमा बाँधेको थियो र आँखा बन्द गरेर ध्यान र तपस्या गर्न घण्टौं प्रयास गरिरहेको थियो। सुन्दर गुफाभित्र जानुभयो र किन त्यो मानिस दुःख गरिरहेको छ भनी सोध्नुभयो। अरू धेरै मानिसहरू जसरी नै त्यो मानिसले पनि सांसारिक कुराहरूको पछि आफ्नो जीवनको प्रायजसो समयलाई बिताएको थियो, तर उसको भित्री मनमा आफूले नबुझेको भविष्यसम्बन्धी एउटा डरले उसलाई सताइरहेको थियो। यो डरले सबै

सांसारिक कुरालाई त्यागेर सन्तुष्टि पाउने आशामा तपस्या र ध्यान गर्न अन्तमा यो विकट ठाउँमा उसलाई ल्यायो। तापनि आफ्नो आत्मामा विश्राम नपाएको कुरा उसले बतायो। साधुले आफ्नो नयाँ करारको पुस्तक खोलेर, 'मकहाँ आऊ....र म तिमीलाई विश्राम दिनेछु' भन्नेजस्ता शान्तिको बारेमा लेखिएका वचनहरूलाई पढ्न लगाउनुभयो।

साधुले ख्रीष्ट येशूको सत्य मार्ग उसलाई बुझाउन थाल्नुभयो र त्यो दयनीय व्यक्तिले ती मनोहर वचनहरूलाई ध्यानसित सुन्यो। अन्तमा ऊ उफ्रेर करायो, 'अहिले मेरो आत्मा विश्राममा छ; मलाई उहाँको चेला बनाउनुहोस् र उहाँकहाँ डोऱ्याउनुहोस्।' तुरुन्तै साधुको हातबाट नै बप्तिस्मा पाउनको लागि उसले धेरै बिन्ती गऱ्यो तर साधुले उसलाई पुग्न सक्ने दुरीमा भएको मिसन कार्यालयमा आफूसँग जान सम्झाउनुभयो, र त्यहाँ अझै बढी शिक्षाको लागि उसलाई छोडिदिनुभयो।

साधुले अर्को एउटा ठाउँमा आफ्नो सन्देशले घोर विरोधलाई सामना गर्नु परेको र एउटा दुर्घटनाद्वारा अन्तमा मानिसहरू साथी भएको घटना बताउनुहुन्छ। उहाँ एउटा भिरालो पाखामा चढिरहेको हुँदा चिप्लेर लड्नुभयो र उहाँ त्यसरी लड्दा उहाँ लडेको ठाउँमा भएको ढुङ्गा पल्टेर भिरबाट खसेर तल पुग्यो, त्यसरी खसेको ढुङ्गा त्यो भिरमुनि भएको एउटा ठूलो गोमन सर्पमाथि पऱ्यो र त्यो तुरुन्तै मऱ्यो। एक जना भेडा बाख्रा चराइरहेको केटोले त्यो कुरा देखेर, त्यही नै गोमन सर्प गाउँमा कसै-कसैको मृत्युको कारण भएको र त्यसले गर्दा त्यो बाटोमा कोही हिँड्न आँट नगरेको कुरा साधुलाई बतायो। त्यसपछि उसले दौडेर गएर त्यो कुरा गाउँमा बतायो र गाउँका मानिसहरू धेरै नै खुशी भएर साधुलाई धन्यवादसहित स्वागत गरे। उहाँले यहाँ ख्रीष्टको प्रेमको बारेमा अनजान मानिसहरूको बीचमा बताउने सुअवसर पाउनुभयो।

कडा पहाडहरूमा हिँड्दा सुन्दरका पाउहरूमा चोट पऱ्यो र आफ्ना घाउहरूमा पट्टी लगाउन बस्नुभयो, त्यही बाटोमा आएको एक जना मानिसले त्यसलाई देखेर उहाँलाई कस्तो छ भनी सोधपुछ गर्ने विचारमा

रोक्नुभयो। दुई जनाको बीचमा मिठो बातचित सुरु भयो र त्यस मानिसले सुन्दरले आफ्ना पाउहरूबाट रगत बगाएको उद्धारकर्ताको सन्देश सुनाउनको लागि धेरै कठिन यात्राहरू गरेको थाहा पाए। सुन्दरले त्यो मानिसको नाउँ टसी हो भनी थाहा पाउनुभयो र उहाँ उत्कट रूपमा उद्धारको खोजी गर्ने व्यक्ति हुनुहुन्थ्यो तर सत्यको खोजीमा उहाँ धेरै दुबिधामा परिरहनुभएको थियो, जसलाई साधुले बुझाउन खोज्नुभयो। टसीले भन्नुभयो 'तपाईंको रगत बगिरहेको यी पाउहरूलाई देख्दा आफूलाई इन्कार गरेको खुशीको यो जीवन पछाडि एउटा ठूलो शक्ति हुनुपर्छ भनी मभित्र केही कुराले बताएको जस्तै लाग्यो।' टसीले सुन्दरलाई आफूसँग रहन अनुरोध गर्नुभयो, र सुन्दरले उहाँको घरमा उहाँलाई सिकाउँदै र सँगै प्रार्थना गर्दै एक हप्ता बिताउनुभयो। टसीले उहाँलाई एउटा मिलनसार र इसाइत्वप्रति राम्रो विचार भएको लामाकहाँ पठाउनुभयो। साधु फर्केर आउँदा टसी ख्रीष्टलाई पाएर पूर्ण आशा र खुशीमा हुनुहुन्थ्यो र बप्तिस्मा लिनु बाहेक अरू कुनै कुराले उहाँलाई सन्तुष्टि नदिने कुरा बताउनुभयो। सबै दुबिधाबाट छुटकारा पाएकोले टसी र उहाँको परिवारले आफू बप्तिस्मा पाउनको लागि बिन्ती गरे। सुन्दरले त्यहाँबाट जानुभन्दा अघि टसी र उहाँको परिवारसहित ९ जनालाई बप्तिस्मा दिने आनन्दलाई अनुभव गर्नुभयो। टसी त्यो जिल्ला शासक लामाको सचिव भएकाले आफ्नो विश्वासको खातिर दुःख भोग्नुपरेन तर अरूलाई त्यो बाटोमा हिँडाउन कुनै प्रयास गर्नुहुँदैन र कुनै पनि तरिकाले आफ्नो नयाँ विश्वासलाई फैलाउनु हुँदैन भन्ने कडा आदेश टसीलाई थियो।

आफ्नो जीवनलाई पूर्ण रूपमा आत्मिक कुराहरूको लागि दिएका मानिसहरूलाई आइपर्ने आत्माको एक्लोपनलाई साधु सुन्दर सिंहले धेरै पल्ट आफ्नो जीवनमा अनुभव गर्नुभयो। मानिसको आत्मा एक्लोपनमा डुब्दा भयानक मानसिक पीडाले नसाहरूको शक्तिलाई सिद्ध्याउँछ र जसको असर बाहिर देखा पर्न आइपुग्छ। साधारण मिसनरीहरू र सेवकहरूले आफ्नो कामलाई फेर्दा यसबाट विश्राम पाउन सक्छन् तर साधुलाई त्यस्तो थिएन। उहाँका ठाउँहरू बद्लिए तर काम बद्लेन। दिनरात मण्डलीहरूमा, सम्मेलनहरूमा र अइसाईहरूको बीचमा

नथाकीकन आत्माहरूको खोजी गरिरहनुभयो। तिरूवितामकूरको एक जना मिसनरीले उहाँको बारेमा यसरी सही कुरा बताउनुभयो, 'उहाँले यति कष्ट सहनको लागि परमेश्वरको धेरै नजिक जिइरहेको हुनुपर्ने,' र उहाँ यसरी निरन्तर जिइरहनुको पछाडि यथार्थमा रहस्य यही नै थियो। उहाँलाई खोज्नेहरूलाई भेट्न र दिनरात आफूलाई पर्ने काम गर्न उहाँ कहिल्यै थकित हुनुहुन्न थियो न अधैर्य हुनुहुन्थ्यो, उहाँ आफ्नो मालिकको एउटा जिउँदो प्रतिविम्ब हुनुहुन्थ्यो। मालिकको आत्माको भागिदार भएको उहाँ मालिकको एक्लोपनमा पनि सहभागी हुनुभएको थियो। यी दिनहरूको बारेमा कुरा गर्दा उहाँ एउटा अचम्मको दिनको बारेमा बताउनुहुन्छ। एकदमै निराश भएको अवस्थामा भोक र थकाइले सताइरहेको बेलामा खुट्टामा भएको घाउले गर्दा पीडासहित हिँडिरहेको हुँदा उहाँले एक जना मानिसलाई भेट्नुभयो, जसले उहाँसँग बातचित गर्न थाल्यो र त्यो असल साथीको मित्रताले आफ्ना सबै पीडाहरू बिर्सिसक्नुभएको थियो। दुवै जना एउटा गाउँको नजिक पुगुन्जेल सँगसँगै हिँडे र फेरि साधु दुःखित हुने गरी आफूलाई एक्लो पाउनुभयो। साधुले यो कुरालाई बुझाउन सक्नुभएन, तर उहाँका आफ्नै शब्दहरू यस्तै छन्...'मलाई थाहा छ, मलाई बलियो बनाउन र मेरो कमजोर अवस्थामा मलाई थाम्न परमेश्वरले आफ्नो स्वर्गदूत पठाउनुभयो।'

# अध्याय - ८
# कर्तार सिंह

स्वर्गको भिरालो आरोहण गरेर गएका असल मानिसहरूको बाटोलाई साधु सुन्दर सिंहले पछ्याउँदै हुनुहुन्थ्यो। उहाँ तिब्बतमा रहँदा ख्रीष्टको सुसमाचार बोकेर यो अन्धकारको देशमा आएर सहिद भएका ईश्वरीय मानिसहरूको मृत्युको घरानाको बारेमा पक्का रूपमा धेरै जानकारी पाउने मौका पाउनुभएको थियो। यसमा पहिलो घटना उहाँ आफै जन्मेको पतियाला प्रान्तको एक जना सहिदको बारेमा थियो।

कर्तार सिंहचाहिँ पतियाला प्रान्तको सिख धर्म मान्ने धनी जमिनदार सुन्दर हर्नम सिंहको छोरो हुनुहुन्थ्यो। परिवारमा अरू छोराहरू नभएकोले परिवारको नामलाई कायम राख्ने जिम्मेवारी त्यही एक्लो छोरोमाथि थियो र सबै आशा उसमाथि नै थियो। सुन्दर जसरी नै उहाँ पनि प्रशस्ततामा हुर्किनुभयो, र भविष्यलाई उज्ज्वल बनाउनको लागि पाउन सक्ने शिक्षाहरूमध्ये असल शिक्षा उहाँलाई दिइएको थियो। बुबाको लक्ष्यलाई पूरा गर्न दिनुपर्ने सबै तालिमहरू केही नछुट्टाएर छोरालाई दिइएको थियो। तर यी सबै मध्ये पूर्ण रूपमा धार्मिक शिक्षाको बेवास्ता भए तापनि कर्तार सिंहको हृदयमा आत्मिक कुराहरूको चाहना बढ्यो, जुन चाहनालाई सांसारिक तालिमहरूले पूरा गर्न सकेन। उहाँले इसाइत्वको बारेमा सुन्नुभयो र थोरै–थोरै गरेर त्यसका सबै सिद्धान्तहरू बुझ्नुभयो, र अन्तमा त्यो सत्यले उहाँलाई पक्रियो। जति धेरै पढ्नुभयो त्यति धेरै आफ्नो आत्मामा सन्तुष्टि भएको अनुभव गर्नुभयो, अन्तमा आफ्नो अगाडि त्यो कठिन र साँघुरो बाटो मात्र देख्नुभयो।

कर्तार सिंहले बदल्न नसक्ने एउटा कदम उठाएर आफूलाई इसाई हो भनी घोषणा गर्नुभयो, जुन घटनाले उहाँको परिवारलाई निराश तुल्यायो।

उहाँलाई यो निर्णयबाट फर्काउन धेरै र विभिन्न प्रकारका प्रयासहरू भए, तर यी सबै साधारण कुराहरूले प्रभाव नपारेको देखेर उहाँको बुबाले उहाँकी श्रीमती हुनको लागि तोकिएको राम्री केटीलाई उहाँकहाँ पठाउनुभयो। त्यो दयालाग्दो केटी जीवनका सबै प्रतिज्ञासहित नम्रतामा उहाँको अगाडि आइन् र आफ्नो जीवनलाई ठूलो घाटामा पुऱ्याउन सक्ने यो कदमबाट फर्किन आँसुसहित बिन्ती गरिन्। त्यस केटीको दयनीय अवस्थाले कर्तार सिंहको मनलाई छोयो, तर यो अन्तिम परीक्षामा पनि परमेश्वरले उहाँलाई बलियो बनाउनुभयो। उहाँले आफूलाई एक मात्र हृदय भएको र त्यसलाई पनि उद्धारकर्ता ख्रीष्टलाई दिइसकेको कुरा त्यो केटीलाई बताउनुभयो। मुटु भाँचेको त्यो केटीले आफ्नो हुनेवाला ससुराको घरमा फर्किआएर कर्तार सिंहले आफ्नो सबै प्रेम अर्कोलाई दिइसकेकाले आफ्नो प्रयास व्यर्थ भएको कुरा बताइन्।

केही समयभित्र नै कर्तार सिंहलाई घरबाट निकालेर पठाइयो। आफूले भोग्नुपर्ने कठिन भाग देखेर निराश नभई आफ्नो खानेकुरा र लुगाहरू किन्न सम्पन्नतामा हुर्केको यो केटोले आफ्नो बुबाका नोकरहरूले पनि इन्कार गर्ने कुल्ली काम गर्न थाल्नुभयो। तर चाँडै नै कर्तार सिंहले आफ्नो देशका मानिसहरूको बीचमा सेवा सुरु गर्नुभयो र पतियाला प्रान्तका सबै गाउँ सहरहरूमा घुमेर प्रचार गर्नुभयो। ती यात्राहरूमा उहाँले कठिनाइपूर्ण बाटोहरूमा हिँड्नुपर्थ्यो, जुन यात्राहरूले भविष्यमा उहाँको लागि पर्खिरहेको अझ बढी कठिनाइपूर्ण जीवनको लागि उहाँलाई तयार गऱ्यो। पन्जाबका धेरैवटा ठाउँहरूमा प्रचार गरिसकेपछि अन्धकारपूर्ण तिब्बत र आफ्नो बीचमा भएका पहाडहरूतिर पाइला चाल्नुभयो। कुनै हप्ताहरूको थकाइलाग्दो कठिनाइपूर्ण यात्रापछि उहाँ त्यो देशमा पुग्नुभयो। यो यात्रामा हुँदा एक ठाउँमा उहाँले बप्तिस्मा पाउनुभयो, र दिन–रातको प्रयासले तिब्बती भाषा सिक्नुभयो।  तिब्बतको बुद्ध धर्ममा ख्रीष्टलाई ठाउँ नै थिएन, ख्रीष्टको नाउँले मात्रै कठोर विरोध र गहिरो घृणालाई उत्पन्न गरायो। कर्तार सिंहले कसैबाट दया पाएको अथवा उहाँको सन्देश स्विकारिएको कुनै विवरणहरू हामीसँग छैन, तर नफर्किने भन्ने विचार उहाँमा हुन सक्थ्यो त्यसैले उहाँ फर्किनुभएन। त्यहाँका मानिसहरू

ख्रीष्टविना जिइरहेका थिए र ख्रीष्ट येशूको आवश्यकतामा थिए, र ख्रीष्ट येशूले यिनीहरूको लागि आफ्नो प्राण त्याग्नुभएको छ; यसै कारण आफूलाई सताउनेहरूको अगाडि ख्रीष्टको प्रेमको गवाही हुनको लागि कर्तार सिंहले आफ्नो जीवनलाई पनि बलिदान दिन तयार हुनुभएको थियो। उहाँलाई देख्दा र उहाँको जोसिलो सन्देश सुन्दा मानिसहरूले हृदयमा एउटा छुवाइको महसुस गरे तापनि उहाँले भोगिरहेका कुराहरूमा भाग लिन कसैले आँट गरेनन्। उहाँको परिश्रमको फल र गवाही मृत्यु पश्चात् मात्रै प्रकाशमा आयो।

यात्रामा विभिन्न ठाउँमा प्रचार गर्दै उहाँ टसीगङ्ग भन्ने ठाउँमा आइपुग्नुभयो र त्यहाँ ३ महिना रहेर प्रचार गर्नुभयो। उहाँलाई त्यो जिल्लाबाट निकाल्नको लागि अनगिन्ती प्रयासहरू भए। आफै जानुहुन्न भन्ने बुझेर त्यहाँका मानिसहरूले एक पटक उहाँलाई लुगामा बाँधी बोकेर आफ्नो जिल्लाबाट बाहिर पुऱ्याए, तर केही दिनहरूमा नै फेरि त्यहाँ फर्की आउनुभयो। अन्तमा उहाँलाई टसीगङ्गको लामाको अगाडि लगियो र विदेशी धर्म प्रचार गर्नको लागि अनुमतिबिना देशमा प्रवेश गरेको फैसला गरियो। यो फैसला सुनेर कर्तार सिंहले भन्नुभयो "तपाईंले मलाई जे गर्न इच्छा लाग्छ त्यही गर्नुहोस्; तपाईंहरू सत्यलाई विश्वास गरेर नाश हुनुबाट उम्किन रगत बगाउन समेत मलाई मप्रतिको मेरो प्रभुको प्रेम र उहाँप्रतिको मेरो प्रेमले बाध्य तुल्याएको छ।" सुन्दर सिंहले सुनेअनुसार कर्तार सिंहले अलिकति पनि नडराईकन आफ्नो फैसला सुन्नुभयो, र बलियो कदमसहित न्याय आसनबाट फर्केर मृत्युदण्ड दिने ठाउँतिर हिँड्नुभयो।

मृत्युदण्ड दिने ठाउँमा आइसकेपछि कर्तार सिंहलाई उनका सबै लुगाहरू फुकाली एउटा चिसो याकको छालामा राखेर सिलाएर चर्को घाममा राखिदिए। दयाहीन भिडले वरिपरि रहेर उहाँको दुःखलाई हेर्दै खिसी गरिरहेका थिए। छाला चाउरिन थाल्दा उहाँका हड्डीहरू फुटेको आवाज सुनेर भिड हाँसिरहेको थियो र उहाँ बिस्तारै मर्दै हुनुहुन्थ्यो। उहाँको नजिक एउटा नयाँ करारको पुस्तक थियो, जुन आफ्नो

मालिकमाथिको विश्वासको घोषणा गरेको दिनदेखि उहाँले पार गरेका कठिनाइपूर्ण दिनहरूमा एक मात्र सान्त्वनाको रूपमा थियो। त्यो आँटिलो ओठबाट कुनै पीडाका आवाजहरू निस्केनन्, तर ती मानिसहरूको क्षमाको लागि प्रार्थना गर्नुभयो र गीतहरू गाएर परमेश्वरलाई प्रशंसा गरिरहनुभयो। बेवास्ता भएको अवस्थामा ३ दिन उहाँ रहनुभयो र आफ्नो अन्त नजिक भइसक्यो भन्ने कुरा कर्तार सिंहले थाहा पाएर आफ्नो दाहिने हातलाई एक छिन निकाली दिन बिन्ती गर्नुभयो। दयाले भन्दा पनि उत्सुकताले उहाँको हातलाई निकाली दिए। आफ्नो सबै बललाई प्रयोग गरेर कर्तार सिंहले नयाँ करारको पुस्तकको अगाडिको पानामा आफ्नो अन्तिम सन्देश लेख्नुभयो (जुन किताबलाई लामाको मुख्य सचिवले पछिसम्म राखिराख्नुभएको थियो)।

"मैले परमेश्वरलाई जीवन मागेँ, एकपल्ट होइन तर एक सय हजार पल्ट, ताकि मेरो मित्रलाई म त्यस जीवनलाई बारम्बार फिर्ता दिन सकूँ।

उहाँप्रतिको त्यो प्रेम उनको प्रेमभन्दा कम हुँदैन, विश्वासयोग्य हिन्दु श्रीमती, जसले जलिरहेको चितामा भएको प्यारो मानिसमाथि आफ्नो मन लगाउँछे र आफैलाई त्यसमा उसको साथ राख्छे।

मलाई उहाँले दिनुभएको जीवनलाई नै मैले उहाँलाई दिएँ; सत्य यो छ कि मैले सक्ने जत्ति सबै कुरा गरे तापनि मैले सबै कुरा गर्न सकिनँ।"

यो लेखेपछि आफूलाई हेरिरहेको भिडलाई हेरेर भन्नुभयो "के तपाईंहरू एउटा इसाईको मृत्युलाई हेर्न उभिइरहनुभएको छ? आउनुहोस्, ध्यानसित हेर्नुहोस्, इसाई होइन मृत्यु आफै यहाँ मर्दै छ। प्रभु येशू, मेरो आत्मालाई लिनुहोस्," यी शब्दहरूलाई उच्चारण गर्दै शान्तसँग उहाँ विश्राममा प्रवेश गर्नुभयो।

साधु सुन्दर सिंहले कर्तार सिंहको बुबालाई भेटेको घटनालाई यसरी लेख्नुभएको थियो:

"म एक पल्ट पतियालाको स्टेसनमा कर्तार सिंहको बारेमा बोल्दै थिएँ, मैले एउटा वृद्ध मानिस दुःखित भएर रोइरहेको देखेँ र पछि सोधपुछ गर्दा उहाँ नै त्यो कर्तार सिंहको बुबा हुनुहुन्छ भन्ने थाहा पाएँ। उहाँले रुँदै भन्नुभयो: 'हाय ! ऊ त्यति भक्ति गर्ने इसाई छोरो भनी मलाई थाहा भएन, हैन भने म ऊसित त्यस्तो नराम्रो तरिकाले व्यवहार गर्दिन थिएँ।' उहाँ इसाई भएर ख्रीष्टको लागि रक्त साक्षी हुनुभएकाले उहाँको बुबा अहिले रहस्य इसाई हुनुहुन्छ, र उहाँ जसको बीचमा मारिनुभयो, तिनीहरूको बीचमा पनि धेरै इसाई भएका छन्।"

कर्तार सिंह मर्दा हेरिरहेका भीडहरूमध्ये टसीगङ्को लामाको मुख्य सचिव पनि हुनुहुन्थ्यो। उहाँले कर्तार सिंहले आफ्नो अन्तिम सन्देश लेखेको किताबलाई देखेर त्यसलाई घरमा लगेर पढ्न थाल्नुभयो। यो साहसपूर्ण कर्तार सिंहको जीवन र शब्दहरू मनमा ताजा हुँदा उहाँको हृदय किताबको सन्देश स्वीकार गर्न तयार थियो र त्यसलाई पढ्दा एउटा नयाँ ज्योति र खुशी उहाँमा आयो। उहाँ कुनै समयसम्म आफूले भर्खरै विश्वास गरेका आश्चर्यपूर्ण कुराहरूलाई मनमा ध्यान गर्नुहुन्थ्यो तर त्यो सत्यताले उहाँको आत्मालाई भर्दै जाँदा त्यो रहस्यलाई लुकाई राख्न सक्नुभएन। एक दिन उहाँले लामालाई आफूले ख्रीष्टलाई आफ्नो हृदयमा स्वीकार गरेको कुरालाई बताउनुभयो। लामाले उहाँ पनि मर्नुपर्छ भनी घोषणा गर्नुभयो। दयाबिना उहाँलाई पनि फैसला भयो र कर्तार सिंहले भोगेको त्यही मृत्युदण्ड उहाँको लागि पनि तोकियो। चिसो याकको छालामा राखेर घाममा छोड्नु, यो बाटो अपनाउँदा यस्तै प्रकारको दण्ड पाउँछ भन्ने पाठ अरूलाई सिकाउन चाहे जतिको कठोर र दयाहीन दण्ड यो नभएकाले, त्यसको साथ–साथै वेदनालाई बढाउन तातो पारेर रातो भएका सुइराहरू उहाँको शरीरमा घुसाऱ्यो। उहाँको मृत्युको लागि पर्खेर थाकेको जस्तै मानिसहरूले उहाँलाई फेरि पनि छालाबाट निकालेर उहाँको शरीरमा डोरी बाँधेर सानो तिखा सिन्काहरूलाई उहाँको खुट्टा र हातका औँलाहरूका नङमुनि छिराएको अवस्थामा उहाँलाई सहरका गल्लीहरूमा घिसार्दै लगे।

अन्तमा उहाँको शरीरलाई सहरको बाहिरपट्टि फोहरहरू फ्याँक्ने ठाउँमा फालियो। बदला लिने आफ्नो इच्छालाई पूरा गरिसकेपछि उहाँलाई सताउनेहरूले उहाँ बेहोस भएको अवस्थामा छोडेर गए। धेरै समयपछि त्यो दयनीय मानिसको जीवन बिस्तारै फर्केर आयो। थोरै–थोरै गरी उहाँको बल फर्किआउँदा घिस्रँदै त्यहाँबाट जानुभयो। उहाँका अनगिन्ती घाउहरू निको भए र उहाँ फर्केर सहरमा आउँदा आफूहरूले मरोस् भनेर छोडेको मानिस जिउँदो र स्वस्थ भएको अवस्थामा आफ्नो बीचमा आएको देखेर तिनीहरू अति नै डराए, त्यस पश्चात् उहाँका कामहरूलाई हस्तक्षेप गर्ने आँट कसैलाई भएन। उहाँमा अप्राकृतिक शक्ति छ भनी मान्ने उनीहरूको अन्धो विश्वासको डरले उहाँलाई फेरि मार्ने प्रयास गर्न दिएन। साधु सुन्दर सिंहले त्यो व्यक्तिको आफ्नै मुखबाट कर्तार सिंहको जीवनको बारेमा सुन्ने मौका पाउनुभयो, साथै यो निडर मानिसलाई तिब्बतीहरूको बीचमा ख्रीष्टको सुसमाचार प्रचार गर्न परमेश्वरले अचम्म तरिकाले प्रयोग गर्दै आउनुभएको कुरा पनि सुन्ने मौका पाउनुभयो।

सुसमाचारले थोरै मात्र प्रवेश पाएको अन्धकारले ढाकेको तिब्बत र अन्य भागहरूमा साधु सुन्दर सिंह मिसन यात्रा गर्दा यस्तै घटनाहरूको इतिहास आफैले सङ्कलन गर्नुभयो। यो अन्धकारमा जिइरहेका मानिसहरूप्रति सुन्दरको हृदय असीम दया र चाहनाले भरेको थियो, र बलिरहेको ख्रीष्टप्रतिको उहाँको जोस र ख्रीष्टलाई चिनाउने इच्छाले पूरा नभएको र तोकिएको एउटा काम बाँकी नै छ भनी सधैँ उहाँलाई सम्झाउँथ्यो। उहाँ भन्नुहुन्थ्यो, 'परमेश्वरले मलाई काम गर्न दिनुभएको खेत यही नै हो। कठोर विरोध हुने क्षेत्रहरूमा सेवा गर्न परमेश्वरले दिनुभएको बोलावट मैले सुनेको छु। यस कारण खतराहरूदेखि म डराउँदिनँ। यी क्षेत्रहरूमा मेरो जीवन उहाँको लागि भनी अर्पण गरेँ, सहिदको मुकुट जित्नु छ।'

# अध्याय - ९
# कैलाशको महाऋषि

साधु सुन्दर सिंह पश्चिम तिब्बतका यात्राहरूमा हिमशृङ्खलाका उच्च पहाडहरू र ओडारहरूमा तपस्या गर्दै आफ्नो जीवनको अन्तिम समयहरूलाई बिताउन संसारबाट अलग भएर बसिरका पवित्र मानिसहरूलाई सधैँ खोजी गर्नुहुन्थ्यो। मानिसहरूको बस्तीबाट धेरै टाढा हिमालको शान्त वातावरणमा कैलाश शृङ्खला पर्दछ।

कैलाश शृङ्खलाको एउटा पहाडमा एउटा बुद्ध मन्दिर छ, जहाँ मानिसहरू आजकाल कहिले–काहीँ मात्र जान्छन्। यो मन्दिरबाट कुनै माइल टाढा कैलाश महाऋषि भनी चिनिने एउटा महान् पुरुष समुद्रदेखि १३००० फिट उचाइमा भएको ओडारमा वास गर्नुहुन्छ। यी हिमालका भागहरूलाई हिन्दुहरूले आफ्ना भगवान्हरूको वासस्थान भनी विश्वास गर्छन्। यहाँ एउटा ओडारमा तपस्या गर्दा–गर्दै मरेको एक जना साधुको अस्थिपञ्जर साधु सुन्दर सिंहले भेट्टाउनुभयो।

वरिपरिका दृश्यहरू भव्य र हृदयस्पर्शी थियो, र अनन्त रहने हिउँहरूको बीचमा तातोपानीका मूलहरू फुटेर पानी बगिरहेको थियो। यहाँदेखि तीन दिनको यात्रामा मनोहर मानसरोवर ताल पुगिन्छ। साधु सुन्दर सिंह आफूले देखेका ठाउँहरूमध्ये सबैभन्दा सुन्दर ठाउँ यो हो भनी व्याख्या गर्नुहुन्छ। तर उहाँ सधैँ भन्नुहुन्छ, यो ठाउँमा दयाहीन सरुवा गोठाला जातिको बसोबास पनि छ, जसले आफ्नो ठाउँको सुरक्षाको लागि यहाँ आउने तीर्थयात्रीहरूलाई मार्छन्, यसले गर्दा यो ठाउँ आतङ्कित ठाउँको रूपमा पनि प्रचलित छ।

सन् १९१२ को गर्मी याममा साधुले एक्लै खाली खुट्टामा यी

ठाउँहरूमा यात्रा गर्नुभयो। उहाँले भेट्न खोजेको तपस्या गर्ने पवित्र मानिसहरूलाई खोजिहिँड्दा यात्राको कठिनाइ र असफलताले उहाँ अति नै थकित हुनुहुन्थ्यो, तापनि यो ठाउँको सुन्दरताले उहाँको मनमा ताजापन ल्याउँथ्यो। उहाँको यो यात्रामा हिउँले आफ्ना आँखाहरू अन्धो भएर मृत्युको मुखमा नै पुग्ने गरी थाकेको त्यो दिनलाई उहाँले कहिले पनि बिर्सन सक्नुहुन्न। उहाँ लरखराउँदै हिउँ र चट्टानहरूको बीचमा आफू कहाँ गइरहेको छु भन्ने थाहा नपाईकन हिँड्नुभयो, अचानक आफ्नो सन्तुलन गुमाएर लड्नुभयो, र आफ्नो जीवनको महान् अनुभव पाउनको लागि आँखा खोल्नुभयो। उहाँले आँखा खोल्दा एउटा विशाल ओडार अगाडि लडिरहनुभएको थियो, जसको अगाडि कैलाशको महाऋषि गहिरो ध्यानमा हुनुहुन्थ्यो।

उहाँका आँखाले देखेको दृश्यलाई स्वीकार गर्न नसकेर डरले आफ्नो आँखा बन्द गर्नुभयो, र झन्डै बेहोस हुनुभयो। अलि–अलि गर्दै आँट गरेर आफ्ना आँखा अगाडि भएको कुरालाई जाँच्न थाल्नुभयो। अन्तमा आफूले जिउँदो मानवलाई देखिरहेको छु भन्ने कुरालाई थाहा पाउनुभयो। धेरै वृद्ध भएको र लामो कपालहरू नै वस्त्र भएको जस्तै देखिने त्यो मानिस पहिलो दृश्यमा जनावरजस्तै देखिनुहुन्थ्यो। नसोचेको तरिकाले आफूले गरिरहेको पवित्र मानिसको खोजीमा आफू सफल भएको कुरालाई सुन्दरले महसुस गर्नुभयो, र उहाँले त्यो वृद्ध मानिससँग बोल्ने आँट आइसकेपछि बोल्नुभयो। आफ्नो ध्यानबाट फर्केर त्यो सन्तले आँखा खोल्नुभयो र साधुको मन झसङ्ग हुने गरी हेर्नुभयो र 'घुँडा टेकौं र प्रार्थना गरौँ' भनी बोलेर साधु सुन्दर सिंहलाई छक्क पार्नुभयो। दुवै जना मिलेर उत्कटतासहित ख्रीष्ट येशूको नाउँमा अन्त हुने एउटा इसाई प्रार्थना गर्नुभयो। यसपश्चात् महाऋषिले ग्रीक भाषामा लेखिएको गह्रौँ सुसमाचार किताबलाई फुकाउनुभयो र मत्ती ५ अध्यायबाट कुनै पदहरू पढ्नुभयो।

साधुले उहाँकै मुखबाट आफ्नो जीवनको बारेमा सुन्ने मौका पाउनुभयो। उहाँले आफू धेरै उमेरको हो भनी बताउनुभयो र साँच्ची नै त्यस्तै नै देखिनुहुन्थ्यो। आफूले पढेको सुसमाचारका चर्म पत्रहरू फ्रान्सिस

जेभिएरबाट आएको हो भनी उहाँले बताउनुभयो र सुन्दर आफैले पनि त्यसलाई हेर्ने मौका पाउनुभयो।

उहाँले भन्नुभयो: "म मिस्र देशमा भएको अलेक्जेन्ड्रियामा (सिकन्दरिया) जन्मेको हुँ। म ३० वर्षको हुँदा सन्त फ्रान्सिस जेभियरको भान्जा जर्नसले मलाई बप्तिस्मा दिनुभयो ... मैले ७५वर्ष उमेर पुगुन्जेल विश्वभरि प्रचार गरेँ र एक्काइस वटा भाषाहरू बोल्थेँ। जुन बेला म यात्रा गर्न सक्दिनँ भन्ने मलाई थाहा भयो, म बिस्तारै यो ठाउँमा आइपुगेँ। म यो ठाउँमा बसोबास गर्न थालेको दुई सय नौ वर्ष भयो।"

यहाँ बिताएका वर्षहरूमा उनै सन्त आफ्नो वरिपरि भएका पहाड र जङ्गलमा पाउने चिजहरूसँग परिचित हुनुभयो, जसद्वारा उहाँ अहिलेसम्म जिउने मौका पाइरहनुभएको छ। उहाँलाई पहिलो चोटि भेट्दा कठ्याङ्ग्रिँदो जाडोले सुन्दरको हड्डीसम्म चिसो भइरहेको थियो; त्यो सन्तले उहाँलाई कुनै एउटा बोटका पातहरू खान दिनुभयो, त्यो खाँदा तुरुन्तै आफ्नो शरीरभरि तातोपनको अनुभव गर्नुभयो।

साधुले उहाँसँग लामो बातचित गर्नुभयो, पवित्र कुराहरू र अन्य धेरै अनौठा कुराहरूको बारेमा सुन्नुभयो। साधुले आफ्ना प्रचारहरूमा प्रयोग गर्ने कुनै–कुनै उत्तम उदाहरणहरू त्यो वृद्ध सन्तबाट नै सुन्नुभएको हो। यो महाऋषि सन्न्यासी मिसनमा जोडिएको व्यक्ति हुनुहुन्थ्यो। उहाँले साधुलाई आफूले देखेका छक्क पार्ने दर्शनहरूलाई बताउनुभयो, जसलाई लेख्यो भने प्रकाशको अर्को किताबजस्तै हुन्छ। यी दर्शनहरू धेरै अनौठा र समझभन्दा बाहिरका थिए, र साधु आफै यी दर्शनहरूको बारेमा पढ्ने र सुन्नेहरूलाई साधारण तरिकाले यी कुराहरूको अर्थ लगाउन सकिँदैन भनी चेतावनी दिनुहुन्छ।

साधु सुन्दर सिंहले तीनपल्ट उनै महाऋषिलाई भेट्नुभयो, र त्यस महाऋषिलाई भेट्ने इच्छा भएकाहरूलाई आफ्नो साथमा लान पनि तयार हुनुहुन्थ्यो।

## अध्याय - १०

# साधु सुन्दर सिंह र सन्न्यासी मिसन

साधु सुन्दर सिंहलाई एउटा साधु हुन परमेश्वरले बोलाउनु एउटा सुन्दर प्रबन्ध हो। ख्रीष्टको सन्देश प्रचार गर्नुमा एउटा स्थान साधुलाई उहाँको पहेँलो वस्त्रले दिँदछ। उहाँ अन्य सेवकहरूजस्तै साधारण मानिस भएर सन्देश ल्याएको भए पनि भारतका ख्रीष्टिय मण्डलीहरूको हृदयलाई निश्चय नै जित्नुहुन्थ्यो, तर उहाँ रूप र आत्मामा एउटा साँचो साधु भएर आउँदा उहाँको शिक्षाको प्रभाव र शक्तिलाई त्यसले अति नै बढायो।

शायद उहाँको नम्रता र सादगीभन्दा अरू कुनै कुरा अरू इसाईहरूको अगाडि बढी सुन्दर थिएन होला, र आफ्नो मुहार हेर्नको लागि पर्खिरहेका भिडलाई देख्दा उहाँभन्दा आश्चर्य मान्ने कोही थिएन होला।

उहाँको साधु जीवन र कामद्वारा भएका उल्लेखनीय परिणामहरू अइसाईहरूको बीचमा नै बढी थियो, यो कामलाई उहाँ शपथ खाएको कामको रूपमा हेर्नुहुन्छ। स्वाभाविक रूपमा उहाँको साधु लुगाले अरू कुनै पनि कुराले गर्न नसक्ने गरी सबै ठाउँमा र सबै मानिसहरूको बीचमा प्रवेश गर्ने मौका दियो। उहाँको परदेशी यात्रामा उहाँले धेरैपल्ट विभिन्न प्रकारका भारतीय साधुहरूलाई भेट्ने मौका पाउनुभएको थियो। भारतको यो गहिरो भक्ति गर्ने साधुहरूको समूहको बीचमा ख्रीष्टको काम भइरहेको कुरालाई पत्ता लगाएर संसारलाई देखाउन पाउनु उहाँले पाएको सुवर्ण अवसर हो। रेभरेन्ड जे.जे.जोनसन, चर्च मिसनरी सोसाइटीमा सेवा गर्ने संस्कृत भाषाको एउटा असल विद्वान हुनुहुन्थ्यो। उहाँको जीवनका अन्तिम समयहरूमा चर्च मिसनरी सोसाइटीले उहाँलाई सुहाउने गरी पण्डित र शिक्षित मानिसहरूको बीचमा काम गर्ने जिम्मा दियो। उहाँ दक्षिण भारतमा अन्तिमपल्ट आउँदा भारतको उच्च जातिका मानिसहरू

धेरैले ख्रीष्टमा विश्वास गर्न पर्खिरहेका छन् भन्ने आफूलाई विश्वास लाग्ने कुराको बारेमा बताउनुभयो। धेरै वर्ष मानिसहरूको बीचमा रहँदा र सम्बन्ध राख्दा यो कुरालाई उहाँले थाहा पाउनुभएको थियो।

तर यो कुराको सत्यतालाई बाहिर ल्याउने मौका साधु सुन्दर सिंहको लागि तोकिएको थियो। सन् १९१२ को अन्ततिर बुद्धले पहिलो प्रचार गरेको ठाउँ भनी मानिने सारनाथमा साधु सुन्दर सिंह पुग्नुभयो र त्यहाँ सन्न्यासी वस्त्र लगाएका केही व्यक्तिहरूलाई भेट्नुभयो। उहाँहरूसित बातचित गर्दा तिनीहरू २४,००० सदस्य भएको एउटा गुप्त इसाई संस्थाका सदस्यहरू हुन् भनी थाहा पाउनुभयो र तिनीहरू भारतभरि फैलिएर बसेका थिए। यिनीहरूको बीचमा दुईवटा समूह थियो, एउटा शिष्यहरूको समूह र अर्कोचाहिँ स्वामीहरूको समूह थियो। शिष्यहरू साधारण मानिसहरू थिए र दैनिक काम गरेर आफ्नो जीवन बिताउँथे। संस्थामा ७०० जना स्वामीहरू सन्न्यासी वस्त्र लगाएर आफ्नो शिष्यहरूलाई भेट्ने ठाउँमा सङ्गति दिने गर्थे र यिनीहरू बिनातलब सेवा गर्थे। यिनीहरू बप्तिस्मा लिनु र प्रभु–भोजका विधिहरूलाई पालन गर्थे। यी गुप्त विश्वासीहरूको समूहलाई भारतभरि विकट र नसोचेको ठाउँमा पनि भेट्न सकिन्थ्यो। सुन्दरले एकपल्ट नेपालको झ्यालखाना र सतावटपछि यही मानिसहरूद्वारा नै सहायता पाउनुभएको थियो। यी विश्वासीहरू एउटा निश्चित ठाउँमा बिहानको समयमा प्रार्थना घर भन्ने ठाउँमा भेला हुन्थे, जुन घर हेर्दा बाहिरबाट हिन्दु मन्दिरजस्तै देखिन्थ्यो तर भित्र कुनै पनि मूर्ति अथवा चित्रहरू हुँदैन थियो।

त्यहाँ बाइबल धर्मशास्त्र पढेर व्याख्या गरिन्थ्यो, साथै इसाई पर्चाहरू बाँडिन्थ्यो र प्रार्थना गर्ने बेलामा पूर्ण रूपमा दण्डवत् गर्नुजस्ता पूर्वीय देशहरूका तरिकाहरू लगनशीलता साथ पछ्याइन्थ्यो। मानिसहरूले सिद्ध विश्वाससहित प्रार्थना गरेमा निरन्तर रूपमा ख्रीष्टलाई दर्शन गर्न सकिन्छ भन्ने तिनीहरू विश्वास गर्थे।

विभिन्न साधुहरू र नाउँ कहलिएका सन्न्यासीहरू र धेरै सङ्ख्यामा

शिक्षित र उच्च जातिका धनी मानिसहरू जसले यो संस्थाको खर्चको लागि उदार चित्तले दिन्थे, यी सबै मानिसहरू गुप्त इसाई संस्थाका सदस्य थिए। साधु धेरै पटक उहाँहरूको सङ्गतिमा सहभागी हुनुभएको थियो र प्रायः समयहरूमा उहाँलाई आफूहरूमा एक जना भनी तिनीहरू झुकिन्थे। साधुले तिनीहरूलाई साझा रूपमा ख्रीष्टमाथिको विश्वासलाई घोषणा गर्न उत्कट बिन्ती गर्नुभयो, तर तिनीहरूले ठिक समय आउँदा त्यसै गर्ने विचार आफूहरूमा भएको कुरालाई बताए।

एकपल्ट साधुले गङ्गा नदीको किनारमा प्रचार गर्दै गर्दा सुन्नेहरूमध्ये एक जनाले सन्न्यासीको रूपमा मन पराएको तर उहाँको सन्देशलाई मन नपराएको कुरालाई बताएर धेरै भिडलाई खिच्ने नजिकै रहेको एउटा हिन्दु प्रचारकलाई भेट्न जान बिन्ती गरे। तीन दिनसम्म भिडले गर्दा साधुले उहाँलाई भेट्न सक्नुभएन। एक दिन उहाँलाई एक्लै भेट्ने मौका पाउनुभयो र उहाँ इसाई भएको कुरा साधुले थाहा पाउनुभयो। त्यो हिन्दु प्रचारकले उहाँलाई अँगालो मारेर बतायो, 'भाइ, हामी दुवै जना एउटै काम गरिरहेका छौँ।' साधुले आश्चर्य मानेर आफूले कहिल्यै उहाँबाट ख्रीष्टको प्रचार भएको सुनेको छैन भनी भन्नुभयो। त्यो प्रचारकले जवाफ दिनुभयो, 'जमिनलाई तयार नपारीकन बिउ रोप्ने कुनै मूर्ख किसान छ र ? म पहिले मेरो कुरा सुन्नेहरूका आत्मिक आँखाहरूलाई खोलिदिने प्रयास गर्छु र धार्मिकताको भोक र तिर्खा उत्पन्न गराइसकेपछि म ख्रीष्टलाई उहाँहरूको अगाडि राख्छु। यही नदीमा मैले विगतको सालमा १२ जना शिक्षित हिन्दुहरूलाई बप्तिस्मा दिएको छु।' त्यसपछि उहाँले साधुलाई आफूले सधैँ साथमा राख्ने बाइबललाई देखाउनुभयो।

भारतका पवित्र सहरहरूमध्ये एउटामा कुनै गुप्त विश्वासीहरूले साधुलाई पुरानो एउटा मन्दिरमा लगी त्यहाँ संस्कृत भाषामा हातले लेखिएको एउटा पुरानो चर्म पत्रलाई देखाउनुभयो, जसमा येशू जन्मँदा भेट्न गएका तीन जना मध्येमा एक जना भनी तिनीहरूले मान्ने पण्डित विश्वामित्रको त्यो यात्राको बारेमा लेखिएको थियो। उहाँले बालक ख्रीष्टलाई भेटिसकेपछि भारतमा फर्किनुभयो र ख्रीष्ट आफ्नो सेवामा

लागिसकेपछि फेरि पलिस्तिना जानुभयो। येशूका चेलाहरूले एक जना व्यक्तिले येशूको नाममा भूतात्माहरू निकालिरहेको देखेर त्यो व्यक्ति आफूहरूसँग  नहिँडेको कारणले मनाही गरेको (लूका ९:४९) त्यो व्यक्ति विश्वामित्र नै हो भनी तिनीहरूले दाबी गर्थे।

सन्न्यासी मिसन विलियम केरीको समयसम्म वृद्धि भएको जस्तो देखिँदैन। कुनै इसाई सन्न्यासीहरूले विलियम केरीको मुखबाट सुसमाचार सुन्दा नयाँ जोसले भरिए। विश्वासमा जागरण पाएर त्यो बेलादेखि मिसनले आफ्नो काम विस्तार गऱ्यो र सङ्ख्यामा वृद्धि हुन थाल्यो।

उत्तर भारतको एउटा ठूलो सहरमा वेदहरूमा गहिरो ज्ञान पाएको एउटा प्रख्यात हिन्दु प्रचारकलाई साधुले भेट्नुभयो। उहाँले हिन्दु धर्म शास्त्रहरूबाट प्रवचन दिइरहेको कुरा सुन्नुभयो र आफ्नो प्रवचनको अन्तमा उहाँले भन्नुभयो, 'वेदहरूले हामीलाई पाप मोचनको आवश्यकतालाई देखाउँदछ तर मुक्तिदाता खोइ ? वेदले बताउने प्रजापति येशू ख्रीष्ट नै हुनुहुन्छ, जसले पापीहरूको लागि आफ्नो जीवनलाई प्रायश्चित्तको रूपमा अर्पण गर्नुभयो।' प्रश्नहरू उठ्न थाल्दा ती हिन्दु प्रचारकले फेरि भन्नुभयो, 'वेदमा विश्वास गर्ने म हुँ, तपाईंहरू होइन, किनभने वेदले देखाउने उहाँलाई म विश्वास गर्छु, जो ख्रीष्ट हुनुहुन्छ।'

यी कुराहरूको बारेमा बताउँदा साधु सुन्दर सिंहले भन्नुभयो, "वर्तमान समयको महान् आवश्यकताचाहिँ मण्डलीले फराकिलो दर्शन बोक्नु हो। इसाईहरूले सम्प्रदाय र धर्मको सीमा बद्धतालाई छोडेर परमेश्वरको आत्मा जुनसुकै तरिकाले प्रकट भए तापनि त्यसलाई स्वीकार गर्नुपर्छ। साथै सन्न्यासी मिसनले हामी परिचित नभएको रूप लिए तापनि त्यसले परमेश्वरको आशिष् पाइरहेको छ;  त्यो रूप भारतको लागि महान् काम गर्न त्यस मिसनका अगुवाहरूलाई दिएको हो।"

# अध्याय - ११
# आश्चर्यपूर्ण अनुभवहरू

साधु सुन्दर सिंहजस्ता मानिसहरूको आचरणको अध्ययन रहर लाग्दो र शिक्षा दिने खालको हुन्छ, किनभने उहाँलाई अलिकति पनि सांसारिकताले छोएन।

साधु सुन्दर सिंह अलौकिक परमेश्वरलाई विश्वास गर्ने एउटा साँचो इसाई हुनुहुन्थ्यो। उहाँले नयाँ करारमा लेखेअनुसार ख्रीष्टको जीवनलाई धेरै गहिरो रूपमा अध्ययन गर्नुभएको थियो र निरन्तर रूपमा ख्रीष्टको स्वभावको अनुसरण गर्नुभयो, जुन स्थानमा एउटा साधारण इसाईले कहिलेकाहीँ मात्र जिउने मौका पाउँछ।

गरिबीले भरेको घुमफिरे जीवनमा भारतजस्तो देशमा सबै कुरामा भएको परमेश्वरको विश्वसनीयतालाई देख्ने अनगिन्ती मौकाहरू उहाँले पाउनुभयो। उहाँ आत्माको अति गहिरो वेदना र असीम आनन्द दुवैसँग परिचित हुनुहुन्थ्यो। रातहरू प्रार्थनामा र दिनहरू आफ्नो मालिकको लागि गरिने परिश्रममा बिते। प्रार्थना सहितको गहिरो नयाँ करारको अध्ययन ख्रीष्टसँगको गहिरो सम्बन्ध यी दुवै बराबर हुन्थ्यो। हराएका आत्माहरूलाई बचाउन उहाँमा भएको उत्कट इच्छाले विश्राम नलिई उहाँले गर्ने परिश्रम, आफ्नो उद्धारकर्ताप्रतिको उत्कट भक्ति र प्रेमसँग सन्तुलन थियो, जुन कुराले उहाँको हृदयलाई शान्तिले भर्थ्यो र उहाँको मुहारलाई चम्काउँथ्यो। उहाँको लागि आत्मिक जीवनका कुराहरू सांसारिक कुराहरूभन्दा बढी वास्तविक थिए। उहाँ आत्माहरूको लोकसँग  यति नजिक जिउनुहुन्थ्यो कि सेवाकाइमा स्वर्गदूतहरूको सेवा पाउनु अनौठो थिएन। उहाँले यसलाई ठूला आवश्यकताहरू समाधान गर्ने परमेश्वरको तरिकाको रूपमा हेर्नुहुन्थ्यो। उहाँको अनुभवमा अनौठा

घटनाहरू घट्दा परमेश्वरले हरेक आत्माको लागि चाहिँदो वास्ता गर्नुहुन्छ र परमेश्वर आफैले आफ्नो सट्टामा त्यो परिस्थितिलाई सामना गर्नुहुन्छ भनी विश्वास गर्नुहुन्थ्यो। जीवन, मृत्यु र त्यस पछिका समयहरूसम्बन्धी भएका महान् रहस्यमय कुराहरूले उहाँको मनमा कुनै वेदना अथवा शङ्का ल्याएन र उहाँले यस्तै कुराहरू बताएर सुन्नेहरूको मनलाई अलमल्ल पर्न दिनुभएन। तर उहाँको मनको गहिरा भागहरूमा ती कुराहरूको आफ्नै ठाउँ थियो, र ती नै कुराहरू उहाँको असीम सन्तुष्टिको स्रोत थिए।

साधुका आश्चर्यपूर्ण अनुभवहरू आफू पुग्ने ठाउँहरूमा उहाँ जानुभन्दा अघि पुगिसकेको हुन्थ्यो। त्यस्ता कुराहरूले गर्दा कतिपय मानिसहरूले उहाँको बारेमा छुट्टै प्रकारको विचार राख्थे र भावनात्मक भएका कतिपय मानिसहरूले उहाँबाट नयाँ प्रकाश र आश्चर्य कामहरू प्रकट हुन्छ भन्ने आशा राख्थे। तर उहाँलाई देख्दा र उहाँको कुरा सुन्दा उहाँको असल स्वस्थ शिक्षा र एकदमै सन्तुलन भएको विचार देखेर आश्चर्यचकित हुन्थे।

उहाँका आफ्नै शब्दहरूले आफ्नो जीवनमा भएका घटनाहरूलाई साधारण रूपमा बताउँदा त्यो ‘प्रेरितहरूको काम’ किताबको दोस्रो भागजस्तै देखिन्छ। यी घटनाहरूलाई बताएर भन्नुहुन्छ, बचाउने अरू कुनै माध्यम नहुँदा हरेक पल्ट परमेश्वरले आफ्नै हात पसारेर मलाई बचाउनुभयो। साधु सुन्दर सिंहले यति लामो समय धेरै कठिनाइ र खतराको बीचमा बन्द गरिएको तिब्बत र नेपालमा कसरी काम गर्नुभयो भन्ने कुराको व्याख्या यही नै हो।

तल दिएका जस्तै घटनाहरूले साधुले आफ्नो जीवनमा भएको छुटकाराका घटनाहरूलाई कसरी हेर्नुहुन्छ भन्ने कुरालाई बताउँछ।

श्री नगरमा भएको गढवालमा सुन्दरले कहिल्यै नसोचेको एउटा घटनालाई सामना गर्नुभयो। ख्रीष्ट येशूको बारेमा यहाँ प्रचार गर्नु खतरनाक

छ भन्ने उहाँलाई थाहा थियो, तर एक दिन सहरको बाहिर प्रचार गरिरहँदा केही जवान मानिसहरूले उहाँलाई जिस्क्याएर यी कुराहरू सहरभित्र प्रचार गर्न उहाँलाई आँट छैन भनी भने। उहाँले यो चुनौतीलाई स्वीकार गर्न तयार हुनुपर्छ भनी महसुस गर्नुभयो र सहरभित्र बजार क्षेत्रमा गएर प्रचार गर्न सुरु गर्नुभयो। यो कुरालाई देखेर त्यहाँ भएको कसैले हतार-हतार गएर त्यहाँको पण्डितलाई बोलाएर ल्याए। पण्डितले प्रचारलाई झुटो स्थापित गरेर उहाँलाई अपमानित गराउनुहुन्छ भनी आशा गरे।

पण्डित आएर सिधै सुन्दरकहाँ जानुभयो र सबैको अगाडि आफ्नो दुईवटा औँला सुन्दरको मुखमाथि राखेर भन्नुभयो, 'हामी दुई जना दाजुभाइहरू हौँ र तिमीले सोचेजस्तो शत्रु होइन भनी प्रमाणित गराउन मैले यो काम गरेँ, किनकि हामी दुवै जना ख्रीष्ट येशू उद्धार कर्तालाई विश्वास गर्छौं।' ती मानिसहरूलाई विद्युतको झट्का लागेजस्तै भयो, थोरै समयभित्र नै उहाँका सबै शत्रुहरू त्यो ठाउँबाट हराए। अरूलाई ज्योतिमा ल्याउनुको लागि नै पण्डित अझै अँध्यारो ठाउँमा हुनुहुन्छ भन्ने कुरा थाहा पाउँदा साधु खुशी हुनुभयो र त्यो असल मानिससँग बातचित गर्दै बिताएको त्यो दिन सुन्दरको जीवनमा एउटा अति नै खुशीको दिन थियो। परमेश्वरको अनुग्रहले त्यो पण्डितले १६ जनालाई उद्धारमा डोऱ्याई सक्नुभएको थियो र परमेश्वरले इच्छा गरुन्जेल यसरी नै रहेर यो कामलाई अगाडि बढाउँदै जाने उहाँको विचार थियो।

एकपल्ट उहाँ नेपालमा खान्जी भन्ने एउटा गाउँमा प्रचार गर्दै हुनुहुन्थ्यो र मानिसहरू अलि-अलि विरोध गर्दै थिए। तिनीहरूले उहाँलाई समाते र एउटा मन्डीभित्र बेरेर माथिबाट भिरालो पाखामा लगेर पल्टाई पठाए, तर त्यो बाटोमा हिँड्ने एक जनाले उहाँलाई खोलेर छोडिदियो। भोलिपल्ट फेरि पनि उहाँ त्यहीँ ठाउँमा प्रचार गर्दै हुनुहुन्थ्यो, क्रोधित भएको गाउँका मानिसहरूले उहाँका हात खुट्टालाई रूखमा बाँधेर झुन्ड्याई दिए। दिन बितिसकेको थियो, उहाँ भोकले छटपटी रहनुभएको थियो र भेट्टाउन नसक्ने दूरीमा आफ्नो अगाडि रहेको फललाई हेरिरहनुभयो। त्यो गाह्रो अवस्थामा हुँदा त्यतिकै थाकेर निदाउनुभयो। उहाँ बिहान बिउँझिँदा छक्क

पर्ने गरी उहाँका हात खुट्टाहरू खोलेको अवस्थामा त्यो रूखमुनि हुनुहुन्थ्यो र उहाँको छेउमा कुनै फलहरू पनि थिए। आफूले ख्रीष्ट येशूको निम्ति दुःख भोग्नु पाएकोमा परमेश्वरलाई प्रशंसा गर्नुभयो साथै धन्यवादसहित त्यो फलफूल खानुभयो र ताजा साहससहित ख्रीष्टको सन्देश नसुनेका मानिसहरूको बीचमा प्रचार गर्न जानुभयो।

अर्को एउटा घटनामा उहाँ टेरी भन्ने ठाउँमा हुनुहुन्थ्यो, त्यहाँका कुनै मानिसहरूले छेउमा भएको अर्को एउटा गाउँमा मानिसहरू सुसमाचार सुन्न इच्छासहित पर्खिरहेका छन् भनी बताएर त्यहाँ पुग्ने बाटो पनि बताए। तिनीहरूले बताएको दिशामा उहाँ लामो समय जङ्गलभित्र हिँड्नुभयो तर कुनै बस्ती भएको केही चिन्हहरू देख्नुभएन। झाडी बाक्लो हुँदै गयो र उहाँले तुरुन्तै आफू जङ्गलमा हराएको थाहा पाउनुभयो र निस्कने बाटो पाउँछजस्तो उहाँलाई लागेन। उहाँ एउटा जङ्गली नदीको छेउमा आउनुभयो, त्यसलाई पार गर्न सक्यो भने आफूले बाटो पत्ता लगाउन सक्छु भन्ने लाग्यो तर उहाँले पानीमा खुट्टा टेक्दा नदीको गति अति तीव्र भएकोले यो प्रयासमा आफूले जीवन गुमाउन सक्ने सम्भावना देख्नुभयो। बेलुकी हुन थालेको थियो, निराश भएको अवस्थामा अब के गर्ने भनी सोच्दै नदीको छेउमा बस्नुभयो। जङ्गलका विभिन्न आवाजहरू सुन्दा र जङ्गल अँध्यारो हुँदै गएको देख्दा अब के हुन्छ होला भनी डराउन थाल्नुभयो। अबको कुनै समयमा जङ्गली जनावरहरू आहारा खोज्दै आफ्नो ठाउँबाट निस्केर आउँछन् र अब उहाँको जीवन सुरक्षित हुँदैन।

उहाँले उत्कट रूपमा प्रार्थना गर्नुभयो। नदीको पारी एक जना मानिसलाई देख्नुभयो र 'तिमीलाई सहायता गर्न म आउँदै छु' भन्ने आवाज सुन्नुभयो। उहाँले हेर्दाहेर्दै त्यो मानिस नदीमा हाम फाल्यो, पौडी खेल्दै यतापट्टि आएर साधुलाई आफ्नो पछाडि ढाडमा बोकेर फेरि पौडी खेल्दै नदीलाई पार गऱ्यो। किनारमा आइपुगेपछि साधुले बलिरहेको आगो देख्नुभयो र आफ्नो लुगा सुकाउन थाल्नुभयो, तर उहाँले यो गरिरहँदा त्यो मानिस हरायो। सहायता गर्न परमेश्वरले प्रयोग गर्ने आश्चर्यपूर्ण तरिकाहरूलाई साधुले मन–मनै सम्झन थाल्नुभयो।

अर्को एउटा समयमा साधुले धेरै विरोध भइरहेको बेलामा कमयन भन्ने ठाउँमा प्रचार गर्दै हुनुहुन्थ्यो। दिनभरि उहाँले केही खानेकुरा पाउनुभएको थिएन, भोक र थकाइले गाह्रो भइरहेको बेलामा रात पर्न थाल्यो। बास नपाएर उहाँ एउटा एकान्त ठाउँमा हुनुहुन्थ्यो। धेरै कमजोर र थकित भएको अवस्थामा एउटा रूखमुनि सुत्नुभयो र छिट्टै निदाउनुभयो। मध्य रातको समयमा कसैले उहाँलाई छोएर, 'उठेर खाऊ' भनेजस्तो लाग्यो, उहाँले हेर्दा दुई जना मानिसहरू खानेकुरा र पानी बोकेर उहाँको छेउमा उभिरहेका थिए। कुनै गाउँका मानिसहरूले आफूमाथि दया गरेर ल्याएको हुनुपर्छ भन्ने सम्झिँदै धन्यवादसहित त्यो भोजन खानुभयो। आफ्नो भोक मेटिसकेपछि ती मानिसहरूलाई धन्यवाद दिन फर्केर हेर्दा वरिपरि कोही पनि देख्नुभएन। तिनीहरू कसरी हराए उहाँलाई थाहा भएन, तर फेरि पनि समयमा दिनुभएको सहायताको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो।

उहाँ भुलेराको घनघोर जङ्गल हुँदै जाँदा एउटा घटना घटेको थियो। यो जङ्गल चोरहरूको मुख्य वासस्थान थियो। अचानक ४ जना मानिसहरूले उहाँलाई रोके र एक जना छुरी उठाउँदै उहाँको नजिक आए। आफूलाई बचाउन नसकेर अन्तिम घडी आइसक्यो भन्ने ठानेर उहाँले त्यो प्रहारलाई स्वीकार गर्न टाउको घोप्टो पार्नुभयो। नसोचेको यो व्यवहारले गर्दा उसले प्रहार गर्न सङ्कोच मान्यो, र त्यसको सट्टामा भएका सबै कुरालाई दिनु भनी साधुलाई माग्यो। पैसाको लागि उहाँलाई पूरै छामछुम गरी केही नपाउँदा उहाँसँग भएको पछ्यौरालाई खोसेर जान दिए।

उम्कन पाएकोमा धन्यवाद दिँदै सुन्दर अगाडि बढ्नुभयो, तर धेरै टाढा पुग्नुभन्दा अगाडि नै उहाँलाई फर्केर आउनलाई बोलाए; अब मृत्यु निश्चित भयो भनी सोचेर उहाँ फर्किनुभयो। त्यो मानिसले उहाँलाई तपाईं को हो र तपाईंको शिक्षा के हो भनी सोधे। सुन्दरले आफू इसाई हो भन्ने कुरा बताउनुभयो र आफ्नो नयाँ करारको पुस्तक खोलेर धनी मानिस र लाजरसको घटनालाई पढेर सुनाउनुभयो। त्यो मानिसले ध्यानसित त्यो कुरा सुने र सुन्दरले यसको बारेमा उसको विचार के छ भनी सोध्दा आफू डरले भरेको कुरा बताए र एउटा सानो पापको लागि यति डरलाग्दो दण्ड

पाउँछ भने महा–पाप गर्नेहरूको अवस्था के हुन्छ होला भनी भने।

साधुले यो मौकालाई प्रयोग गरी त्यो मानिसलाई परमेश्वरले राख्नुभएको अनुग्रहको धनलाई खोलेर देखाउनुभयो; यो कुराले त्यो मानिसको हृदयलाई छोयो, उसले रुँदै आँसु बगाउँदै आफ्नो अपराध र पापको कहानीलाई बतायो। उसले सुन्दरलाई आफ्नो गुफामा लगेर भोजन पकाएर दिए र खाइदिन बिन्ती गरे। केही बातचित र छोटो प्रार्थनापछि दुवै जनाले विश्राम लिए। भोलिपल्ट बिहान सुन्दरलाई उठाए र उहाँलाई अर्को एउटा गुफामा लगेर डरलादा मानिसहरूका हड्डीको थुप्रो देखाए। ठुलो आवाजले रुँदै, विलाप गर्दै उसले ती हड्डीहरूलाई देखाउँदै भने, 'यी नै मेरा पापहरू हुन्; भन्नुहोस्, मेरो लागि केही आशा छ ?' पापको महसुसले उसमा भएको पीडा र डरलाई देख्दा साधुको हृदय छोयो र उहाँले क्रूसमा क्षमा पाएको चोरको बारेमा उसलाई बताउनुभयो। दुवै जनाले घुँडा टेके, त्यो दयालाग्दो पापीले विलापद्वारा परमेश्वरको अगाडि आफ्नो पापको पश्चात्ताप गरे। दुवै जना त्यहाँबाट लब्चामा (Labcha) गए र साधुले मिसनरीको हातमा उसलाई जिम्मा दिनुभयो र अन्तमा उसले बप्तिस्मा पायो। बाँकी रहेका तीन जना पनि आफ्नो खराब जीवनलाई त्यागेर इमानदार काम गर्न थाले। यसरी साधु चार जना महा–पापीहरूलाई सहायता गर्न प्रयोग हुनुभयो।

साँच्ची नै यस्तै घटनाहरू अझै धेरै घटेको हुनुपर्दछ, साधु सुन्दर सिंहजस्तो मानिसको जीवनमा परमेश्वरको हात प्रकट हुने समयहरूलाई देख्ने मौकाहरू धेरै थिए। साधु सुन्दर सिंहले यी घटनाहरूलाई व्याख्या गर्न प्रयास नगरीकन यी सबै परमेश्वरबाट आएको छुटकारा हो भनी धन्यवादसहित स्वीकार गर्नुहुन्थ्यो। उहाँ भन्नुहुन्छ, 'मलाई थाहा छ, परमेश्वरले आफ्नै हात पसारेर मलाई बचाउनुभयो,' मानिसहरूद्वारा अथवा अन्य कुनै माध्यमद्वारा यसरी छुटकारा पाउँदा त्यो कुरालाई प्रेमिलो स्वर्गीय पिताको वास्ता हो भनी उहाँले बताउनु सत्य थियो।

# अध्याय - १२
# साधुको क्रूसप्रतिको माया

साधु सुन्दर सिंहको प्रचारको मुख्य विषय ख्रीष्ट हुनुहुन्थ्यो। ख्रीष्टको क्रूस नै उहाँले शान्ति पाएको ठाउँ थियो, र त्यो क्रूसको अधिकारसहित उहाँले अरूलाई बचाउन प्रचार गर्न सक्नुहुन्थ्यो। उहाँले सबै मानिसहरूलाई त्यही क्रूसको नजिक बोलाउनुहुन्थ्यो। उहाँले बारम्बार प्रयोग गर्ने शब्दहरू उहाँकै अनुभवबाट आएको थियो, 'म निश्चयसाथ भन्न सक्छु कि क्रूसले आफूलाई बोक्नेहरूलाई बोक्छ, उद्धारकर्ताको उपस्थितिमा उचालिने बेलासम्म त्यो क्रूसले उनीहरूलाई बोक्छ।'

साधुले भारतको हृदयको चाहनालाई जान्नुहुन्थ्यो, र आत्मिक भोकलाई तृप्त तुल्याउन सक्ने येशू र उहाँको क्रूसलाई प्रचार गर्नुहुन्थ्यो। उहाँले त्यो सन्देशलाई नयाँ करारले बताएअनुसार प्रचार गर्नुहुन्थ्यो, र उहाँको पूर्ण आत्मत्याग र बलिदानको जीवनले त्यो सन्देशलाई प्रभावकारी रूपमा काम गर्न सहायता गऱ्यो, साथै उद्धारकर्तामा उहाँले पाउने ठुलो व्यक्तिगत आनन्द त्यो सन्देशलाई अरू सबै थोकभन्दा बढी प्रशंसाको योग्य बनाउँछ। क्रूसको अर्थ दुःख भोग्नु हो, र आफ्नो उद्धारकर्ताजस्तै हुनु नै साधुको मुख्य इच्छा थियो। उहाँले एउटा हस्ताक्षर किताबमा यसरी लेख्नुभयो: "ज्योतिमा मलाई यति महान् आनन्द छ कि हरेक दुःखले खुशी ल्याउँदछ।"

तिरूवनन्तपुरममा हुँदा उहाँ आफूलाई सम्मान गर्ने ठूलो भिडको बीचमा हुनुहुन्थ्यो, तर आफू आरामदायी परिस्थितिमा भएको र आफ्नो मालिकको लागि दुःख भोग्न नपाएकोमा उहाँ दुःखी हुनुहुन्थ्यो।

उहाँ इलाममा झ्यालखानामा दुष्ट स्वभाव भएका मानिसहरूको बीचमा

रहनुपर्दा आफ्नो नयाँ करारको पुस्तकको अगाडि भएको खाली पानामा यसरी लेख्नुभयो:

"नेपाल जुन–७–१९१४

ख्रीष्टको उपस्थितिले मेरो झ्यालखानालाई नै आशिषित् स्वर्गको रूपमा परिवर्तन गराइदियो भने त पछि स्वर्गमा के गर्छ होला ?" ।

पावल र सिलासजस्ता आफ्नो पूर्ववर्ती सेवकहरूलाई जसरी नै झ्यालखाना उहाँको लागि ख्रीष्टलाई भेट्ने ठाउँ थियो, ख्रीष्ट सँगसँगै नरकमा हुनु उहाँबिना स्वर्गमा हुनुभन्दा उत्तम छ।

ख्रीष्टको अनन्त उपस्थिति आफ्नो साथमा भएको कुरामा साधु निश्चित हुनुहुन्थ्यो कि तल दिएको घटना उहाँको जीवनमा घट्दा उहाँले अलिकति पनि आश्चर्य व्यक्त गर्नुभएन। साधुले तिब्बतको एउटा कठोर भागमा यात्रा गर्दा मानिसहरूको विरोधको कारण उहाँ गाउँमा पस्न पाउनुभएन र एउटा ओडारमा शरण लिनुभयो। उहाँ त्यो ओडारमा धेरै समय नबिताउँदा नै गाउँका मानिसहरू लौरो र ढुङ्गाहरू बोकेर आफूकहाँ आइरहेका देख्नुभयो, आफ्नो अन्त नजिक आइसक्यो भन्ने सम्झिँदै आफ्नो प्राणलाई प्रार्थना गरी परमेश्वरको हातमा समर्पण गर्नुभयो। उहाँको नजिक आइपुग्न दुई चार मिटर बाँकी रहँदा तिनीहरू अचानक रोकिए र दुई तीन कदम पछाडि गए र एक अर्कासँग खासखुस गर्न थाले। एक छिनपछि तिनीहरू अगाडि आए र साधुलाई सोधे, 'उज्यालो वस्त्र लगाएर तपाईंसित भएको त्यो मानिस र तपाईंको वरिपरि भएका अरू मानिसहरू को हुन् ?' साधुले जवाफ दिएर भन्नुभयो, "मसँग कोही पनि थिएनन्", तर तिनीहरूले अचम्म मानेर आफूले ओडारको वरिपरि उज्याला मानिसहरूको समूह उभिरहेको देखेको कुरा पक्का हो भनी बताए। ती मानिसहरूले साधुलाई आफ्नो घरमा जान बिन्ती गरे, उनीहरूसँग जाँदा उहाँले ख्रीष्टको बारेमा तिनीहरूलाई बताउनुभयो, तिनीहरू डराए र उहाँका शब्दहरूलाई विश्वास गरे। साधुले आफूलाई बचाउन र ती मानिसहरूको बीचमा प्रचार गर्ने बाटो खोलिदिन परमेश्वरले आफ्नो

स्वर्गदूत पठाउनुभयो भन्ने थाहा पाउनुभयो।

उहाँको १० वर्षको सेवाकाइपछि उहाँले यसरी लेख्नुभयो:

मजस्तो काम नलाग्ने व्यक्तिलाई जवान अवस्थामा आफ्नो बललाई उहाँको सेवामा खर्च गर्ने गरी चुन्नुभएको परमेश्वरलाई धन्यवाद दिन्छु। मेरो बप्तिस्मा हुनुभन्दा अगाडि नै उहाँले आफ्नो बाटो देखाउन् भन्ने नै मेरो प्रार्थना थियो। बाटो सत्य र जीवन भएको उहाँ आफै मेरो लागि प्रकट हुनुभयो, र एउटा साधु भएर उहाँको पवित्र नाउँको प्रचार गर्न बोलाउनुभयो। तिर्खा, जाडो, गर्मी, झ्यालखाना, श्राप, दुर्बलता, सतावट र अनगिन्ती दुष्टताहरूलाई मैले भोगे तापनि उहाँको अनुग्रहले मेरो हृदय सधैँ आनन्दले भरेकोमा म उहाँलाई धन्यवाद दिन चाहन्छु। मेरो १० वर्षको अनुभवमा म सङ्कोच नमानीकन भन्न सक्छु कि क्रूसले आफूलाई बोक्नेहरूलाई बोक्छ।

# अध्याय - १३
# उपवास

सन् १९१२ को अन्ततिर साधु सुन्दर सिंह बङ्गालको कलकत्ता जानुभयो, साधु सुन्दर सिंहलाई क्यानडामा भएको सिख समाजको बीचमा मिसनरीको रूपमा पठाउने निर्णय भएको हुँदा उहाँले त्यो निर्णयलाई स्वीकार गर्न तयार हुनुभयो। तर त्यति बेला एउटा भारतीयलाई क्यानडा जान राहदानी पाउन असम्भव छ भनी थाहा पाएर त्यो योजना रद्द भयो।

उहाँ कलकत्ताबाट फेरि मुम्बईसम्म सेवा गर्दै त्यहाँबाट फेरि उत्तर-भारतमा जानुभयो। उहाँको बप्तिस्मा भइसकेपछि उहाँमा दुईवटा मुख्य गहिरो इच्छाहरू थिए, एउटा ख्रीष्ट जन्मेको र सेवा गरेको ठाउँलाई हेर्न प्यालेस्टाइन जानु र अर्कोचाहिँ येशूले जसरी ४० दिन र ४० रात उपवास बस्नु थियो। पहिलो इच्छालाई पूरा गर्न उहाँ सन् १९०८ मा मुम्बई जानुभएको थियो तर विभिन्न कारणले त्यो यात्रा सफल हुन नसकेर उहाँ फर्किनुभएको थियो। चार वर्ष पछाडि उहाँ क्यानडा जान तयार हुँदा त्यो यात्रा पनि सम्भव भएन, र अहिले साधुको मन दोस्रो इच्छालाई पूरा गर्नुतिर फर्क्यो। यो प्रार्थना र उपवासले परमेश्वरसँगको घनिष्ठ सम्बन्धको आवश्यकता पूरा गर्छ र सेवामा चाहिएको शक्तिलाई बढाउँछ भनी उहाँले विश्वास गर्नुभयो।

यतिखेरको समयमा नै साधुले रोमन क्याथोलिक चिकित्सक स्विफ्टलाई भेट्नुभयो र उहाँसँग उत्तरतिर यात्रा गर्दा उहाँहरूले त्यो उपवासको बारेमा छलफल गर्नुभयो। चिकित्सकले साधुलाई त्यो इच्छाबाट फर्काउन धेरै प्रयास गर्नुभयो, र त्यसले निश्चय नै मृत्यु ल्याउँछ भनी भन्नुभयो। साधुले आफ्नो इच्छालाई त्याग्न नमानेपछि चिकित्सकले उहाँका मुख्य साथीहरूको ठेगाना दिन बिन्ती गर्नुभयो र सुन्दरले

दिनुभयो। चिकित्सक क्याथोलिक मिसन भवनमा जानुभयो, र साधु उपवास र प्रार्थनामा समय बिताउने निर्णयसहित उहाँबाट छुट्नुभयो। सन् १९१३ सालको सुरुमा हरिद्वार र देहरादूनको बीचमा भएको जङ्गली भू–भागमा सुन्दर एक्लै आफ्नो परमेश्वरलाई भेट्न जानुभयो।

दिनहरू बितेर हप्ताहरू भए र उहाँको बारेमा कुनै खबर बाहिरी संसारमा पुगेन। दोस्रो हप्ता बितिसकेपछि क्याथोलिक चिकित्सकले पक्कै सुन्दर जङ्गलमा मर्नुभयो भनी सम्झनुभयो, र सुन्दरका साथीहरूलाई उहाँको मृत्युको खबर पठाउनुभयो। हप्ताहरू बित्दै जाँदा यो हुन सक्ने कुरा भनी मानिएकोले उहाँको मृत्यु भएको खबर सबै ठाउँमा स्विकारियो। विभिन्न पत्रिकाहरूमा उहाँको श्रद्धाञ्जली छापियो, र उहाँको सम्झनामा एउटा सङ्गति राखियो, साथै उहाँको लागि एउटा सम्झनाको पाटी राख्न शिमलाको मण्डलीमा पैसा सङ्कलन भयो।

यतिखेर साधु जङ्गलमा भोजनबिना दिनानुदिन कमजोर हुँदै जानुभएको थियो। साधुले पहिला नै केही हुन सक्छ भन्ने चेतावनी पाएको कारण दिनहरू गन्नको लागि ४० वटा ढुङ्गा खोजिराख्नुभएको थियो र हरेक दिनमा एउटा ढुङ्गा फाल्नुहुन्थ्यो तर अन्तमा उहाँले त्यो पनि गर्न सक्नुभएन। उहाँमा देख्ने र सुन्ने क्षमता पनि हट्यो, अचेत अवस्थामा आफ्ना वरिपरि हुने कुराहरूलाई थाहा पाउन सके तापनि जीवन भएको कुनै चिन्ह देखाउन नसक्ने भएर लडिरहनुभएको थियो।

उपवासको सुरुका समयहरूमा खानेकुराको अभावले तीव्र रूपले पेट पोलेको अनुभव गर्नुभयो, तर त्यो चाँडै नै हटेर गयो। उपवासका समयहरूमा उहाँले ख्रीष्टलाई देख्नुभयो तर त्यो शारीरिक आँखाले होइन, जुन आँखाहरू त्यति बेला कमजोर भएका थिए, आत्मिक दर्शनमा उहाँले देख्नुभयो, छेडेका हातहरू, रगत बगिरहेका पाउहरू र प्रकाशमय मुहारसहित येशू देखा पर्नुभयो। त्यो अवधिभरि नै उल्लेखनीय रूपमा शान्ति र आनन्दको पूर्णताको अनुभव गर्नुभयो .... वास्तवमा त्यो अनुभव यति ठूलो थियो कि उपवासलाई त्यागिदिने कुनै पनि परीक्षा उहाँमा

आएन ....

यो अवस्थामा हुँदा जङ्गलमा बाँस काट्न आएकाहरूले उहाँलाई देखे, साधुको वस्त्र पहिरिएको देखेर उहाँलाई आफ्नो पछ्यौरामा हालेर ऋषि केश पुऱ्याई त्यहाँबाट देहरादून पुऱ्याए। त्यहाँबाट रथमा राखेर एनफिल्ड (Annfield) पुऱ्याए। उहाँले पार गरेर आएको घटनाले गर्दा उहाँको रूप पूर्ण रूपमा फेरिएको थियो र उहाँका इसाई साथीहरूले चिन्न सकेनन्; उहाँको नयाँ करारको पुस्तकमा भएको नामद्वारा मात्र उहाँ को हो भनी चिनियो। यी साथीहरूले उहाँलाई चाहेको उपचार र वास्ता पुऱ्याएर फेरि पूर्ण जीवित पारे र मार्च महिनातिर फेरि यात्रा गर्न सक्ने गरी पूर्ण रूपमा स्वस्थ हुनुभयो। उहाँ शिमलामा जाँदा त्यहाँ आफ्नो मृत्युको बारेमा फैलिएका कुराहरू सबै सुन्नुभयो।

उपवासले आफ्नो आत्मिक जीवनमा एउटा स्थायी प्रभाव छोडेर गयो भनी साधुले पक्का रूपमा भन्नुहुन्छ। उहाँको जीवनमा भएका केही शङ्काहरू पूर्ण रूपमा हटेर गयो। कुनै बेला जीवनमा आफूले महसुस गर्ने शान्ति र आनन्द आफ्नो जीवनको एउटा रहस्य शक्तिबाट आफूभित्रबाट उम्रेर आएको होला र स्वर्गीय उपस्थितिद्वारा आएको होइन होलाजस्तै उहाँलाई लाग्थ्यो। तर उपवासको समयमा उहाँका शारीरिक शक्तिहरू पूर्ण रूपमा रित्तिएको अवस्थामा त्यो शान्ति उल्लेखनीय रूपमा बढ्यो र बलियो भयो। यसले उहाँलाई आफूभित्र भएको शान्ति मानिसको मनमा प्राकृतिक रूपमा हुने कामहरूको परिणाम होइन तर स्वर्गबाट आएको हो भन्ने विश्वस्त पाऱ्यो। मानिसको आत्मा दिमागभन्दा छुट्टै कुरा हो भनी थाहा पाउनु उपवासको अर्को एउटा परिणाम थियो। आफ्नो शरीर कुहेर गइसकेपछि आफ्नो आत्मालाई के हुन्छ भन्ने कुरामा उहाँ अचम्म मान्नुहुन्थ्यो। तर उहाँले उपवासका समयहरूमा आफ्नो शरीर कमजोर हुँदै गएको कुरालाई थाहा पाउनुभयो, त्यसै बेला आत्माचाहिँ बढी सक्रिय र सजग भएको देख्नुभयो, यसबाट आत्मा पूर्ण रूपमा दिमागभन्दा छुट्टै छ भन्ने कुराको निष्कर्षमा आउनुभयो। 'दिमाग आत्माले काम गर्ने कार्यस्थल हो। दिमाग एउटा वाद्यजस्तै हो र आत्मा त्यसलाई

बजाउने व्यक्तिजस्तै हो। एक दुई वटा स्वरहरू गलत हुन पुग्न सक्छ र आवाज नआउन सक्छ तर बजाउने व्यक्ति नै छैन भन्ने त्यसको अर्थ लाग्दैन।'

वनमा बसेको उपवासले उहाँको जीवनमा एउटा स्थायी प्रभाव छोडेर गयो भनी उहाँले भन्नुहुन्थ्यो। "मैले ४० दिनको उपवास बस्नको लागि प्रयास गरेको समयभन्दा अघिका समयहरूमा म बारम्बार परीक्षाहरूको आक्रमणमा पर्थें, तपाईंले मेरो बारेमा किताब लेख्दा (लेखक अप्पासामीलाई भन्नुभएको थियो) मेरा कमजोरीहरूको बारेमा पनि लेख्नुपर्छ। विशेष गरी म थकित भएको बेलामा मानिसहरू मसँग कुरा गर्न र प्रश्न सोध्न आउँदा मलाई मनमा रिस उठ्थ्यो। मैले अझै पनि त्यो समस्या भोगिरहेको छु तर उपवास बस्नुभन्दा अघि जति धेरै थियो त्यतिचाहिँ होइन। वास्तवमा मेरा साथीहरूले त्यस्तो देखिँदैन भनी भन्नुहुन्थ्यो तर उनीहरूको कुरा ठिकै भए पनि त्यो कमजोरीपन नै हो, जुन कुरा मेरो जीवनमा भएको म चाहन्नँ। त्यसले ममा समस्या र शङ्कालाई उत्पन्न गराएको छ तर त्यो आफ्नो शरीरमा दिइएको काँढाको बारेमा पावलले लेख्नुभएजस्तै मलाई विनम्र राख्नको लागि हुन सक्छ, उहाँको समस्या पनि यही नै थियो जस्तो मलाइ लाग्छ । अथवा त्यो शरीरमा जिइरहेको कारण हुन सक्छ तर त्योचाहिँ कारण नहोस् भनी म चाहन्छु। उपवासमा जानुभन्दा अगाडि अरू धेरै परीक्षाले पनि मलाई सताउँदथ्यो। भोक र तिर्खाको दुःख भोग्दा परमेश्वरले किन जुटाउनुभएन भनी म सोध्थेँ र गुनासो गर्थें। उहाँले मलाई साथमा कुनै पैसा बोक्नुहुँदैन भनी भन्नुभएको थियो, साथमा पैसा बोकेको भए मलाई आवश्यक पर्ने कुराहरू किन्न सक्थेँ तर उपवासपछि शारीरिक कठिनाइहरू भोग्नुपर्दा म भन्थेँ, 'यो मेरो पिताको इच्छा हो; मैले गरेको कुनै कामले गर्दा यो भोग्न परेको हुन सक्छ।'

"उपवासभन्दा अघि कुनै-कुनै बेला साधुको जीवनलाई त्यसको कठिनाइसहित त्यागेर मेरो बुबाको घरमा भएको सुख विलासमा फर्केर विवाहित आरामदायी जीवन जिउने परीक्षामा पर्थें। म एउटा असल इसाई

भएर परमेश्वरसँग घनिष्ठ सम्बन्ध भएको जीवन त्यहाँ पनि जिउन सक्दिनँ र? अरूको लागि पैसा र घरसहित आरामदायी जीवन बिताउनु पाप होइन भन्ने मैले देखेँ तर परमेश्वरले मेरो लागि छुट्टै प्रकारको बोलावट दिनुभएको छ, र परमेश्वरले मलाई दिनुभएको स्वर्गीय आनन्दको (आत्मामा स्वर्गलोकमा उठाइलगिनु) वरदान सबै घरभन्दा उत्तम छ।"

यो डर ल्याउने किसिमको अनुभवले साधुले विश्वास गरेजसरी नै उहाँलाई धेरै आत्मिक प्रकाशहरू पनि दियो। दिनहरूको गन्ती थाहा नपाए पनि र चालिस दिन पूरा नभए तापनि यी आत्मिक प्रकाशहरू जीवनलाई वेदीमा राखेर पाउनुभयो।

# अध्याय - १४
# नेपालको सेवा

उपवासले ल्याएको शारीरिक कमजोरीपनबाट पूर्ण रूपमा निको भइसकेपछि साधु सुन्दर सिंह सन् १९१३ को गर्मी याममा तिब्बत जानुभयो र त्यहाँबाट फर्केर आएर जाडो यामलाई उत्तर भारतमा बिताउनुभयो। अर्को वर्षको सुरुवातमा फेरि उहाँ बङ्गाल पुग्नुभयो र त्यहाँबाट दार्जिलिङ हुँदै सिक्किममा पस्नुभयो। स्वायत्त शासन भएको उत्तर–भारतभन्दा माथि भएका साना प्रान्तहरू नेपाल, सिक्किम र भुटान आफ्नो देशका राजाहरूको शासनमुनि थियो, र तिब्बत जसरी नै इसाइत्वलाई विरोध गर्ने परिस्थिति त्यहाँ पनि थियो। यहाँका मानिसहरू अन्धविश्वास र अनभिज्ञ थिए र विदेशी धर्म प्रचार गर्नको लागि कुनै–कुनै ठाउँहरूमा निषेध गरिएको थियो। सन् १९१४ मा सबै प्रकारको नराम्रो व्यवहार र मृत्यु समेत पनि भोग्नुपर्ने सम्भावना हुन्छ भन्ने कुरा थाहा हुँदा पनि साधु सुन्दर सिंह नेपालमा जानुभयो।

सन् १९१४ को मे महिनाको अन्ततिर उहाँ नेपालको सिमानामा पुग्नुभयो। नूर अफ्शन पत्रिकामा उहाँले सन् १९१४ को जुलाई ३ तारिखमा लेख्नुभयो:

"धेरै कष्टहरूपछि परमेश्वरले मलाई नेपालभित्र जान बाटो खोलिदिनुभयो। दुई ठाउँबाट मैले नेपालभित्र प्रवेश गर्न प्रयास गरेँ तर राहदानीबिना भित्र जान नपाउने भएकोले त्यहाँका अधिकृतहरूले मलाई रोके, साथै इसाईहरूलाई राहदानी पाउनु असम्भव हो, त्यो पनि प्रचारकलाई झनै पाउँदैन .... कुनै इसाई भित्र प्रवेश गरेकोमा उसले ६ महिनाको कठोर जेल सजाय भोग्नुपर्ने हुन्छ ....

यात्रामा मैले धेरैवटा गाउँहरू पार गर्दै गएँ, ती ठाउँहरूका मानिसहरूले पूर्ण हृदयले परमेश्वरको वचन सुने। यी भू–भागमा सडकहरू डरलाग्दा छन्, यो बाटोमा यात्रा गर्ने मानिस उकालो–ओरालो हिँडेर नदीहरूलाई पार गरेर थकित हुन्छ। जुन महिनाको ७ तारिख सधैँ मेरो सम्झनामा रहने दिन भयो, म यात्रामा थकित भएर धेरै भोक र तिर्खा लागिरहेको अवस्थामा ठूलो पानी परिरहेको बेला ७ माइलको उकालो बाटो उक्लँदै थिएँ। एउटा डरलाग्दो हावाको झोक्काले मलाई एउटा ओडारभित्र फ्याँक्यो। परमेश्वरलाई प्रशंसा होस् ! म त्यति अग्लो ठाउँबाट लडे तापनि मलाई केही हानि भएको थिएन .... त्यो हावाको वेग प्रेमको चालको रूपमा परिणत भयो र पानीको वर्षा अनुग्रहको वर्षा हुन पुग्यो .... येशूलाई क्रूसमा टाँगेको घटनाका विभिन्न क्रमहरू मेरो अगाडि दर्शनमा देखा परे। पहिलो कुरा उहाँ गेत्समनीको बगैँचामा रातभरि ब्युँझी रहनुभयो; दोस्रो : उहाँ भोकाउनु र तिर्खाउनुभएको थियो; तेस्रो : कोर्राको चोट र काँडाको मुकुटले रगत बगिरहेको थियो; चौथो : यी सबै कष्टहरू बाहेक क्रूसलाई उहाँ आफैले बोक्नुपर्थ्यो। यी सबै कारणले उहाँ गलगथामा उक्लिँदा लड्नुभयो। मेरो क्रूस तपाईंको क्रूसको अघि केही होइन, मेरा प्रभु, तपाईंको क्रूसको अद्वितीय प्रेम र अनुग्रहले मैले सबै आशिष्हरू पाएको छु र पाउनेछु पनि ...

म भोलिपल्ट बिहान नेपालको ठूलो एउटा सहर इलाममा पुगेको थिएँ। त्यो एउटा विशेष दिन भएकाले हाट लागेजस्तै बजारमा मानिसहरूको भिड थियो। मैले हुलाक कार्यालय अगाडि उभिएर प्रचार गर्न सुरु गरेँ .... नेपाली भाषामा भएको सुसमाचारका पर्चाहरू वितरण गरेँ, यतिखेर एक जना अधिकृतले यो खबर पाए। उहाँ धेरै रिसाउनुभयो र नेपालमा प्रचार गर्न कसले अनुमति दियो भनी मलाई सोध्नुभयो। मैले भने, कसैको आदेश अथवा स्वेच्छामा आएको होइन .... तर सबै अधिकृतहरूका अधिकृत र राजाहरूका राजा र तपाईं र मलाई सृष्टि गर्नुहुने, उहाँले नै मलाई पठाउनुभयो।

अधिकृत : किन ?

म : किनभने परमेश्वरले सबै जातिहरूलाई ख्रीष्ट येशूमा अनन्त जीवन पाउनको लागि बोलाउनुभएको छ, र नेपालले यो कुरा सुनेको छैन भनी मैले थाहा पाउँदा तपाईंहरूलाई सुसमाचार सुनाउनको लागि उहाँले मलाई आदेश दिनुभयो। तपाईंले उहाँमा विश्वास गर्नुभएन भने एक दिन आउँछ जुन दिनमा अहिले तपाईं मेरो अगाडि उभिरहनुभएको जस्तै उहाँको अगाडि उभिनु पर्नेछ र तपाईंलाई अनन्त दण्डको घोषणा गरिनेछ ।

अधिकृत : ....

म : ....

अधिकृतले इन्स्पेक्टरलाई : अब केही कुरा गर्नुपर्ने आवश्यकता छैन, यसलाई यहाँबाट लिएर गएर झ्यालखानामा हाल्नुहोस्।

इन्स्पेक्टर : यो अन्य धर्म मान्ने मानिसलाई झ्यालखानामा हाल्दा झ्यालखाना अशुद्ध हुन्छ।

म छक्क परेँ, नेपालमा झ्यालखानाहरू पनि पवित्र हुँदो रहेछन्। त्यो ठाउँ पवित्र ठाउँ हो भने त्यहाँ रहेका पवित्र मानिसहरूलाई किन बाहिर पठाउनुहुँदैन भनी मैले सोच्न थालेँ। यो मानिसलाई सजाय दिनको लागि झ्यालखानामा हाल्न सक्छ तर इसाईहरूले त्यसलाई आनन्दको रूपमा लिन्छन्, त्यसैले यसको लागि अरू कुनै सजाय तयार गर्नुपर्छ होला भनी इन्स्पेक्टरले भन्नुभयो।

अधिकृत : यसलाई हाम्रो भू–भागबाट फर्काउनुचाहिँ असल हुन्छ, किनभने यसलाई झ्यालखानामा हाल्यो भने, ६ महिनाको उसको प्रचारले अरू कैदीहरू पनि इसाई बन्न सक्छन् र यसको लागि छुट्टै व्यवस्थापन गर्नु पनि गाह्रो छ।

सबैले यो कुरामा सहमत भए र तुरुन्तै एउटा सिपाहीलाई जिम्मा लगाएर मलाई सिमानामा पुऱ्याए।”

सुन्दरलाई निषेध गरियो र सिमानाभन्दा बाहिर पठाइयो तर उहाँ तुरुन्तै इलाम फर्किनुभयो र प्रचार गर्न सुरु गर्नुभयो।

सुन्दरले आफ्नो उर्दू यात्राहरूको किताबमा भन्नुहुन्छ, अधिकृतहरूको आदेशको विरोधमा उहाँ निरन्तर प्रचार गरिरहनुभएको कारण उहाँलाई झ्यालखानामा हालियो र सताइयो। यो घटनालाई उहाँले यसरी लेख्नुभएको छ :

"मैले प्रचारलाई बन्द नगरेको मानिसहरूले देखे, मलाई समातेर झ्यालखानामा हाले। तिनीहरूले मेरा सबै लुगाहरू फुकाले र मेरा हात खुट्टाहरूलाई एउटा मुढामा बाँधे र धेरै जुकाहरू ल्याएर मेरो छेउमा छोडिदिए; बाहिरबाट फोहोर मैलाहरू ममाथि फ्याँके र नराम्रा शब्दहरू प्रयोग गरे। दुई तीन घण्टासम्म मैले मेरो कष्टलाई अति नै महसुस गरेँ तर त्यस पश्चात् मेरा प्रभुले उहाँको पवित्र उपस्थितिले मेरो झ्यालखानालाई स्वर्गलोक बनाइदिनुभयो .... म आनन्दले गीत गाइरहेको हुँदा धेरै मानिसहरू ढोकामा आएर सुन्न थाले, फेरि मैले प्रचार गर्न सुरु गरेँ, त्यस पश्चात् तिनीहरूले मलाई छोडिदिए। भोलिपल्ट म हिँड्दाहिँड्दै रिँगटा लाग्ने गरी जुकाहरूले मेरो रगत चुसेको थियो। उहाँको नाउँको खातिर दुःख उठाउन दिएर परमेश्वरले मलाई सम्मान गर्नुभयो, उहाँको महिमा होस्।"

(माथि दिइएको कुराहरू सन् १९१५ मा साधु सुन्दर सिंह आफैले लेख्नुभएका कुराहरू हुन्, जसलाई उहाँले घटना घटेका कुनै महिनाहरूपछि लेख्नुभएको थियो। त्यसै कारण हामी यसलाई भरपर्दो ठान्न सक्छौँ। मानव जातिको स्मरण शक्तिमा हुने कमजोरीपनले गर्दा कतिपय समयहरूमा वर्षहरू बितेर जाँदा घटेका घटनाहरूको विवरण पूर्ण रूपमा ठिकसँग याद हुँदैन, साधु सुन्दर सिंहलाई पनि यस्ता समस्याहरू हुन्थ्यो। त्यसैले पछिका वर्षहरूमा दिएको विवरणभन्दा यसलाई नै ठिक मान्न सक्छौँ।)

रगत कम हुँदै गएकोले त्यो लामो रातको समयभरिमा पीडा भोग्दै कमजोर हुँदै जानुभयो, तर बिहान हुँदा उहाँ जीवित नै हुनुहुन्थ्यो। उहाँलाई सताएकाहरूले उहाँको शान्तिपूर्ण मुहार देख्दा एउटा अन्धविश्वासको डरले तिनीहरूलाई समात्यो। आफूहरूले नबुझ्ने एउटा अनौठो शक्ति उहाँमा छ भन्ठान्दै बाँधिएको काठबाट उहाँलाई छुटाइदिए। यो डरलाग्दो अनुभवले साधु धेरै कमजोर हुनुभयो। धेरै समयको प्रयासपछि उहाँ त्यो ठाउँबाट बिस्तारै सकी–नसकी जानुभयो। त्यो ठाउँमा सन्न्यासी मिसनमा भएका कुनै रहस्य विश्वासीहरू थिए (पछिको अध्यायमा यसको बारेमा बताइन्छ) र ती दयालु मानिसहरूले आफ्नो घाइते भएको भाइलाई स्वीकार गरे र बलियो हुन्जेल उहाँको वास्ता गरे।

केही दिन पश्चात् उहाँको तिब्बतीय इसाई सहयात्री तार्चिनले उहाँलाई दार्जिलिङमा भेट्टाउनुभयो। उहाँले बताएअनुसार साधुको शरीरभरि घाउहरू थिए र शरीर सुन्निएको थियो, विशेष गरी आँखाहरू बढी सुन्निएको थियो।

यसको बारेमा साधुले बताउँदा उहाँले भन्नुभयो: ‘यो अनौठो कुरा हो। ख्रीष्टले दिनेचाहिँ कष्टमा आनन्द होइन तर उहाँले कष्टलाई नै आनन्दको रूपमा परिवर्तन गर्नुहुन्छ।’

# अध्याय - १५
# आत्मिक दर्शनहरू

साधु सुन्दर सिंह सिख हुँदा क्रूसमा टाँगिएको ख्रीष्टको दर्शन देख्नुभएको थियो, जुन कुराले उहाँको जीवनलाई नै परिवर्तन गऱ्यो, र त्यो दर्शन देखेको केही वर्षहरू नबित्दै उहाँले आत्मिक संसारका अरू दर्शनहरू देख्नुभयो र आत्मिक लोकमा भएकाहरूसँग कुरा पनि गर्नुभयो।

सन् १९१३ मा उहाँ कोटगढ़मा रहँदा एक दिन पहाडमा धुपीहरूको बीचमा बसेर मिसन विद्यालयमा पढ्ने विद्यार्थीहरूको लागि प्रार्थना गरिरहनुभएको थियो। अचानक उहाँका आत्मिक आँखाहरू खोलिए र आत्मिक संसारको महिमालाई देख्न थाल्नुभयो। त्यो अनुभव यति शक्तिशाली थियो कि आफू मर्छु भनेर उहाँ डराउनुभयो। बिस्तारै मात्र उहाँले त्यो एउटा दर्शन रहेछ भनी थाहा पाउनुभयो।

त्यस पश्चात् उहाँले बेला बेलामा दर्शनहरू देख्नुभयो। ती दर्शनहरूमा स्वर्गको आनन्द र ज्योतिलाई देख्नुभयो। त्यहाँका मानिसहरू आफूलाई देखेर हाँसिरहेको पनि देख्नुभयो तर तिनीहरूसँग कुरा गर्नुभएन। दर्शनहरूले उहाँलाई सधैँ नै व्यक्त गर्न नसकिने आनन्द ल्यायो। केही समयपछि महिनामा दश अथवा बाह्र पल्टसम्म उहाँले दर्शनहरू देख्नुभयो र आत्मिक लोकमा भएकाहरूसँग बातचित पनि गर्नुभयो। पछिका समयहरूमा उहाँको प्रचार र किताबहरूमा प्रयोग गरेका उदाहरणहरू, शिक्षाहरू र वचनका अर्थहरू यी सबै कुराहरूको मुख्य अंश यो स्वर्गीय दर्शन र बातचितबाट उहाँले प्राप्त गर्नुभएको थियो।

उहाँलाई दर्शनहरू विभिन्न समयहरूमा विभिन्न ठाउँमा आउँथे। कुनै बेला कुर्सीमा बसेर प्रार्थना गर्दै अध्ययन गरिरहेको समयमा दर्शनहरू

आउँथ्यो र उहाँ आत्मिक लोकमा उठाई लगिनुहुन्थ्यो। कोही बेला रूखको मुनि बसिरहेको हुँदा र कोही बेला भिड भएको रेलमा यात्रा गरिरहेको हुँदा उहाँ दर्शन देख्नुहुन्थ्यो। यसरी उहाँले दर्शन देख्दा वरिपरि भइरहेका कुराहरूको बारेमा धमिलो रूपमा मात्र थाहा पाउनुहुन्थ्यो र वरिपरि भएकाहरूले उहाँ आत्मिक लोकमा गएको र फर्की आएको केही थाहा पाउँदैन थिए। यसरी दर्शन देखेपछि उहाँले कुनै थकाइको अनुभव गर्नु हुन्न थियो तर व्यक्त गर्न नसक्ने आनन्दले भरिनुहुन्थ्यो। आफूले चाहेको बेलामा दर्शन देख्न सक्नुहुन्न थियो तर त्यो परमेश्वरको इच्छाअनुसार आउँथ्यो।

उहाँ स्वर्गीय आत्माहरूको बीचमा पुग्दा उहाँहरूले सुन्दर सिंहसँग कुनै पनि भाषामा बातचित गर्दैन थिए, तर बताउनुपर्ने कुराहरूलाई आत्मिक प्रकाशहरूद्वारा उहाँको मनमा हालिदिन्थे। यसरी पाएका प्रकाशहरूलाई आफ्नो मातृभाषा उर्दूमा पनि व्याख्या गर्न उहाँलाई शब्दहरू हुँदैनथ्यो। उहाँसँग रहेर उहाँको किताबलाई अनुवाद गर्ने टि.इ.रिड्डिल भन्नुहुन्छ, "मलाई उहाँले पहिलोपल्ट आफ्नो दर्शनको बारेमा बताएको त्यो रात अझै याद छ। मैले धेरै वर्ष अगिदेखि नै उहाँलाई घनिष्ठ रूपमा चिन्थेँ तर उहाँले यो कुराको बारेमा कहिल्यै बताउनुभएको थिएन। उहाँको एउटा किताबलाई मैले अनुवाद गरिरहेको समय उहाँ मसँग खरारमा (Kharar) हुनुहुन्थ्यो। गर्मी मौसममा राति हामी मेरो बङ्गलाअगाडि बाहिरतिर हिँडिरहेको बेला उहाँले आफ्नो दर्शनको बारेमा मलाई बताउन थाल्नुभयो। यो अचम्मको घटनालाई बताउँदा हामी झन्डै एक घण्टा आधा जति अँध्यारोमा हिँडिरह्यौँ र उहाँ उत्साहित हुँदै बताउँदै जानुभयो र उहाँको स्वर ठूलो हुँदै गयो र वरिपरि काम गरिरहेका नोकरहरू पनि आफ्नो बातचितलाई रोकेर उहाँको कुरालाई आश्चर्यसाथ सुन्न थाले।

हाम्रो गहिरो भावनाहरूलाई शब्दहरूमा व्यक्त गर्न कतिपय समयहरूमा भाषाहरूले साथ दिन सक्दैन। साधुले आफूले देखेका कुराहरूलाई शब्दहरूले व्याख्या गर्न सकेन भनी सधैँ भन्नुहुन्थ्यो, र उहाँले देखेका कुराहरूमा सबैभन्दा साधारण कुराहरूलाई मात्र शब्दहरूमा

व्याख्या गर्न सक्नुभयो। परमेश्वरको दास सुन्दर सिंहले स्वर्गदूतहरूको साथमा आफूलाई तोकिएको घरको अगाडि आइपुग्दा उहाँको अगाडि टल्किने अक्षरले 'स्वागत' भन्ने शब्द लेखिएको देख्नुभयो र ती शब्दहरू आफैबाट 'स्वागत, स्वागत' भन्ने आवाज बारम्बार दोहोऱ्याएर आइरहेको थियो। एउटा धार्मिक मानिसको आत्माले हासिल गरेको असल स्थान उसको पूर्ण स्वरूपबाट चम्किरहेको ज्योतिको चहकिलोपनबाट थाहा हुन्थ्यो। मानिसको स्वभाव र गुण उसको स्वरूपबाट इन्द्रेणीको रङ्गजस्तै विभिन्न चम्किलो महिमित रङ्गको रूपमा देखिन्थ्यो।

उहाँले बताएको आत्मिक संसारका कुराहरूलाई बुझ्न मैले सङ्घर्ष गरेँ। त्यहाँका पहाडहरू र समतल ठाउँहरू फूल र घाँसले उज्यालो भएको थियो। त्यहाँका नदीहरू, रूखहरू र वास गर्ने ठाउँहरू महिमाको सुन्दरताले भरिएको थियो। उहाँले यसरी दर्शन देखेपछि पृथ्वीमा फर्किंदा पृथ्वी उहाँको लागि धमिलो र आकर्षणहीन देखिन्थ्यो। पृथ्वीको वातावरणको होसमा फर्किनु झ्यालखाना फर्किनुजस्तै हुन्थ्यो भनी भन्नुहुन्थ्यो।

सबैभन्दा तल्लो नरक र सबैभन्दा उच्च स्वर्गको बीचमा एउटा मध्य ठाउँ थियो, जसमा अनगिन्ती ओहोदाहरू अथवा स्थानहरू थिए, जसमा मानिसको आत्माले संसारमा रहँदाखेरि हासिल गरेको भक्तिको जीवनअनुसार विभिन्न ठाउँमा पुगे। उहाँलाई बाइबलको अपरिवर्तनीय शिक्षासँग यो कुरालाई कसरी तुलना गर्नु हुन्छ भनी सोध्दा आफूले तुलना गर्न नसकेको कुरालाई बताउनुभयो। उहाँले दर्शनमा यो कुराको बारेमा सोध्नुभएको थियो, उहाँले पाएको जवाफ, 'हरेक मानिसहरूमा एउटा ईश्वरीय झिल्का हुन्छ, त्यो उसमा भएको कारण उसले परमेश्वरको ज्ञान र प्रेममा प्रगति गर्न सक्ने सम्भावना छ। हरेक ओहोदामा भएका आत्माहरूलाई स्वर्गदूतहरूले सिकाउँथे र आत्माहरू त्यसलाई ख्याल गरेर आफ्नो स्वार्थीपन र घमन्डबाट शुद्ध भएको अवस्थामा अर्को ओहोदामा जान पाउँथे। यसरी अन्तमा परमेश्वरको उपस्थितिमा नै पुग्न पाउँथे।

आत्माहरूको न्याय सबै गोप्य कुराहरूलाई प्रकाशमा ल्याउने परमेश्वरको महिमाको ज्योतिद्वारा गरिन्थ्यो। त्यो ज्योतिमा संसारमा रहँदा नै ईश्वरीय स्वभावमा सहभागी भएर ज्योतिमा हिँडेकाहरूले आफूमा भएको परिवर्तनसँग मिल्ने वातावरणमा आफूलाई भेट्टाए र परमेश्वरको आनन्दभित्र प्रवेश गरे। संसारमा रहँदा स्वार्थीपनको शासनमा रहेर अनाज्ञाकारी भएर जिएकाहरूले त्यो ज्योतिमा आफ्ना सबै अन्धकारका स्वभाव र पापहरू प्रकट भएको भेट्टाए र शान्ति पाउन नसकेर लाजले आफूलाई लुकाउन अन्धकारलाई खोजे। कुनै–कुनै आत्माहरू परिवर्तन गर्न नसक्ने गरी दुष्ट थिए र तिनीहरूमा भएको ईश्वरीय झिल्का पूर्ण रूपमा निभिसकेको थियो।

साधुले भन्नुभयो, यो अनौठो हो, मैले येशूलाई स्वर्गको बीचमा देखेँ तर पनि बच्चाहरू खेलिरहेका अथवा स्त्रीहरूको समूह अथवा मानिसहरूको समूह स्तुति प्रशंसा गर्दै रहेका जहाँ जहाँ देखेँ ती हरेक ठाउँको बीचमा पनि येशू हुनुहुन्थ्यो। परमेश्वरलाई मैले देख्न सकिनँ; उहाँको ज्योतिलाई थाम्न सक्ने उच्च ओहोदाका स्वर्गदूतहरूले मात्र उहाँलाई देख्थे।"

# अध्याय - १६
# महाऋषि (सन् १९१६-१९१७)

सन् १९१६ जुलाई १४ तारिखमा नूर अफ्शनको पत्रिकामा साधु सुन्दर सिंहले कैलाश पर्वतको उत्तम सुन्दरतालाई प्रशंसा गरेको कुरा पाउन सकिन्छ:

"हिन्दु शास्त्रहरूमा कैलाश पर्वतको नाम धेरैपल्ट उल्लेख भएको पाउन सकिन्छ। साँच्चै यो एउटा अचम्मको ठाउँ हो। त्यो वृद्ध महाऋषि यो ठाउँको सुन्दरताले प्रभावित भएर त्यसको वरिपरि बस्न इच्छुक हुनुभयो। बाइबल धर्मशास्त्र पनि पहाडी मुलुकमा लेखिएको हुनाले पहाड पर्वतका धेरै कुराहरू त्यसमा उल्लेख भएको छ। बाइबल पढ्नेहरूको लागि पर्वत एउटा उच्चस्तरको उदाहरण हो। हामी उदाहरणको लागि तल दिएका पदहरूलाई हेर्न सक्छौँ:

'मलाई धुनुहोस् र म हिउँभन्दा सेतो हुनेछु ।'

'जसरी हरिणले खोलाको पानीको तृष्णा गर्दछ, त्यसरी नै हे परमेश्वर, मेरो प्राणले तपाईँको तृष्णा गर्दछ ।'

लेखकले हिउँ र खोलाहरू देख्नुभयो र प्रभावित भएर प्रार्थना गर्नुभयो। तर जसले हिउँ र चिसो, मिठो र सङ्लो पानी भएका खोलाहरू देखेकै छैन, त्यसले कसरी यी कुराहरूको महानता बुझेर लेखकसँग एउटै शब्दले प्रार्थना गर्न सक्छ ?

दर्शन शास्त्रीहरू र शिक्षित मानिसहरूको लेख र बोलीहरूलाई बुझ्न उहाँहरूका प्राविधिक शब्दहरूलाई बुझेको हुनुपर्छ। तर परमेश्वरको किताबलाई बुझ्न प्रकृतिको दृश्यलाई बुझ्न सके हुन्छ। 'हे चतुर मानिस,

आँखाको अगाडि हरियो देख्ने रूखका पातहरू वास्तवमा ईश्वरीय प्रकाशको किताबका पानाहरू हुन्।' नदीहरू, खोलाहरू, पहाडहरू र फलफूलहरूको शक्तिशाली बोलीले कठोर हृदय भएको मानिसलाई पनि तिनीहरूको कान खुला छ भने पक्कै पग्लाउँछ। सारा सृष्टिले परमेश्वरलाई उच्च स्वरले प्रशंसा गरेको जस्तै देखिन्छ, तर जिब्रो भएको मानिसलाई आफ्नो ओठ बन्द भएको अवस्थामा देख्नु दुःख लाग्दो कुरा हो। ए छली जिब्रो भएको मानिस, तिमी व्यर्थका कुराहरू बोल्न सिपालु छौ, तर तिम्रो सृष्टिकर्ता प्रभुलाई प्रशंसा गर्नुपर्दा मौन रहन्छौ। धिक्कार, सयौँपल्ट धिक्कार !"

पत्र अगाडि बढ्दै गयो:

"एक जना महाऋषि यहाँको एउटा ओडारमा बस्दै आउनुभएको छ। उहाँलाई मैले अचानक भेटेको घटना मानिसहरूलाई बताउँदा यो एउटा दर्शन अथवा सपना मात्र हो भनी कतिले भने, र कतिले यो कहानी मात्र हो भन्दै विश्वास गरेनन्। मैले ती आदरणीय व्यक्तिहरूलाई मसँग गएर हेर्न बोलाएँ, तर दुःख लाग्दो कुरा पाड्रे विलियम्स बाहेक अरू कोही पनि जान तयार भएनन्। अन्तमा उहाँ पनि आउन पाउनुभएन। परमेश्वरले महाऋषिलाई अर्कोपल्ट भेट्ने अनुग्रह मलाई नै दिनुभयो।

उहाँलाई मैले पहिलोपल्ट जहाँ भेटेको थिएँ, त्यही ठाउँमा अहिले पनि हुनुहुन्थ्यो... उहाँले मेरो विगतको जीवनलाई हरेक पल मेरो साथमा रहेको जस्तै व्याख्या गर्नुभयो। एक जना मेरो घनिष्ठ मिसनरी साथीले मलाई भन्नुभयो: "तपाईंले उहाँलाई भेट्दा मेरो लागि पनि प्रार्थना गर्न भनिदिनुहोला।" मैले यो कुरालाई उहाँको तर्फबाट बताउँदा महाऋषिको जवाफ सुनेर म लज्जित भएँ। उहाँले भन्नुभयो, "तिम्रो सिफारिसको आवश्यकता छैन। कसैले नबताईकनै म सबैको लागि प्रार्थना गर्छु, मेरो जीवन नै प्रार्थनाको सेवाको लागि अर्पित भएको छ। तिम्रो मिसनरी साथीलाई भन उहाँले त्यो पापलाई नत्यागेको अवस्थामा... उहाँको लागि म कहिल्यै प्रार्थना गर्न सक्दिनँ। किनभने मैले प्रार्थना गरे पनि उहाँको पापले त्यसको उत्तरलाई रोकिदिन्छ।" म यो कुरा सुनेर आश्चर्यचकित

भएँ। मेरो साथीको भित्री अवस्थालाई उहाँले कसरी थाहा पाउनुभयो ? म त्यहाँबाट फर्केपछि ऋषिले बताएको कुरालाई साथीलाई पत्र मार्फत जनाएँ। उहाँ धेरै चिन्तित हुनुभयो, परमेश्वर र आफू बाहेक अरू कसैलाई थाहा छैन भनी उहाँले सम्झिरहेको त्यो पापको लागि आँसुसहित पश्चात्ताप गर्नुभयो।

ऋषिले भन्नुभयो: "कसैले गुप्तमा पाप गर्दा अरूले देखेन भनी उसले सम्झिन्छ, तर त्यति बेला परमेश्वरको पवित्र स्वर्गदूत मात्र नभएर निधन भएको उसका आफन्तहरूका आत्माहरू पनि त्यो ठाउँमा हुन्छन्। यो कुरालाई मैले मेरा आँखाले देखेको छु, तर ती आत्माहरूलाई मानिसको रूपमा आफैलाई प्रकट गराउने अनुमति छैन। ती आत्माहरू कसैले पाप गरेको देख्दा बेचैन हुन्छन् र त्यहाँबाट जान्छन्, किनभने पापको दुर्गन्धलाई उनीहरूले महसुस गर्छन्। यी आत्माहरू र स्वर्गदूतहरूले मानिसले गुप्तमा गरेको पापको लागि न्यायको त्यो महादिनमा गवाही बन्छन्। तर स्वर्गदूतहरू र सन्तहरूका आत्माहरू बाइबल अध्ययन र प्रार्थनामा व्यस्त रहनेहरूका साथमा सधैँ नै हुन्छन्। यही नै पुराना मानिसहरूले महसुस गरेका सन्तहरूको सङ्गति हो। यो संसारमा रहँदा हृदय र आत्मामा परमेश्वरको काममा व्यस्त रह्यौँ भने हाम्रो मृत्युको समयमा यी सन्तहरू र स्वर्गदूतहरू हामीलाई स्वागत गर्न आउँछन् र यिनीहरूको साथ हामी सधैँ परमेश्वरको नजिक रहन पाउँछौँ।"

यस पश्चात् हामीले अझै धेरै कुराहरूको बारेमा बातचित गर्‍यौँ, र सबै कुरा लेख्न मलाई समय छैन। अन्तमा उहाँले मलाई आशिष्को प्रार्थना गरेर पठाउनुभयो। पहिलेको भन्दा अहिले म उहाँको अचम्मको इसाई जीवनको बारेमा पक्का भएँ। किनभने उहाँले जे–जे कुरा भन्नुभएको थियो म फर्केर आउँदा ती सबै कुरा सत्य भएको भेट्टाएँ। मैले उहाँलाई सोधेँ: "तपाईं यो जङ्गलमा जीवन बिताएर संसारको अवस्थाको बारेमा कसरी थाहा पाउनुहुन्छ?" उहाँले भन्नुभयो, "किनभने म आत्मामा घुमफिर गर्छु।" उहाँले यो कुराको बारेमा बाइबलका यी पदहरूलाई देखाउनुभयो: २राजा५:२६, १कोरिन्थी५:३, २कोरिन्थी१२:२, कलस्सी २:५।

कोही उहाँलाई भेट्न जान इच्छुक हुनुहुन्छ भने यहाँहरूसँग फेरि म जान तयार छु।"

साधु सुन्दर सिंहले वर्षौंसम्म आफ्ना हरेक यात्राहरूको बीचमा विश्राम लिनको लागि विशेष गरी गर्मी याममा कोटगढ जानुहुन्थ्यो। कोटगढको बारेमा उहाँले लेखेका कुराहरूलाई यहाँ लेख्नु उत्तम हुन्छ।

नूर अफ्शन, जुलाई २१, १९१६

"कोटगढ शिमला जिल्लाको एउटा सानो सहर थियो। यो शिमलाबाट ५० माइल टाढा उत्तरी भागमा तिब्बत जाने बाटोमा पर्थ्यो। करिब ७० वर्षभन्दा अगाडि परमेश्वरले आफ्नो सेवक श्रीमान् गोरतनलाई (सेनाको एक अधिकृत) यहाँ पठाउनुभयो, जसको प्रयासले यहाँ परमेश्वरको काम सुरु भयो र पछि अन्य मिसनरीहरूले पनि यो ठाउँमा काम गर्न थाले। अहिले यहाँको मण्डलीमा करिब १०० जना सदस्य छन्। यहाँ परमेश्वरलाई आराधना गर्नको लागि एउटा सुन्दर मण्डली भवन पनि बनाइएको छ।

"म साधु भएर प्रचार गर्दै आउने क्रममा सन् १९०६ जुलाई ८ तारिख पहिलोपल्ट कोटगढमा आइपुगेँ, र त्यहाँ श्रीमान् स्टोक्सलाई भेटेँ। उहाँले भन्नुभयो: 'यहाँ सेवा गर्ने इसाई साधुहरूको लागि एउटा राम्रो छाप्रो भए कति मनोहर हुन्थ्यो। अहिले परमेश्वरले तपाईंलाई यहाँ पठाउनुभएको छ यसैले  हामी मिलेर काम गर्नु उत्तम हुन्छ।' मैले जवाफ दिएँ, यात्रा गर्दै प्रचार गर्नु मेरो सेवा हो; र मैले उहाँलाई सल्लाह दिएँ 'साधुको जीवन धारण नगर्नुहोस्, त्यो तपाईंलाई अत्यन्त गाह्रो हुन्छ।' तर उहाँले मेरो कुरा स्वीकार गर्नुभएन र सन् १९०६ सेप्टेम्बर महिना आफ्नो सबै थोकलाई बाँडिदिएर साधुको वस्त्र धारण गर्नुभयो, बस्नको लागि  गाउँमा र माथि पहाडमा दुईवटा छाप्रो बनाउनुभयो, त्यसपश्चात् मसँग सेवाका यात्राहरूमा सहभागी हुनुभयो।

श्रीमान् ब्रान्च, श्रीमान् म्याकमिल्लन, श्रीमान् ज्याकप र दिल्लीको

पादरी एफ.जे.वेस्टन, उहाँहरू सबैले नै आफ्नो सम्पत्तिलाई बाँडिदिएर साधुको जीवन धारण गरेर यहाँ सेवा गर्न थाल्नुभयो। यस पश्चात् ४२ वर्ष ब्राह्मण सन्न्यासी जीवन बिताएर पनि शान्ति नपाइसकेपछि ख्रीष्ट येशूलाई स्वीकार गर्नुभएको शिक्षित साधु स्वामी श्री धार तीरथ पनि सन् १९०९ मे ३१ तारिखमा यहाँ आउनुभयो र बप्तिस्मा पाउनुभयो... पहिले शङ्कर आनन्द भनी चिनिएको शिक्षित साधु स्वामी इसानन्दले पनि ख्रीष्टलाई विश्वास गर्नुभयो। यसरी इसाई साधुहरूको समूह सुरु भयो।

तर मैले पहिले नै युरोपियनहरूलाई साधुको जीवन जिउन गाह्रो हुन्छ त्यसैले त्यो धारण नगर्नू भनी श्रीमान् स्टोक्सलाई भनेको थिएँ, अन्तमा त्यस्तै नै हुन आइपुग्यो। उहाँहरू हरेक एकपछि अर्को गरेर आफू जहाँबाट आए त्यहीँ नै फर्केर गए, तर जो–जति भारतीयहरू त्यो समूहमा आबद्ध भए उहाँहरू अहिलेसम्म परमेश्वरको अनुग्रहले सफलतापूर्वक त्यही अवस्थामा रहेर सेवा गरिरहेका छन्...

साधु भएर जिउन चाहेका धेरै जना मानिसहरूबाट मैले पत्रहरू पाएँ। मसँग  सल्लाह गर्नु पूर्ण रूपमा बेफाइदा हो। ती सबै मानिसहरूको लागि मेरो उत्तरचाहिँ उहाँहरू सबै साधु भएर सेवा गर्नुपर्छ भन्ने छैन। सेवामा विभिन्न तरिकाहरू छन् र सबै असल छन्। हरेकले आफ्नो जीवनमा परमेश्वरको बोलावट के हो भन्ने जानेर सोहीबमोजिम सेवा गर्नुपर्छ।"

जुलाई १४ तारिखमा साधु सुन्दर सिंहले नूर अफ्शन पत्रिकामा महाऋषिसँग भएको आफ्नो दोस्रो भेटको बारेमा लेख्नुभएको थियो, तर उहाँको व्यस्तताले सबै विवरण लेख्न सक्नुभएको थिएन। तर दुई महिनापछि उहाँले त्यो भेटका सबै विवरणलाई पठाउनुभएको थियो, जुन कुरा अक्टोबर महिनामा नूर अफ्शनमा तीन भाग भएर प्रकाशित भयो।

नूर अफ्शन, अक्टोबर ६, १९१६

"मैले दोस्रोपल्ट कैलाश पर्वतको इसाई साधुलाई भेट्दा समयले अथवा कुनै पनि व्याख्याकारले पत्ता लगाउन नसकेको धेरै उपयुक्त र

रहस्यको कुरा उहाँले मलाई बताउनुभयो। मैले त्यो महान् मानिसका विचारहरू र मेरो प्रश्नको उहाँले दिनुभएका उत्तरहरूलाई मात्र यहाँ दिन्छु, जुन कुरा उपयुक्त छैन भने कमसेकम रुचि नल्याउने खालको चाहिँ हुँदैन। यी कुराहरूबाट केही निष्कर्ष निकाल्ने अधिकार मैले तपाईंहरूलाई नै छोडिदिएको छु।

महाऋषि: मैले सबै कुराको बारेमा महान् आत्माहरू र विभिन्न समयमा जिएका महान् पुरुषहरूबाट थाहा पाउन आएको हो। हरेक इमानदार इसाईसँग स्वर्गदूतहरू बाहेक पवित्र मानिसहरूका आत्माहरू पनि हुन्छन्। परमेश्वरसँगको घनिष्ठ सम्बन्ध र प्रार्थनाको जीवनद्वारा हाम्रा आत्मिक आँखाहरू खोलियो भने विगतका महान् पुरुषहरू जसरी नै हामीले पनि उहाँहरूलाई देख्न सक्छौँ। हामीले उहाँहरूलाई पहिले कहिल्यै नदेखे तापनि उहाँहरूलाई तुरुन्तै चिन्न सक्छौँ। पत्रुस, याकूब र यूहन्नाले कहिल्यै पनि मोशा र एलियालाई देखेका थिएनन्, तर ती दुवै जना पर्वतमा येशूसँग कुरा गरिरहेको देख्ने बित्तिकै कसैले नबताईकन नै उहाँहरू को हो भनी चिने।(मत्ती १७:३) त्यसरी नै ख्रीष्टमा मरेको हाम्रा आफन्तहरू र पुर्खाहरू धेरै पटक हाम्रो नजिक आउँछन्, तर हाम्रो आत्मिक अन्धोपनले गर्दा हामी उहाँहरूलाई देख्न सक्दैनौँ। यो संसारमा जीवनका सबै अवस्थाको अनुभवहरूलाई ख्रीष्ट येशू आफैले हाम्रो स्थानमा रहेर भोग्नुभएको जस्तै (हिब्रू २:१८) उनीहरूले पनि भोग्नुभएको कारण उहाँहरूले हामीप्रति स्वर्गदूतहरूभन्दा अझै उत्तम तरिकाले सहानुभूति देखाएर सहायता गर्न सक्ने भएकोले परमेश्वरले कुनै बेला हामीलाई सहायता गर्न स्वर्गदूतको सट्टामा उहाँहरूलाई पठाउनुहुन्छ। परमेश्वरले हामीलाई सहायता गर्न र अगुवाइ गर्न त्यस्ता मानिसहरूको आत्मालाई पठाउनुहुन्छ र उहाँहरू सहयात्री भएर हाम्रो साथमा रहनुहुन्छ।" (जकरिया ३:३-८)

नूर अफ्शन, अक्टोबर १३, १९१६

"सुन्दर सिंह: मानिसको आत्मा परमेश्वरको जस्तै अनन्तकालको हो कि अथवा तिनीहरू जन्मे ? उनीहरू आदिदेखि थिएन भने कसरी

अनन्तकाल रहन सक्छन्? किनभने कुनै कुराको सुरुवात छ भने त्यसको अन्त पनि हुन्छ, आत्माहरू जन्मेका हुन् भने तिनीहरू शरीरसँग जन्मेको हो कि त्योभन्दा अघि ?

महाऋषि: मानिसहरूका आत्माहरू अनन्तकालका होइनन्, किनभने समयका कुराहरूमा तिनीहरू परमेश्वरजस्तै अविनाशी हो भनेता ज्ञान र शक्तिको कुरामा पनि तिनीहरू परमेश्वरजस्तै असीमित हुनुपर्थ्यो, तर मानिसको आत्मा ज्ञान र शक्तिमा सीमित छ। परिणामस्वरूप समयको कुरामा पनि आत्मा सीमित छ। अस्तित्वको आधारमा हेऱ्याैँ भने तिनीहरू जन्मेको हो (सृष्टि भएको) तर परमेश्वरले यर्मियालाई भनेजस्तै 'मैले तँलाई गर्भमा रच्नभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ।' (यर्मिया १:५) परमेश्वरको ज्ञान र अभिप्रायको आधारमा तिनीहरूको सुरुवात नै छैन। यर्मिया जन्मेको थिएन, तर परमेश्वरको ज्ञान र उद्देश्यमा ऊ थियो, त्यही नै ज्ञान र अभिप्रायद्वारा अस्तित्वमा नरहेका कुराहरू पनि अस्तित्वमा आइपुग्दछन्। परमेश्वरले यस्तो (उज्यालो) होस् भनेर भन्नुभयो र त्यस्तै नै हुन आयो। अस्तित्वमा नरहेका कुराहरूलाई अस्तित्वमा ल्याउनु गाह्रो थियो, तर अस्तित्वमा भएको कुरालाई परिवर्तन गराउने एउटा आज्ञाद्वारा अनन्तकाल रहने बनाउनु गाह्रो होइन। शरीरमा आउनुभन्दा अगाडि आत्माहरू जन्मेको हुँदैन तर परमेश्वरले आमाको गर्भमा मानिसको शरीरको साथ आत्मालाई पनि सृष्टि गर्नुहुन्छ। (जकरिया १२:१)

महाऋषिले बताएका धेरै कुराहरूबाट थोरै कुराहरूलाई मात्र उहाँको पक्षबाट यहाँ लेखेको छु...र परमेश्वरको पवित्र धर्मशास्त्रको किताबसँग नमिलेको जस्तै देखिने कुराहरूलाई छोडिदिउँ। यी कुराहरूलाई लेख्नुमा मेरो लक्ष्यचाहिँ मानिसहरू इसाई ऋषिलाई भेट्न जान सकोस् र आफ्नो दृष्टिकोणअनुसार उहाँलाई प्रश्नहरू सोध्न सकोस्। जाने इच्छुक भएकाहरूसँग जान म तयार छु। म यति मात्र भन्न सक्छु, तपाईंले उहाँको विचारलाई स्वीकार गरे पनि नगरे पनि तपाईं जानुभयो भने एउटा विशेष आशिष्लाई प्राप्त गरेर फर्किनुहुन्छ, किनभने हामीले पार गर्न बाँकी रहेका सबै आत्मिक स्थानहरूलाई उहाँले पार गरी सक्नुभएको छ।"

सन् १९१६ को बाँकी महिनाहरूमा साधु सुन्दर सिंहले भारतभरि यात्रा गरेर सेवा गर्नुभयो। त्यो सेवाका विवरणहरू केही पनि हामीसँग छैन।

नूर अफ्शन, जुलाई ६, १९१७

"म अब कैलाश जाने बाटोको बारेमा बताउँछु। एक दिन यात्रा गरिरहँदा मलाई असह्य ज्वरोले आक्रमण गऱ्यो, र म हिँड्न सकिनँ। विश्राम गर्न कुनै ठाउँ पनि थिएन र साह्रै चिसो हावा लागिरहेको थियो, यतिसम्म कि मेरो रक्त नलीमा बगिरहेको रगत जम्छजस्तै लाग्यो। मसँग कोही साथी अथवा सहयात्री थिएन। यस्तै अवस्थामा मैले ७ माइलको ठाडो उकालो भोक र तिर्खा लागिरहेको बेलामा चढ्नुपर्थ्यो। मसँग औषधिहरू पनि थिएन। त्यहाँ रहेर प्रार्थना गरिसकेपछि म उकालो चढ्न थालेँ। यो कडा परिश्रमले मेरा सबै लुगाहरू भिज्ने गरी पसिना बग्न थाल्यो। गन्तव्यमा पुग्दा म निको भइसकेको थिएँ... विश्राम लिन ओछ्यानमा रहेर औषधि लिन थालेको थिएँ भने त्यो ज्वरोले मलाई कति दिन सताउँथ्यो होला, परमेश्वरले नै जान्नुहुन्छ..."

नूर अफ्शन, जुलाई २७, १९१७

"म कैलाश पर्वतको नजिकै यात्रा गरिरहेको बेला एक जना फङ्चे भन्ने लामालाई भेटेँ। उहाँ तीर्थयात्रा गर्न साथै त्यहाँको एक जना सरकारी अधिकृतलाई भेट्न आउनुभएको थियो। मैले उहाँलाई महाऋषिको बारेमा बताएँ। उहाँले सुरुमा त्यो कुरामा त्यत्ति वास्ता नगरेजस्तै जवाफ दिनुभयो, र यो ठाउँमा थुप्रै लामा ऋषिहरू छन् र आफूले उनीहरू कसैको वासस्थानलाई भेट्टाउन सकिनँ भनी बताउनुभयो। मैले उहाँलाई एक जना ऋषि बसेको ओडार चिनेको कुरा बताएर मसँग जान बिन्ती गरेँ। मैले लामा फङ्चेलाई यो कुरामा जोड गरिसकेपछि उहाँ जान तयार हुनुभयो।

हामी कैलाश पर्वतको पूर्वतिर गौरी कुण्ड हुँदै यात्रा गऱ्यौँ र एउटा नदीलाई पार गरिसकेपछि उकालो लाग्यौँ..."

भोलिपल्टको बेलुका हामी गन्तव्यमा पुग्यौँ। महाऋषि त्यो पुरानो ग्रीक

भाषामा लेखेको चर्म पत्र पढ्दै हुनुहुन्थ्यो। फङ्चे उहाँलाई देखेर आश्चर्यचकित हुनुभयो। तर महाऋषिले उहाँलाई प्रेमसहित हेर्नुभयो र बस्ने इसारा गर्नुभयो। हामी दुवैले उहाँलाई इज्जत साथ अभिवादन गऱ्यौं।

बातचित सुरु भयो। हाम्रा प्रश्नहरूको लागि महाऋषिले दिनुभएका उत्तरहरूलाई एक शब्द पनि नछोडीकन म यहाँ लेख्न चाहन्छु। उहाँले यूहन्नाको सुसमाचारबाट ३ अध्याय पढिसकेपछि प्रार्थना गर्नुभयो र भन्नुभयो:

अब भन सुन्दर, तिमी कसरी यहाँ आइपुग्यौ। जर्सन, क्लिफ्फोर्ड, लखनउको कुदरत मसीह र भिलसाको मोहन लाल जो यहाँ आउन निस्के तिनीहरू सबै फर्किगए। केही फरक भएन, म शरीरमा धेरै टाढा छु, तर हाम्रो प्रिय प्रभु सधैँ हाम्रो नजिक हुनुहुन्छ। उहाँलाई प्रार्थना गरेर उहाँको अनुग्रह पाउनु तिनीहरूको लागि उत्तम हुन्छ। तिनीहरूको प्रार्थनासँग मेरो प्रार्थना पनि थपिदिन्छु, र तिनीहरूको सेवा फलदायी हुन बिन्ती गर्छु। उनीहरूलाई अझै बढी तलब लिने इच्छालाई त्यागिदिन र परमेश्वरको सेवामा लागिरहनु भन;  यस्तो गरे भने तिनीहरूले सबै थोक पाउनेछन्।(रोमी ८:३२)

सुन्दर: यहाँ आउनुमा मेरो अभिप्राय के हो भन्ने तपाईंलाई थाहा छ, साथै कष्टले गर्दा बाटोमा को फर्किगए त्यो पनि तपाईंलाई थाहा छ। यो लामा तपाईंलाई भेटेर सम्मान गर्न मसँग आउनुभएको छ।

लामा: सलाम ! के तपाईं हराएको लामा नौसांग होइन, जसको त्यति बेलादेखि अत्तोपत्तो छैन ? तपाईंको गुम्बामा ठूलो झगडा सुरु भएको छ, के तपाईं त्यहाँ आफै गएर मानिसहरूलाई आवश्यक निर्देशन दिनुहुन्न ?

महाऋषि: लामा नौसांग थोरै समयको लागि एकान्तमा रहनुभयो र मर्नुभयो, र तिमीले बताएको गुम्बा मेरो होइन। म ख्रीष्ट येशूको एउटा विनम्र सेवक हुँ। उहाँले मलाई यो ठाउँ दिन दयालु हुनुभयो, त्यसैले मैले

यहाँ मेरो जीवनलाई प्रार्थनामा बिताइरहेको छु। अरूका झगडाहरूलाई समाधान गर्नु मेरो काम होइन, यो संसार झगडाले भरिएको स्थान हो। सबै झगडाको जरा भएको शैतानलाई पक्रेर नबाँधुन्जेल यी विवादहरूको अन्त हुँदैन। शैतानलाई उँधो मुन्टो पारेर अतल कुण्डमा फालिदिने समय नजिकिँदै छ। मैले खुशी साथ तिमीले बताएको त्यो गुम्बाका मानिसहरूलाई आवश्यक निर्देशन दिने कामलाई स्वीकार गर्थें, र पवित्र बाइबललाई संसारभरि प्रचार गर्ने कामलाई पनि तर म अब शारीरिक रूपमा यस्तै कामहरू गर्न योग्य छैनँ, न त परमेश्वरले मलाई प्रार्थनाद्वारा उहाँलाई गरिरहेको सेवालाई छोडेर अरू कहीँ जान अनुमति दिनुहुन्छ।

लामा: आफूले गरेको प्रचारले गर्दा टसीगङ्गमा मारिएको पन्जाबी प्रचारक कर्तार सिंहले आउनुहुनेछ भनी भनेको त्यही नै ख्रीष्ट हो? त्यही ख्रीष्ट नै हजुर र सुन्दर सिंहले मान्ने प्रभु ख्रीष्ट हो कि अथवा अरू कुनै?

महाऋषि: त्यही नै ख्रीष्ट हो, जो सबैको प्रभु हुनुहुन्छ र सधैँको लागि उस्तै रहनुहुन्छ। उहाँ मेरो मात्र प्रभु होइन न त कर्तार सिंहको अथवा सुन्दर सिंहको मात्र प्रभु हुनुहुन्छ, तर उहाँ तिम्रो पनि प्रभु हुनुहुन्छ र सारा संसारको मुक्तिदाता हुनुहुन्छ (प्रेरित ४:१२)। तिम्रा मानिसहरूले मारेको कर्तार सिंहले अहिले प्रभुको आशिष्‌लाई पाउनुभएको छ। उहाँ अरू पवित्र सन्तहरूका साथ सामान्यता मकहाँ आउनुहुन्छ र यसरी प्रार्थना गर्नुहुन्छ: 'हे प्रभु कहिलेसम्म तपाईं मेरो हत्याको बदला लिनुहुन्न ? कहिलेसम्म मेरो बगेको रगतले फल फलाउँदैन ?' साधु सुन्दर सिंहले तिमीलाई दिएको बाइबललाई तिमी प्रार्थना गर्ने बेलामा पढ्दा उत्तम हुन्छ। तिमीले त्यसमा बुझ्न नसकिने कुरा केही भेट्टायौ भने मकहाँ आऊ म तिमीलाई आवश्यक व्याख्या दिनेछु। तिमीलाई प्रभु ख्रीष्टमाथि दृढ विश्वास चाहिन्छ, किनभने मुक्ति पाउनको लागि त्यो मात्र माध्यम हो।

# अध्याय - १७
# पश्चिम भारत (१९१७)

हिमशृङ्खलाहरूका भू–भागहरूमा आफ्नो प्रचारको यात्रा गरिसकेपछि सन् १९१७ को शरद ऋतुमा साधु सुन्दर सिंहले भारतमा प्रचार यात्रा सुरु गर्नुभयो, जुन यात्राको क्रममा उहाँ फेरि एकपल्ट तिब्बत पुग्नुभयो। यो प्रचारको यात्रामा उहाँले डिसेम्बर महिनालाई पश्चिम भारतमा बिताउनुभयो।

सन् १९१८ मार्च महिनामा बेलायतमा प्रकाशित 'द कौले इभान्जलिस्ट' पत्रिकामा त्यो यात्राको बारेमा पादरी एफ.एस. प्लेनेले यसरी लेख्नुभएको थियो :

"साधु सुन्दर सिंहको पुणे भ्रमण एउटा महत्त्वपूर्ण घटना भयो। उहाँले मङ्गलवारको दिनलाई यहाँ बिताउनुभयो र दुईपल्ट मिसन घरमा आउनुभयो र बेलुकी मण्डलीको कम्पाउन्ड भित्रको आँगनमा ठूलो भीडको बीचमा हिन्दुस्तानी भाषामा प्रचार गर्नुभयो, र विनसेन्ट डेविटले मन छुने गरी त्यसलाई अनुवाद गर्नुभयो ...."

त्यही पत्रिकामा सिस्टर अमी सिबिल्लाले साधु सुन्दर सिंहको बारेमा यसरी लेख्नुभयो :

"उहाँले भिख माग्नुहुन्न, तर दानमा भर पर्नुहुन्छ; उहाँलाई भोजन दियो भने त्यसलाई खुशी साथ स्वीकार गर्नुहुन्छ दिएन भने भोकै जानुहुन्छ। त्यसैले धेरै दिनहरू भोकै बिताउनु परेको थियो, र त्यो दुःख भोग्नु उहाँको लागि आनन्द हो। उहाँले आफ्नो देशका मानिसहरूको लागि अन्तर्बिन्ती गर्दै दिउँसो र मध्य रातमा घण्टौँ प्रार्थनामा बिताउनुहुन्थ्यो ....

भारतीयहरू उहाँको शान्त पूर्ण प्रार्थनाको जीवन र सन्न्यासी जीवनद्वारा प्रभावित भएका छन्, र उहाँको अचम्मको व्यक्तित्व प्रभावशाली थियो। अग्लो र असल शरीर, मर्यादित स्वभाव र सज्जन व्यवहार भएको उहाँ मैले देखेका मानिसहरूमध्ये सबैभन्दा सुन्दर हुनुहुन्थ्यो – यो एउटा नम्रता, कोमलता, भद्रता र उच्च भक्तिको अचम्मको संयोजन हो, र हरेक गुणमा पवित्रताको ज्योति र उच्च शान्ति प्रकट हुन्थ्यो। मानिसहरूले उहाँलाई पूजनीय ठानेको जस्तै देखिन्छ तर मानिसहरूलाई खिँच्नु उहाँको व्यक्तिगत आकर्षण होइन, तर उहाँको जीवनको इमानदारीता र सरलता हो। 'उहाँ ख्रीष्टजस्तै हुनुहुन्छ,' भन्ने शब्दहरू मानिसहरूले भनिरहेको बारम्बार सुन्न सकिन्छ। "

सन् १९१७ डिसेम्बर महिनामा पुणे र त्यसको वरिपरिका ठाउँहरूमा भएको साधु सुन्दर सिंहका सभाहरूको बारेमा विन्सेन्ट डेविटले यसरी भन्नुभयो :

"कोल्हापुरमा एउटा ठूलो सभा भयो .... छात्रावासका केटीहरूले तीन दिनको सभामा हरेक दिन राति गीत गएका थिए, र सुन्दर सिंहले त्यस सभामा सहभागी हुन र गीत सुन्न निमन्त्रणा पाउनुभएको थियो। सुन्दर सिंह सदाझैँ आफ्नो साधु वस्त्र लगाएर आउनुभएको थियो। जाडो बढी भएकाले सुन्दर सिंह आफ्नो वस्त्रमाथि लगाउने गलबन्दी ओढेर बस्नुभएको थियो। यसलाई देखेका छात्रावासका केटीहरूले पैसा उठाएर एउटा महँगो न्यानो पछ्यौरा किनेर दोस्रो रातमा उहाँलाई उपहार दिए। उहाँले धन्यवादसहित त्यो उपहारलाई स्वीकार गर्नुभयो, र त्यो रात र भोलिपल्टको रात पनि त्यसलाई प्रयोग गर्नुभयो। तेस्रो रात हामी घर फर्किरहेको हुँदा हामीले च्यातेको लुगा लगाएर आफ्नो जिउ तताउनको लागि रूखमुनि आगो ताप्दै बसेको एक जना वृद्ध मानिसलाई देख्यौँ। साधुले आफ्नो पछ्यौरा निकालेर त्यो वृद्ध मानिसलाई ओढाई दिएर हिँड्नुभयो।

हामी कोल्हापुरबाट रत्नगिरी गयौँ .... दुवैको लागि एकान्त ठाउँमा

एउटा कोठा र अलिकति आँगन भएको घरमा बस्ने व्यवस्थापन भयो। स्थानीय साथीहरूले त्यो ठाउँमा सर्पहरू बढी भएकाले रातको समयमा बढी ध्यान दिन सल्लाह दिएका थिए। हामी दुवैको लागि दुईवटा खाटहरू पनि त्यो कोठामा हालेको थियो। सुत्न जानुभन्दा अगि साधुले मलाई भन्नुभयो : 'एउटा खाटलाई आँगनमा लान मलाई सहायता गर्न सक्छौ ?' मैले भनेँ, 'किन' ? उहाँले भन्नुभयो, 'म एक्लै रहन चाहन्छु।' मैले जवाफ दिएँ, 'म आँगनमा सुत्छु, तपाईं यहाँ कोठाभित्र सुत्नुहोस्।' उहाँले स्विकार्नुभयो।

रातको समयमा मैले केही चलेको सानो आवाज सुने। टर्च लाइट बालेर हेर्दा एउटा सर्प गइरहेको देखेँ। सर्प आँगनलाई छोडेर बगैँचातिर गयो। साधुको कोठामा केही सर्पहरू पस्यो कि भनी हेर्न कोठाभित्र टर्च लाइट बालेँ तर ओछ्यानमा कोही पनि थिएन। चकित भएर कोठाको सबैतिर टर्च लाइट बालेर हेर्दा साधु जी कुनामा बसिरहेको देखेँ, उहाँ पलेटी कसेर हातहरू जोडेर मग्न भएर प्रार्थना गर्दै हुनुहुन्थ्यो; उहाँको मुहार खुसीले चम्किरहेको थियो। यो घटना बिहानको तीन बजेतिर घटेको हुनुपर्ने थियो।

"मैले उहाँलाई भोलिपल्ट बिहान त्यति बेला किन प्रार्थना गर्नुभयो भनी सोधेँ, साधुले जवाफ दिनुभयो, 'मैले प्रचारका यात्राहरूमा हुँदा दिनमा प्रार्थना गर्न चाहिँदो समय पाउँदिनँ। धेरै ठाउँमा बोल्नु पर्ने हुन्छ।' त्यति लामो प्रार्थनाका समयहरू किन आवश्यक भयो भनी मैले उहाँलाई सोधेँ। उहाँले भन्नुभयो, 'मलाई ध्यान केन्द्रित गर्नको लागि पन्ध्रदेखि बीस मिनेट लाग्छ। त्यसपछि म प्रार्थना गर्नलाई सुरु गर्छु तर शब्दहरूलाई प्रयोग गर्दिनँ। मेरो प्रिय येशू यति नजिक भएको महसुस गर्छु कि मेरा हातहरूलाई उहाँको हातमा राख्छु। बिहानीपख हुँदा मैले प्रार्थनालाई अन्त गर्नुपर्छ, त्यो मेरो प्रियबाट छुट्ने समय हो।'

"हामी वेगुर्लामा हुँदा कारणवश त्यहाँ हुनुभएको एउटा ब्राह्मण न्यायाधीशले साधु सुन्दर सिंहसँग भेटेर बातचित गर्ने अवसर खोज्नुभएको

थियो। साधु सुन्दर सिंहले खुशी साथ उहाँलाई त्यो मौका दिनुभयो। त्यो न्यायाधीश अज्ञेयवादी (नास्तिक बराबर) हुनुहुन्थ्यो।

न्यायाधीशले भन्नुभयो : 'साधु तपाईंको समय महत्त्वपूर्ण छ र म धेरै समय लिन चाहँदिनँ। मैले सबै धर्मको बारेमा अध्ययन गरिसकेँ। एउटा समस्या छ, जसमा तपाईंले अलिकति प्रकाश दिएको म चाहन्छु। हरेक दिन हजारौँ मानिसहरू जन्मन्छन् र हजारौँ मानिसहरू मर्छन्, यी सबैबाट परमेश्वरलाई के फाइदा भयो ? यी सबैमा केही अर्थ छैन तर विभिन्न तत्त्वहरू एक हुन आउँछन् र पछि विघटन भएर जान्छन्। यी सबै प्राकृतिक प्रक्रिया मात्र हुन् भनी विश्वास गर्नेतिर म ढल्केको छु।'

साधुले जवाफ दिनुभयो : 'साहेब, तपाईं शिक्षित मानिस हो, म त होइन। मैले तपाईंलाई चित्त बुझाउन सक्दिनँ होला, तर परमेश्वरले मलाई दिनुभएको थोरै अनुग्रहले म तपाईंलाई उत्तर दिने प्रयास गर्छु।

'मैले एकपल्ट एउटा पहाडमा अध्ययनको लागि केही महिनाहरू बिताएको थिएँ। तल उपत्यकामा दिनानुदिन व्यस्त भएर किसानहरूले काम गरिरहेको मैले देखेँ। तिनीहरूले जोते, मल हाले र पानी परिसकेपछि बिउ छरे। बिउहरू उम्रे र त्यहाँबाट बोटहरू बढे। फूल फुलेर बाला लागेर दाना पसाएको देख्दा अचम्म लाग्थ्यो। दाना पाक्ने बेलामा किसानहरूले कुनै चराचुरुङ्गी, जनावर अथवा मानिसहरूबाट त्यसलाई हानि हुनबाट रोक्न दिनरात खेतको रक्षा गर्थे। महिनौँ यसरी वास्ता पुऱ्याएर त्यही किसानहरू दाना पाकेपछि आफ्नो हँसिया लिएर आएर बोटलाई काटेर धानको कटनी गरे। बोटहरूले सोधेको हुन सक्छ; 'यी सबैबाट के लाभ भयो त ? अन्तमा यसरी हामीलाई काट्नको लागि किसानहरूले किन यति दुःख उठाए ?' बोटहरूलाई थाहा भएन तर किसानहरूलाई थाहा थियो। त्यसरी नै हामी जन्म्यौँ र किन मर्छौं भनी हामीलाई थाहा छैन होला तर परमेश्वरलाई थाहा छ। ....' "

# अध्याय - १८
# दक्षिण भारतमा साधु सुन्दर सिंह

साधु सुन्दर सिंहले मुख्य प्राथमिकता उद्धार नपाएकाहरूलाई दिए तापनि इसाईहरूलाई बेवास्ता गर्नुभएन। दक्षिण भारतमा भएको विशाल ख्रीष्टिय समाज उहाँको लागि एउटा महत्त्वपूर्ण कार्यक्षेत्र बन्न पुग्यो। सन् १९१७ मा साधु गुजरातको बडोदराबाट भोलिपल्ट बिहान पाँच बजे छुट्ने रेलमा सुबाथू फर्किन तयार हुनुभएको थियो। राति नौ बजे उहाँ कोठामा हुँदा एउटा दर्शन आयो, दर्शनको अन्य कुराहरूमध्ये परमेश्वरले उहाँलाई दक्षिण–भारत जाने आदेश दिनुभयो। राति एघार बजे उहाँले आफू बसेको घरको मानिसलाई आफू भोलि बिहान पाँच बजे जाने निर्णय बद्लेको कुरा बताउनुभयो। भोलिपल्ट बिहान नौ बजे उहाँले 'दक्षिण–भारतमा आउनु' भन्ने निम्तो भएको पत्र प्राप्त गर्नुभयो।

साधु सुन्दर सिंह सन् १९१८ सालको जनवरी १ तारिख तमिलनाडुको चेन्नैमा पुग्नुभयो, र त्यहाँ दुई हप्ता सेवामा बिताउनुभयो। सम्प्रदाय र सिद्धान्तलाई परवाह नगरी मानिसहरूको भिड उहाँको प्रचार सुन्न साझा सभाहरूमा भेला हुन्थे। साधुको काम अहिले फरक भएको थियो र कठिनाइपूर्ण पनि थियो। उहाँले बिहानदेखि राती ढिलो समयसम्म नै सेवा गर्नुपर्थ्यो। विश्राम र भोजनको लागि उहाँले मुस्किलले समय पाउनुहुन्थ्यो र बाइबल अध्ययन पनि गाह्रोसँग गर्नुपर्थ्यो। सेवा दिएका ठाउँहरूमा उहाँ गइसकेपछि मानिसहरूले आत्मामा ठूलो विश्रामको अनुभव गरे, तर वास्तवमा उहाँको विश्रामको बारेमा कसैले सोचेनन्।

दिनभरिको लामो सेवाहरूलाई पूरा गर्न उहाँले रातभरि डुङ्गामा, गोरु गाडामा र रेलमा थकाइपूर्ण यात्रा गर्नुपर्थ्यो। अर्को दिनको सेवा उहाँ आउने बित्तिकै सुरु भएर उहाँ त्यहाँबाट छुट्ने बेलासम्म हुन्थ्यो। साझा

सभाहरू बिहान र बेलुकी  मात्र हुन्थे, तर साधुको सेवा त्यति मात्र थिएन। साधुले दिनभरि घण्टौँसम्म बसेर आफूलाई भेट्न आउने सबैसँग समय बिताउनुहुन्थ्यो। यी समयहरूमा अर्ती दिने, आत्मिक समस्याहरूको समाधान गर्ने तरिका बताउने, र हिन्दुहरू आएकोमा उद्धारका कुराहरू सुनाउने र उहाँहरूको प्रश्नको उत्तर दिने, र मिसनरीहरूसँग  भेटघाट गर्नेजस्ता कामहरू गरिन्थ्यो। उहाँ जति बढी समय रहनुभयो, त्यो भेटघाटको समयको महत्त्वलाई प्रकट गर्ने गरी भेट्न आउनेहरूको सङ्ख्या पनि वृद्धि हुँदै गयो।

उच्च विद्यालयहरू र विद्यालयहरूजस्तै ठुला ठाउँहरूमा बिहान र बेलुकीको सभाको आयोजना हुन्थ्यो, जहाँ उहाँले विद्यार्थीहरूको बीचमा बोल्नुहुन्थ्यो। व्यक्तिगत भेटघाटको लागि इसाईहरूले उहाँलाई आफ्नो घरमा बोलाउँदा उहाँको काम थपिन्थ्यो। दक्षिण भारतमा सेवा गर्दा उहाँको मुख्य समस्या भाषा थियो। अङ्ग्रेजी बुझ्नेहरूको बीचमा अङ्ग्रेजी भाषामा बोल्नुहुन्थ्यो, तर प्रायजसो उहाँ अनुवादक मार्फत नै बातचित गर्न बाध्य हुनुहुन्थ्यो, जुन कुरा सबै समयहरूमा उत्तम हुँदैन थियो। जोसिलो स्वभाव भएको र दुःखित आत्माहरूलाई चाहिने प्रशस्त सन्देश भएको उहाँको लागि भाषाको बाधा नै बोझ हुन्थ्यो होला, तर उहाँको मनको कुरालाई कसैले बुझ्न सक्दैनथे।

साधुले आफूलाई पछ्याउने चेलाहरू खोज्नुभएन। साधुको जीवन धारण गर्न एउटा मानिसलाई विशेष बोलावटको आवश्यकता पर्दछ भनी उहाँले मान्नुहुन्थ्यो। उहाँको उपदेश, जसलाई दियो, तिनीहरूका लागि समझदार, सुहाउने र ज्ञानले भरेको हुन्थ्यो। उहाँ स्त्रीहरूको बीचमा बोल्दा सधैँ नै धर्मलाई प्रेम गर्न र आदर गर्न सिकाएकी आफ्नो धार्मिक आमाको उदाहरण दिनुहुन्थ्यो। उहाँ बारम्बार भन्नुहुन्थ्यो, 'एउटा अइसाई आमाले आफ्नो छोराको लागि यति गर्न सक्छ भने, तपाईं इसाई आमाहरूले आफ्ना छोराहरूको लागि कति मेहनत गर्नुपर्छ होला ?' गहिरो रूपमा नयाँ करारको पुस्तकलाई उहाँ आफैले प्रेम गरे तापनि उहाँले आफूभन्दा बढी त्यसलाई प्रेम गर्ने इसाईहरूको कुरा गर्नुहुन्थ्यो,

जसले उहाँले एकपल्ट गरेजस्तै त्यसलाई च्यातेको र जलाएको थिएन, तर त्यसलाई आदर गर्न र प्रेम गर्न सिकाएका छन्। उहाँले यी कुराहरू बोल्दा सुन्नेहरूको मानसिकतामा हुने गहिरो प्रभावलाई थाहा पाउनुभएको थिएन।

साधु दक्षिण भारतमा रहँदा रातको शान्त समयमा हिन्दुहरूले उहाँलाई खोजेर आउनु असाधारण कुरा थिएन, जुन समयलाई उहाँहरूको सेवामा खर्च गर्नुभयो र आफू खर्चिनुभयो। उहाँ गएको ठाउँमा भएका इसाईहरूबाट धेरै चिट्ठीहरू पनि पाउनुहुन्थ्यो, जसको उत्तर दिन र प्रार्थना गरिदिनको लागि पनि धेरै बल र समय चाहिन्थ्यो।

साधु सुन्दर सिंहलाई देखेका हजारौँ इसाईहरूले आफ्नो प्राण र शरीरलाई पूर्ण रूपमा आफ्नो उद्धारकर्तालाई समर्पण गर्ने मानिसबाट परमेश्वरले कस्तो प्रकारको परिणाम ल्याउने सम्भावना छ भनी हेर्ने मौका पाए। साधुलाई देख्न सक्ने बेलासम्म उहाँलाई हेरिरहन तिनीहरू थकित हुँदैन थिए। उहाँ जहाँ–जहाँ जानुभयो ती सबै ठाउँहरूमा उहाँ र उहाँको सन्देशलाई ठूलो आनन्दसहित मानिसहरूले ग्रहण गरे। आफ्नो सेवालाई बलियो पार्न अझै लामो समय त्यहाँ रहन पाउनुभएन भन्ने मात्र एउटै दुःखको कुरा हो। उहाँको सेवाको गहिराई र विशालतालाई परमेश्वरले मात्र जान्नुहुन्छ, तर साधु सुन्दर सिंह दक्षिण भारतका इसाईहरूको बीचमा सही समयमा आउनुभयो र परमेश्वरले नै उहाँलाई पठाउनुभयो भन्ने कुरामा केही शङ्का छैन। उहाँको सेवामा भक्तिको जीवनले भरेको पूर्ण आत्मसमर्पणता र आत्मत्याग भन्ने कुराहरूको एउटा उत्तम नमुनालाई उहाँले मानिसहरूको अगाडि राख्नुभएको छ।

**केरलाको तिरूवितामकूरमा :**

मलाबारमा (Malabar) भएको ऐतिहासिक सिरियन मण्डली सन्त थोमा यो ठाउँका किनारहरूमा ओर्लेर भारतमा इसाइत्वको जग बसालेको बेलादेखि सुरु भएको हो भन्ने विश्वास गरिन्छ। पुरानो मण्डली तीन समुदायको रूपमा छुट्टिएको थियो: रोमीहरू, याकूबीहरू र मर थोमा

सिरियालीहरू।

सन् १९१८ को फेब्रुअरी महिनामा उत्तरीय तिरूवितामकूरमा भएको सिरियन मण्डलीको सम्मेलनमा सहभागी हुने मौका साधु सुन्दर सिंहले पाउनुभएको थियो। झन्डै बीस हजार जना मानिसहरू भेला भएका थिए, साधुले उहाँहरूको बीचमा उपयुक्त र खुशीको समय बिताउनुभएको थियो। त्यो महिनाको अन्ततिर उहाँ फेरि मर थोमाहरूको समूहले आयोजना गरेको सम्मेलनमा पनि सहभागी हुनुभयो। यो सम्मेलन गर्मी याममा तिरूवितामकूरमा भएको नदी सुकेर बनेको एउटा टापुमा हुन्थ्यो। हरेक वर्ष पच्चीस हजार मानिसहरू अटाउने एउटा विशाल पाल टाँगेर यो सम्मेलन गरिन्थ्यो। साधु सुन्दर सिंहले अझ बढी मानिसहरूलाई खिच्नुभयो, ताकि पाललाई बढाउन बाध्य भयो, र एक हप्तासम्म हुने यो सम्मेलनको अन्तिम दिनमा झन्डै बत्तीस हजार मानिसहरू भेला भएका थिए।

साधु सुन्दर सिंह उत्तर भारतमा हुँदा दक्षिण भारतमा भएका इसाईहरूको विशाल सङ्ख्याको बारेमा सुन्नुहुन्थ्यो। तर उहाँले पहिलो पल्ट यो भिडलाई देख्दा छक्क पर्नुभयो। दक्षिण भारतमा यति इसाईहरू भएर पनि भारतको उत्तरीय भागमा सुसमाचार पुग्न किन ढिलो भयो भन्ने कुरा सम्झेर आश्चर्य मान्नुभयो।

उहाँले साहसपूर्ण तरिकाले कडा शब्दहरू प्रयोग गरी त्यो भिडको बीचमा बोल्न थाल्नुभयो। सिरियन मण्डलीलाई परमेश्वरले आफ्नो सत्यको भण्डार बनाउनुभयो, तर आफ्नो देशभरि त्यो सत्यलाई फैलाउन असफल भएको कारण छोडिएको त्यो काम पूरा गर्न परमेश्वरले अमेरिका र बेलायतबाट मानिसहरू बोलाउन बाध्य हुनुभयो। त्यस पश्चात् प्राचीन समयका मण्डलीहरूमा भएको जागृतिलाई उदाहरण देखाएर उत्कटता र नम्रतासहित नसुनेकाहरूका बीचमा सुसमाचार लाने बोलावटलाई स्वीकार गरेर अन्धकारमा मरिरहेका मानिसहरूको बीचमा ज्योति पुऱ्याउन बिन्ती गर्नुभयो।

सिरियन मण्डलीले यी कुराहरू बुझेर यो महान् आवश्यकतालाई पूरा गर्न तयार भयो, र निरन्तर भारतका विभिन्न ठाउँहरूमा मिसनरीहरू पठाउन थालियो।

उहाँले यही अर्जीलाई अरू ठाउँहरूमा पनि राख्नुभयो, र मानिसहरूको हृदय पहिले कहिल्यै नभएजस्तै यो कुरामा जागृत भयो। साधु सुन्दर सिंहले भारतीय मण्डलीहरूलाई आफ्नो योजनामा सहभागी भएर करोडौँ आत्माहरूलाई परमेश्वरको लागि जित्न राख्नुभएको कर्तव्य र सुवर्ण अवसरलाई स्पष्ट देख्नुहुन्थ्यो। साधु सुन्दर सिंहले आफ्नो जीवन र शब्दहरूले भारतका छोराहरूलाई जतिसुकै मूल्य तिरेर पनि क्रूस उठाएर अन्तिम विजय पाउन्जेल  ख्रीष्टलाई पछ्याउन सिफारिस र आग्रह गर्नुभयो।

**साधु सुन्दर सिंहको प्रचार :**

साधु सुन्दर सिंहले गरेका प्रचारहरूलाई किताबको रूपमा निकाल्नको लागि धेरैले बिन्ती गरे। यथार्थमा कतिपय शक्तिशाली प्रचारहरू कागजमा छापिँदा त्यति महत्त्व नभएको जस्तै देखिने सम्भावना छ, तर सबैको बिन्ती र प्रयासको कारण साधुका प्रचारहरू भएको एउटा किताब तमिल भाषामा प्रकाशन भयो। उहाँलाई नजिकमा चिनेकाहरू र उहाँको कामको महत्त्वलाई बुझेकाहरूले यो किताब छाप्नु न्यायसङ्गत हुन्छ कि हुँदैन भनी शङ्का गर्थे।

साधु सुन्दर सिंह एउटा असल प्रचारक हुनुहुन्थ्यो। उहाँले प्रचार गर्दा बढाइचढाइ गर्नु र सुन्दर वाक्यांश प्रयोग गर्नु भन्ने कुराहरूमा समय खेर फाल्नुहुन्न थियो। उहाँको प्रचार सिधा, सफा र सङ्क्षिप्त हुन्थ्यो। उहाँको प्रचार सुन्नेहरूलाई शङ्कामा जान दिनुहुन्न थियो, बताउनुपर्ने कुराहरूलाई बताउन आनाकानी गर्नुहुन्न थियो न त बुझ्न नसक्ने गरी अस्पष्ट नै बोल्नुहुन्थ्यो। परमेश्वरबाट सिधा सन्देश नपाईकन उहाँ आउनुहुन्न थियो र जति ठूलो भिडमा पनि जुनसुकै कुनामा बस्नेहरूलाई पनि त्यो सुन्ने गरी

बोल्नुहुन्थ्यो। प्रचार गर्दा उहाँको वचनको शक्तिले मानिसको हृदयलाई छुँदा वातावरण शान्त हुन्थ्यो, र एउटा अप्राकृतिक ध्यान सुन्नेहरूमा हुन्थ्यो। सुन्नेहरूले दायाँबायाँ फर्किन मौका पाउन नसक्ने गरी अलिकति पनि अल्छीपनाको प्रवेश हुन पाउँदैन थियो।

सधैँ आफ्नो जीवनको व्यक्तिगत अनुभव अथवा उखानद्वारा आफूले बताउन चाहेको कुरालाई ठिक तरिकाले हृदयलाई छुने गरी बोल्नुहुन्थ्यो। अइसाईहरूको बीचमा बोल्दा धर्म विवादको कुरा होइन तर अनुभवको कुरा हो भनी बताउनुहुन्थ्यो, र आफैले यो अनुभव गरेको हो भनी अन्त्य गर्नुहुन्थ्यो। उहाँको प्रचार सुन्ने भिड विभिन्न प्रकारका मानिसहरूले भरिए तापनि सुन्नेहरू कोही पनि गहिरो प्रभाव नपाईकन जान पाउँदैन थिए। ख्रीष्टलाई प्रेम गर्नेहरू आफ्नो विश्वासमा बलियो हुने मौका पाए, बेवास्ता गरी ख्रीष्टिय जीवन जिउनेहरू अचानक भयभीत भए, र आफ्नो जीवनको बारेमा पुनः विचार गरे। अइसाईहरूले आफ्नो जीवनमा ख्रीष्टको अधिकार के छ भन्ने कुरालाई सामना गरे र परिणामस्वरूप धेरै जना उद्धारकर्ताको पाउमा परे। साधु सुन्दर सिंहको प्रचारको मुख्य महत्त्व आत्मिक जीवनको अनन्त कुराहरूको बारेमा उहाँले आनन्दसहित गर्ने पुनः पुष्टिमा थियो। उहाँको सन्देशको आकर्षणले धर्मलाई अजीव कुरा ठानेर ख्रीष्टको शक्तिलाई अनुभव नगरीकन जिउने इसाईहरूमा नयाँ जीवन ल्यायो।

आफ्नो पहिलाको जोसलाई त्यागेर सांसारिकपनले स्वर्गको दर्शनलाई धमिलो बनाएको अवस्थामा जिइरहेका मानिसहरूको बीचमा साधु सुन्दर सिंह आफ्नो परमेश्वरसँगको निरन्तर सङ्गतिले पाएको ताजापनसहित साधुको वस्त्र लगाएर, ध्यान आकर्षण गर्ने र प्रभाव पार्ने सन्देशले भरिएर उभिँदा, तिनीहरूले बिर्सेको उद्धारकर्ताको शक्ति र मिठोपनलाई फेरि अनुभव गर्न पाए। उहाँले परमेश्वरको कहिल्यै नरित्तिने आनन्दको मूलबाट आफ्नो जीवनलाई भर्नुभएको छ, र त्यो आनन्दबाट थोरै कुरा सुन्नेहरूका बीचमा बाँड्नुहुन्थ्यो, ताकि सुन्नेहरूलाई त्यो आगोले पक्रेर आफू सिधा त्यो आनन्दको मूलबाट पिउने र त्यसलाई बाँड्ने इच्छाले

भरिन सकोस्।

अइसाईहरूको बीचमा उहाँले प्रचार गर्दा कहिले पनि उहाँहरूको धर्मप्रति आक्रामक बन्नुहुन्न थियो, न त निन्दा ल्याउने शब्दहरू नै प्रयोग गर्नुहुन्थ्यो। तर आफ्नो विगतको जीवनमा ख्रीष्टलाई पाउनुभन्दा अगाडि शान्ति, आनन्द र सन्तुष्टिको खोजी गरेर असफल भएको कुरालाई नडराईकन बताउनुहुन्थ्यो। उहाँले विवाद अथवा सिद्धान्तलाई प्रचार गर्नुहुन्न थियो, तर आफूले पाएको प्रेरणाद्वारा पापीलाई उद्धार दिने र ख्रीष्टको चरणमा ल्याउने शक्तिको शक्तिशाली गवाही भएर उभिनुहुन्थ्यो।

साधु सुन्दर सिंहले इसाई सिद्धान्तको जगदेखि प्रचार गर्नुहुन्थ्यो: परमेश्वरको प्रेम; त्यो प्रेमको लागि जीवन र मृत्युमा ख्रीष्टले दिनुभएको गवाही र त्यो प्रेमलाई स्वीकार गर्ने हरेकलाई बचाउन सक्नलाई त्यसमा भएको नरित्तिने शक्ति र मुख्यतः ख्रीष्ट र उहाँको क्रूस नै उहाँको मुख्य विषय थियो। उहाँले घनिष्ठ रूपमा चिनेको एक जनाको बारेमा कुरा गर्नुहुन्थ्यो; जसको शक्तिलाई उहाँ एउटा जवान केटो हुँदादेखि अहिलेसम्म अनुभव गर्दै हुनुहुन्छ; जसको लागि उहाँले सबै कुरा त्याग्नुभयो, जो दिन र रात दुवैमा उहाँको साथी हुनुहुन्छ। उहाँको प्रचार सुन्नेहरूले सुन्दर सिंह जीवित येशूजस्तै भएर जीवित येशूको प्रचार गर्दै हुनुहुन्छ भन्ने महसुस गरे।

साधु सुन्दर सिंह जाने हरेक ठाउँमा उहाँको उपस्थितिले मानिसहरूलाई खिच्यो, र त्यो प्रभाव पार्ने शक्तिलाई उहाँले मानिसहरूलाई ख्रीष्टतिर डोऱ्याउन प्रयोग गर्नुभयो। मानिसहरूको भिड उहाँलाई हेर्नको लागि लामो समय पर्खिरहन्थे र उहाँलाई विभिन्न प्रकारका आदरणीय शब्दहरूले सम्मान गर्थे। इसाईहरूले साधुले यसरी मानिसहरूमा जागृति ल्याउन सक्नुहुन्छ भने येशू ख्रीष्ट आफैले कति भक्ति र जागृतिलाई ल्याउन सक्नुहुन्छ भन्ने कुराको महसुस गरे। यसरी उहाँले मानिसहरूलाई आत्मिक जीवनको एउटै स्रोत भएको ख्रीष्टकहाँ डोऱ्याउनुभयो। दक्षिण भारतका धेरै जवान भाइहरूले उहाँको चेला हुने इच्छा गरे, तर साधु

सुन्दर सिंहले तिनीहरूलाई आफ्नै ठाउँका मानिसहरूका बीचमा सेवा गर्ने सल्लाह दिनुभयो।

मण्डलीको प्रभावभन्दा बाहिर रहेका मानिसहरूको बीचमा परमेश्वरको सन्देश लैजानको लागि नै आफूले बोलावट पाएको हो भनी उहाँ विश्वास गर्नुहुन्थ्यो, र त्यसैलाई आफ्नो जीवनको मुख्य कामको रूपमा मान्नुहुन्थ्यो। मण्डलीहरूमा चाहिँ उहाँले ज्योतिलाई अझै बलियो बनाउन र मण्डलीको मुख्य कर्तव्यलाई देखाउन आउनुहुन्थ्यो, तर परिणामको विवरणलाई हिसाब नगरीकन एउटा ज्वलन्त सन्देश र जोशलाई छोडेर जानुहुन्थ्यो। उहाँको जीवनको सरलता स्वार्थमय जीवन जिउनेहरूको लागि एउटा हप्कीजस्तै लाग्थ्यो।

दक्षिण भारतमा हुँदा साधु सुन्दर सिंह ए.जे. अप्पासामीको घरमा उहाँका बुबा देवन बहादुर ए.एस. अप्पासामी र दाइ प्रोफेसर किरुबै अप्पासामीको साथ तमिलनाडु प्रान्तको सेन्बगनुर भन्ने ठाउँमा सन् १९१८ सालको अप्रिल १२ तारिखदेखि ६ हप्तासम्म रहनुभयो, ए.एस.अप्पासामीले सुन्दर सिंहलाई केही समय विश्राम लिनको लागि निम्तो दिनुभएको थियो। ती दिनहरूको बारेमा किरुबै अप्पासामीले भन्नुभयो :

"साधु मेरो बुबासँग सेन्बगनुरमा ६ हप्ता रहनुभयो। हामी एउटै घरमा बसेका थियौँ र त्यसमा पनि साधुले सानो कोठा रुचाउनुभयो। बुबाले खानेकुराहरूमा केही हेरफेर गर्नुपर्छ कि भनेर सोध्नुभयो, साधुले आफूलाई त्यस्ता केही प्राथमिकताहरू छैन भनी भन्नुभयो। बुबाले फेरि दोहोऱ्याई–दोहोऱ्याई सोधिसकेपछि आफूलाई दिने दूध, कफी अथवा चिया जे भए तापनि त्यसलाई जति सक्दो त्यति तातो चाहिन्छ भनी अन्तमा साधुले जवाफ दिनुभयो। त्यसपछि हामीले उहाँलाई सक्दो तातो नै दियौँ। चाँदीको गिलासमा दिँदा समात्न नसक्ने गरी तातो भएकाले आफ्नो रुमालले बेरेर समातेर पिउनुहुन्थ्यो। हातमा त्यति तातो भएको कुरालाई उहाँले एकै चोटि खाइसक्नुहुन्थ्यो। उहाँ मटर र सबै प्रकारको

दाल मन पराउनुहुन्थ्यो, खानाचाहिँ थोरै खानुहुन्थ्यो। उहाँ ताजा र सुकेका फलफूल, बदाम, काजु र हाडे बदाम यस्तै प्रकारका चिजहरू मन पराउनुहुन्थ्यो। उहाँ चिया या कफीभन्दा दूध रुचाउनुहुन्थ्यो साथै चिया र कफीमध्ये चिया मन पराउनुहुन्थ्यो।

उहाँलाई कसैले नयाँ लुगाहरू दिँदा सकभर इन्कार गर्नुहुन्थ्यो; कुनै बेला जबरजस्तीले लिन बाध्य बन्नुहुन्थ्यो। त्यस्तै बेला आफूसँग भएको पुरानो लुगा अरू कसैलाई दिनुहुन्थ्यो।

उहाँ प्रायजसो घरको पछाडि भएको खोलोमा नुहाउनुहुन्थ्यो। नुहाउनुभन्दा अगाडि आफूले लगाएका लुगाहरूलाई धोएर सुकाउनुहुन्थ्यो। त्यसपछि रुमाल बाँधेर तेल लगाएर दश- पन्ध्र मिनेट जति नुहाउनुहुन्थ्यो। नुहाइसकेपछि आफ्नो लुगा सुकुन्जेल ध्यान गर्नुहुन्थ्यो। कोही बेला पढ्नुहुन्थ्यो अथवा प्रार्थना गर्नुहुन्थ्यो।

उहाँ घरभित्र खालि-खुट्टामा हिँड्नुहुन्थ्यो, र धेरै टाढा हिँड्नु पर्दा चप्पल लगाउनुहुन्थ्यो। उहाँ चराचुरुङ्गीहरूलाई हेर्न रुचाउनुहुन्थ्यो; चट्टानमा बसेर गुँडलाई ध्यान दिएर हेर्नुहुन्थ्यो, र त्यसमा बचेराहरू कति वटा छन्, तिनीहरूलाई कतिपल्ट आमाले खुवाउँदो रहेछ भनेर ध्यान दिएर हेर्नुहुन्थ्यो। बाइबलमा भएका चराचुरुङ्गी र तिनीहरूको स्वभावको बारेमा भएका पदहरूलाई धेरैपल्ट बताउनुहुन्थ्यो।

त्यति बेला अङ्ग्रेजी भाषामा उहाँको ज्ञान धेरै कम थियो, र सकभर त्यसलाई प्रयोग गर्नुहुन्न थियो। तर अङ्ग्रेजी भाषामा आफ्नो ज्ञानलाई बढाउन धेरै अङ्ग्रेजी किताबहरू पढ्नुहुन्थ्यो। उहाँलाई कसैले किताबहरू दिँदा धन्यवादसहित त्यसलाई स्वीकार गर्नुहुन्थ्यो, र दुई अथवा तीन पल्टसम्म त्यसलाई ध्यानसित पढ्नुहुन्थ्यो, र कोही बेला त्यसबाट टिपोट गरी राख्नुहुन्थ्यो। उहाँले किताबलाई पढिसकेपछि इच्छुक भएको अरू कसैलाई दिनुहुन्थ्यो। जाने बेलामा आफूसँग भएका टिपोटहरूलाई पनि फ्याँकिदिनुहुन्थ्यो, र मैले उहाँलाई किन टिपोट गरी राख्नुभयो भनी सोधेँ,

टिपोट गर्दा आफूलाई अझै राम्रोसँग याद गर्न सकिँदो रहेछ भनी जवाफ दिनुभयो।

उहाँ धेरैपल्ट बिहान चार बजे नै उठेर मैनबत्ती बालेर बाइबल पढ्नुहुन्थ्यो, त्यसपछि मैनबत्ती निभाएर ध्यान र प्रार्थनामा समय बिताउनुहुन्थ्यो।"

साधु सुन्दर सिंह दुई महिनाको लागि विश्राम लिन सेन्बगनुर जानुभएको थियो। तर उहाँले लामो समय सेवा नगरी रहन सक्नुभएन। ६ हप्ताहरू बित्दा आफूलाई आराम भएको अनुभव गर्नुभयो, र आफ्नो योजनालाई बद्लेर त्यहाँबाट जानुभयो।

सन् १९१८ जुलाई २० तारिखदेखि २६ तारिखसम्म साधु सुन्दर सिंह तिरुवनन्तपुरममा रेभ.आरतर पार्खर र श्रीमती रेबेक्का जे. पार्खरसँग रहनुभयो। उहाँहरू दुवै जना लन्डन मिसनरी सोसाइटीबाट आएका मिसनरीहरू थिए, र हिन्दुस्तानी भाषा पनि जान्दथे। आफ्नो अङ्ग्रेजी भाषाको ज्ञान कम भएको बेलामा हिन्दुस्तानी भाषा बुझ्नेहरूसँग रहन पाउँदा खुशी हुनुभयो। यो एक हप्ताको समय महत्त्वपूर्ण समयको रूपमा परिवर्तन भयो, किनभने त्यही समयले गर्दा श्रीमती रेबेक्का पार्खरले, 'साधु सुन्दर सिंह: परमेश्वरबाट बोलावट पाएको व्यक्ति' भन्ने नाउँको किताब लेख्ने मौका पाउनुभयो, र त्यो किताब विश्वभरि सबै देशहरूमा पुग्यो, र साधु सुन्दर सिंहको जीवन र कामको परिचय हजारौँ मानिसहरूको बीचमा पुग्न माध्यम भयो।

श्रीमती पार्खरलाई साधु सुन्दर सिंहको जीवनप्रति चासो बढेपछि, तिरुवितामकूरमा भएका दिदी बहिनीहरूको उत्साहको लागि मलयालम भाषामा साधु सुन्दर सिंहको जीवन चरित्र लेख्नु उहाँको इच्छा थियो। तर काम अगाडि बढ्दै जाने क्रममा अङ्ग्रेजी भाषामा पनि यो किताबलाई निकाल्नुपर्छ भन्ने सल्लाह उहाँले पाउनुभयो।

एउटा गहिरो र दिगो मित्रता साधु सुन्दर सिंह र रेबेक्का पार्खरको बीचमा बढ्यो। सुन्दर सिंहले एउटा छोरोले आमालाई दिएजस्तै नै सबै माया पार्खरलाई दिनुभयो, र पार्खरले पनि त्यसरी नै उहाँलाई प्रेम गर्नुभयो। त्यति बेलादेखि सुन्दर सिंहले आफू जहाँ भए पनि र जति व्यस्त भए पनि पार्खरलाई पत्र लेख्न समय निकाल्नुहुन्थ्यो र आफ्ना सबै सेवा र जीवनका विवरणहरूलाई पत्र मार्फत पार्खरलाई जनाउनुहुन्थ्यो। सुन्दर सिंहले आफ्नो जीवनकालमा यसरी सयौँ पत्रहरू पार्खरलाई लेख्नुभयो।

**श्रीलङ्कामा :**

सन् १९१८ को मे महिनामा उहाँले दक्षिण भारतको कठिनाइपूर्ण यात्रालाई पूरा गरेर उत्तरतिर जानुभन्दा अगाडि श्रीलङ्काको कोलम्बो जानुभयो। श्रीलङ्कामा भएका सभाहरूले पनि दक्षिण भारतमा भएको जसरी नै एउटा जागृति ल्याएको थियो। साधुले श्रीलङ्कामा दिनमा तीन वटाभन्दा बढी सभाहरूमा बोल्नुपर्थ्यो साथै अन्तर्वार्ताहरूमा पनि समय बिताउनुपर्थ्यो। त्यहाँको गर्मीले उहाँलाई धेरै सतायो, त्यसको बारेमा आफ्नो साथीलाई लेख्दा उहाँले लेख्नुभयो 'घाममा राखेको नुनजस्तै भएको छु, तापनि दक्षिण भेगमा नुन थप्न सक्छ भने म नुनजस्तै गरी पग्लिन पनि तयार छु।'

दक्षिण भारत र श्रीलङ्कामा उहाँको सेवाका यात्राहरू अचम्मको हुन्थे। कोलम्बोमा दैनिक उहाँको प्रचार सुन्न ठूलो भिड जम्मा हुन्थ्यो, सयौँ मानिसहरू उहाँले प्रचार गर्ने भवनको  ढोकासम्म पनि पुग्न पाएनन्, र रातीको समयमा पनि कतिले आत्मिक सल्लाहको लागि उहाँलाई भेट्न आउँथे। यसरी उहाँले भीडको बीचमा नै जीवन बिताउनुभयो। पत्रिकाहरू उहाँको बारेमा लेखेका कुराहरूले भरियो, र हजारौँ इसाईहरूको परिवारमा उहाँकै चर्चा हुन्थ्यो। तर भिड र प्रसिद्धि उहाँको लागि केही पनि थिएन, तर त्यसले धेरैको बीचमा ख्रीष्टको सन्देश पुऱ्याउने मौका दियो। तर यो कुरा हुनको लागि साधुले कति मूल्य चुकाउनुभयो भन्ने कुरा उहाँलाई मात्र थाहा हुन्थ्यो। एकान्तमा रहन नपाउँदा र विश्राम गर्न नपाउँदा उहाँलाई धेरै

गाह्रो भइरहेको थियो।

जुलाई महिनामा भारत फर्किनुभयो, र त्यहाँबाट दक्षिण भेगका सबै काम सिद्ध्याएर एउटा सभामा सहभागी हुनको लागि मुम्बई जानुभयो, फेरि त्यहाँबाट उहाँ कलकत्ता जानुभयो, जहाँ इन्फ्लुएन्जा भाइरसको रोग फैलिरहेको थियो र उहाँलाई पनि त्यो लाग्यो। उहाँले पछि लेख्नुभयो, 'मैले दक्षिण भेगमा नपाएको विश्राम र प्रार्थनाको समय परमेश्वरले मलाई यो बिरामी भएको अवस्थामा दिनुभयो।' त्यहाँबाट बर्मा (म्यानमार) र छेउमा भएका बेलायती उपनिवेशहरूमा जानुभयो।

विभिन्न देश र जातिका मानिसहरूले भरिएका रंगून, पेनङ्ग र सिंगापुरहरूमा उहाँले सेवा गर्नुभयो। यहाँ उहाँले चिनियाँहरू, युरोपियनहरू र भारतका विभिन्न ठाउँका मानिसहरूको बीचमा बोल्नुभयो र उहाँको प्रचार दुईवटा भाषाहरूमा अनुवाद हुन्थ्यो। उर्दू, बर्मिस, तमिल, तेलुगू, चाइनिज र अङ्ग्रेजी भाषाहरूमा उहाँको प्रचारको अनुवाद हुन्थ्यो। मेमियो भन्ने ठाउँमा उहाँले पन्जाबीहरूलाई भेट्नुभयो, जसले उहाँलाई आफूसँग भोजन खान निम्तो दिनुभयो, झन् उहाँ खुसी हुने गरी एउटै थालमा खान स्वागत गर्नुभयो। पेनङ्गमा साधुले सिखहरूको लागि सन्त जार्ज तमिल गिर्जाघरमा छुटै सभाको आयोजना गर्नुभयो। भवन मानिसहरूको भिडले भरिएको थियो, र उहाँको प्रचारको अन्ततिर एक जना भलादमी सिख मानिस उठेर सबैको अगाडि उहाँलाई सिख मन्दिरमा बोल्न निम्तो दिनुभयो।

त्यो सिख व्यक्तिले साधुको कामको बारेमा यसरी लेख्नुभयो, 'साधु गएका हरेक सहरमा उहाँलाई राजकीय स्वागत भयो, र उहाँले एउटा ज्योतिको पदचिह्न छोडेर जानुभयो।'

सन् १९१९ सालको सुरुका समयहरू साधुको जीवनमा एक महत्त्वपूर्ण समय थियो, उहाँले चीन र जापानसम्म सेवा गर्न पुगेको मात्र नभएर जनवरी २ तारिखमा अङ्ग्रेजी भाषा मात्र बोल्ने मानिसहरूको

बीचमा सिंगापुरमा हुनुहुन्थ्यो, र अनुवाद गरिदिने कोही पनि भएन। उहाँले तुरुन्तै अङ्ग्रेजी भाषालाई नै प्रयोग गर्ने निर्णय गर्नुभयो र त्यही समयदेखि सबै ठाउँहरूमा अङ्ग्रेजी भाषामा नै बोल्नुभयो।

यसको बारेमा लेख्दा साधुले अबदेखि आफूलाई अनुवादकको आवश्यकता छैन भनी भन्नुभयो, तर उहाँले पहिलो पल्ट अङ्ग्रेजी भाषा प्रयोग गर्दा आफूभित्र भूकम्प गइरहेको जस्तो अनुभव गर्नुभयो, 'मेरो हृदयमा भएका विचारहरू निस्किने माध्यम भएन र मेरो हृदय काम्दछ।'

तर एउटा साहसपूर्ण काम पूरा भयो, र यसले उहाँको सन्देशलाई पृथ्वीको पल्लो छेउसम्म लान सहायता गर्नेछ। भारतबाट निस्किसकेपछि उहाँलाई धेरैले घरमा भोजन दिए, कतिले रेल मार्फत ठाउँ–ठाउँमा जान सहायता गरे, र विभिन्न प्रकारका मानिसहरू युरोपेलीहरू, भारतीयहरू र चिनियाँहरू सबैले उहाँको प्रचार सुने। यी सबैले अन्तमा दिएको गवाही एउटै छ। 'उहाँ साँच्चै नै परमेश्वरको दास हुनुहुँदो रहेछ, र सबै मानिसहरूको लागि उहाँकहाँ सन्देश छ।'

# अध्याय - १९
# पूर्वीय राष्ट्रहरूमा

साधु सुन्दर सिंहको जीवन चरित्र पढ्ने हरेकले उहाँले पूर्ण रूपमा जीवनको हरेक थोकको लागि परमेश्वरमाथि नै भरोसा राखेको र परमेश्वरले उहाँको विश्वासअनुसार नै प्रशस्त इनाम दिनुभएको कुरा थाहा पाउन आउँछन्। ख्रीष्टले भन्नुभएको, 'आफ्नो जीवनको लागि फिक्री नगर....के खाऔँला...के पिऔँला...के पहिरौँला,' भन्ने शब्दहरूलाई उहाँले पूर्ण रूपमा प्रयोगात्मक रूपमा आफ्नो जीवनमा लागू गर्नुभयो, र 'स्वर्गमा हुनुहुने आफ्नो पिताले आफूलाई यी सबै थोकको खाँचो छ भनी जान्नुहुन्छ,' भनी बिनाशङ्का विश्वास गर्नुहुन्थ्यो।

भारतबाट बर्मा, पेनाङ्ग, पेराक, सिंगापुर, चीन र जापानसम्म विभिन्न भाषा र जातिक मानिसहरूको बीचमा बदल्ने विभिन्न मौसममा हातमा पैसा नबोकी यात्रा गर्नु भन्ने कुरा परमेश्वरप्रति भएको उहाँको विश्वासको ताजा प्रमाण हो। त्यही नै बलियो र साधारण विश्वासले उहाँलाई सानो उमेरमा नै घर त्यागेर कठोर र सत्कार नपाइने तिब्बततिर जान उन्मुख गर्‍यो, त्यसले नै परमेश्वरको बोलावटलाई स्वीकार गरेर आनाकानी नगरी यसरी टाढा र नचिनेका मानिसहरूको बीचमा जान सहायता गर्‍यो।

हुरी बतासले भरेको त्यो तिब्बत भन्ने पठारको थोरै सङ्ख्यामा भएका मानिसहरूले सुन्दरको सन्देशलाई स्वीकार नगरी भोकै जङ्गलतिर खेदे तापनि त्यही तिब्बतमा नै उहाँले अचम्मका अनुभवहरू बटुल्ने मौका पाउनुभयो, र त्यही सेवाले नै उहाँ परमेश्वरबाट बोलाइएको र वास्ता गरिएको मानिस हो भन्ने कुराको प्रमाण दियो। उहाँ हिम शिखरहरूमा एक्लै महिनौँ डुली हिँड्नुभयो, र ती पहाडहरूलाई प्रेम गर्न सिक्नुभयो। त्यहाँ नै उहाँले परमेश्वरको शक्तिशाली कामलाई देख्नुहुन्थ्यो र उहाँको

सुमधुर स्वरलाई सुन्नुहुन्थ्यो। यो एकान्त वातावरणमा उहाँले दर्शनहरू मात्र देख्नुभएन तर समतल ठाउँहरूमा भिडहरूको बीचमा सेवा गर्ने शक्ति पनि पाउनुभयो।

तिब्बतबाट फर्किसकेपछि साधु सुन्दर सिंह पन्जाबका गाउँहरूमा प्रचार गर्दै सन् १९१९ अक्टोबर १० तारिखमा लुधियाना पुग्नुभयो। लुधियानाबाट आफ्नो वृद्ध बुबासँग केही दिनहरू बिताउन आफू जन्मेको गाउँ रामपुर जानुभयो।

आफूले बप्तिस्मा पाएको समयदेखि आफ्नो बुबाको मन परिवर्तन भएर ख्रीष्टलाई पछ्याउनको लागि चौध वर्षसम्म उहाँले प्रार्थना गरिरहनुभएको थियो। अहिले सुन्दर सिंहले रामपुरमा बुबालाई भेट्दा आफू इसाई हुन चाहेको कुरालाई बुबा शेर सिंहकै मुखबाट सुन्न पाउने ठूलो आनन्दलाई अनुभव गर्नुभयो। यो परमेश्वरलाई धन्यवाद दिने एउटा मुख्य कुरा थियो, र साधु सुन्दर सिंहको हृदय आनन्दले भरियो। शेर सिंहले भन्नुभयो, 'तिमीले मेरा आत्मिक आँखालाई खोलिदियौ त्यसैले तिमीले नै मलाई बप्तिस्मा दिनुपर्छ।' तर सुन्दर सिंहले त्यसो गर्न इन्कार गर्नुभयो। उहाँले सुसमाचार प्रचार गर्नु आफ्नो कर्तव्य हो, तर बप्तिस्मा दिनु होइन भन्ने कडा निर्णय सधैँको लागि लिनुभएको थियो, र त्यो काम मण्डलीमा भएका अभिषिक्त सेवकहरूद्वारा गर्नुपर्छ भन्ने विचार बोक्नुहुन्थ्यो। सुन्दर सिंहले आफ्नो बुबालाई भन्नुभयो, 'मैले सयौँ अरू मानिसहरूलाई बप्तिस्मा दिन इन्कार गरेको छु, र तपाईंलाई कसरी म बप्तिस्मा दिनु ?' कारणवश सुन्दर सिंहको बुबा कसैबाट बप्तिस्मा नलिई बित्नुभयो।

# अध्याय - २०
# पश्चिमी राष्ट्रहरूको भ्रमण

उहाँले अङ्ग्रेजी भाषामा स्वीकार योग्य तरिकाले बोल्न र प्रचार गर्न सिक्नुभएकोले उहाँको कार्यक्षेत्र अझै विस्तार भयो। उहाँले एक दिन राति प्रार्थना गरिरहँदा बेलायत जान स्पष्ट बोलावट पाउनुभयो, र जस–जसले जिउँदो क्रूसको अनुभव गर्नुभयो, उहाँहरूले आफूले पाएको पूर्ण शान्ति र आनन्द अरूहरूलाई बताउनुपर्छ भन्नु उहाँको इच्छा थियो।

उहाँको बुवा अहिले इसाई धर्मप्रति असल धारणा बोक्ने व्यक्ति हुनुहुन्थ्यो, र त्यसैले साधुलाई बेलायत जानको लागि चाहिएको खर्च दिनुभयो। सन् १९२० जनवरी १६ तारिख उहाँले मुम्बईबाट यात्रा सुरु गर्नुभयो। सदाझैँ उहाँले कुनै पनि कार्यक्रमहरू तयार गर्नुभएको थिएन। यात्रामा हुँदा बेलायतमा भएका साथीहरूले उहाँ आउने कुरा थाहा पाए। ३१ वर्षको अग्लो जवान, साधु वस्त्र पहिरेको सुन्दर सदा जसरी चप्पल पनि नलगाईकन बेलायतमा ओर्लनुभयो। उहाँको व्यक्तित्व र सन्देशले सबै वर्गका मानिसहरूलाई प्रभाव पाऱ्यो, ताकि सुन्दर बोल्नुहुन्छ भन्ने सूचनाले जतिसुकै ठूलो सभा–भवन र मण्डलीलाई पनि भरिदिन्थ्यो। बौरी उठेको ख्रीष्टले मात्रै समस्या ग्रस्त संसारलाई शान्ति दिन सक्छ भन्ने सन्देश उहाँको महत्त्वपूर्ण अनुभवबाट नै सिकेर आफूहरूको बीचमा आउनुभएको छ भन्ने कुरालाई हरेकले महसुस गरे।

बाटोमा हिँड्दा उहाँको साधुको वस्त्र र पगरीले उहाँलाई विशिष्ट बनायो, र आफ्नो इच्छाको रङ्गसँग मिल्ने एउटा बर्सादी पनि उहाँ सधैँ लगाउनुहुन्थ्यो। हुस्सु लागेको बेलामा दुई जना साथीहरूसँग उहाँ लन्डनको सडकमा हिँडेको बेला भएको एउटा घटनालाई खुशी साथ भन्नुहुन्थ्यो। उहाँहरू तीन जना बाटोमा हिँडिरहेको हुँदा सडक काट्नको

लागि सडकको पेटीमा एक छिन उभिइरहनुभएको थियो, त्यति नै बेला एक जना स्त्री पत्र पठाउन आउनुभएको थियो। त्यो मधुरो उज्यालोमा हुस्सु लागिरहेको हुँदा, रातो देखिने साधुको वस्त्रलाई देखेर हुलाक बक्स सम्झेर आफ्नो पत्रलाई उहाँभित्र हाल्न कोसिस गर्नुभयो। हुलाक बक्साले, 'चिठ्ठी मलाई दिनु, म पठाइदिनेछु' भनी भन्दा उहाँ झसङ्ग हुनुभयो।



सुन्दर जहाँ–जहाँ जानुभयो, त्यहाँका धर्मगुरुहरू, दर्शन शास्त्रीहरू र वैज्ञानिकहरूले उहाँका आत्मिक अनुभवहरूलाई जाँच गर्न खोजे; सबैले उहाँका आत्मिक अनुभवहरूलाई विश्वास गर्न नसके तापनि स्पष्ट देखिरहेको निष्कपटपनलाई विश्वास गरे।

बेलायतकी रानीले उहाँलाई चियापानको लागि निम्तो दिनुभयो। उहाँले रानीलाई इज्जत गरे तापनि त्यही समयमा एउटा सभाको आयोजना पहिले नै निश्चित भइसकेकोले अति अप्ठ्यारो महसुस गर्नुभयो, र के निर्णय गर्ने भन्ने कुरामा उहाँ दोधारमा पर्नुभयो। अन्तमा त्यही नै समयमा आयोजना भएको सभामा दुई हजारभन्दा बढी मानिसहरू भेला हुने भएकाले आफूले उनीहरूलाई निराश तुल्याउन नचाहेको कुरा रानीलाई एउटा पत्र मार्फत जनाएर क्षमा माग्नुभयो। रानीले पनि अनुग्रह साथ उहाँको पत्रलाई स्वीकार गर्नुभयो, तर त्यो निम्तोलाई स्वीकार गर्न नसकेकोमा सुन्दरले दुःख मान्नुभयो।

बेलायतमा तीन महिना बिताइसकेपछि अमेरिका जानुभयो, र धेरै ठूला सभाहरूमा प्रचार गर्नुभयो। त्यहाँ धन कमाउन मानिसहरू हतारिएको

देखेर उहाँ छक्क पर्नुभयो। "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" भन्ने ख्रीष्टका शब्दहरू पूर्वीय देशहरूको लागि मिल्छ, तर साधुको विचारअनुसार ख्रीष्टले अमेरिकालाई यसरी भन्नुहुन्छ, "हे सबै सुनले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।" तापनि फेरि उहाँले भन्नुभएको थियो, "परमेश्वरका मानिसहरू विश्वभरि छन्, र उहाँको आफ्ना साक्षीहरू पश्चिम र अन्य ठाउँहरूमा पनि छन्।"

उहाँलाई एउटा ठूलो विश्व विद्यालयमा बोल्न निम्तो दिइएको थियो। त्यहाँ पुग्दा, 'विश्व प्रख्यात साधु यहाँ बोल्नुहुनेछ' भनी ठूलो अक्षरले लेखेको ब्यानर देख्नुभयो। त्यसले उहाँलाई आघात तुल्यायो, र भन्नुभयो, 'म त्यो देख्दा लज्जित भएर असिनपसिन भएँ।' पश्चिमी राष्ट्रहरूको जनजीवन भौतिकवादले भरेको देख्नुभयो, तर आफू पाहुना बसेका घरहरूमा भएको भक्तिलाई सधैँ सम्मान गरेर बोल्नुहुन्थ्यो। अमेरिकामा दुई महिना बिताएपछि त्यहाँबाट अस्ट्रेलिया जानुभयो। त्यहाँ पनि मुख्य सहरहरूका मानिसहरूले उहाँलाई स्वागत गरे, र उहाँका सभाहरूले धेरै परिवर्तन ल्याए।

सन् १९२० मा उहाँ मुम्बई फर्कनुभयो। देशभक्ति त्यति बेला भारतमा धेरै उच्च अवस्थामा थियो। देशभक्ति भएका इसाईहरूले उहाँको आगमनलाई विशेष बनाउने विचार गरे। चेन्नै र दक्षिण भारतमा उहाँको लागि विशेष स्वागतको कार्यक्रम आयोजना भएको थियो, र 'पश्चिमलाई जितेको मानिस' भनी उहाँको बारेमा विज्ञापन गरे। तर उहाँले आफूलाई त्यसरी विशेष व्यक्ति बनाएको चाहनुभएन र कसैलाई थाहा नहुने गरी चुपचाप जानुभयो। उहाँले पछि भन्नुभयो: 'म मुम्बई फर्किरहेको यात्रामा श्रीलङ्काको कोलम्बोमा आइपुग्दा मदरासमा (चेन्नै) मेरो लागि भइरहेको तयारीको बारेमा थाहा पाएँ, र म मेरो इसाई दाजुभाइ तथा दिदी–बहिनीहरूलाई धन्यवाद दिन चाहन्छु, मेरो लागि भएको तयारी मैले बोक्न नसक्ने ठूलो क्रूसजस्तै मलाई लाग्यो। ख्रीष्टको लागि भोकै बस्नु अथवा झ्यालखानामा बस्नु बरु सजिलो छ, तर यो स्वागत एउटा धेरै

ठूलो क्रूस हो, त्यसैले कसैलाई नबताईकन म सिधै बम्बै (मुम्बई) आइपुगेँ।'

सेवाहरू सकेर फर्किंदा रहनलाई एउटा निश्चित ठाउँको आवश्यकता देखेर सुबाथू बजारको पल्लो छेउमा भएको एउटा पुरानो विद्यालयको भवनलाई किन्नुभयो, र हरेक सेवाको यात्रापछि शान्त वातावरणमा विश्राम लिन त्यहाँ आउनुभयो। जीवनको अन्तिम पाँच वर्षहरूलाई यसरी नै बिताउनुभयो।

# अध्याय - २१
# युरोपको सेवा

युरोपमा भएका धेरै मानिसहरू उहाँको सन्देशलाई सुन्न अत्यन्त इच्छुक भएकोले उहाँलाई युरोपमा आउन धेरै निम्तोहरू आए। सन् १९२२ को जनवरी २९ तारिख उहाँ मुम्बईबाट मिश्रमा जानुभयो, र त्यहाँबाट पलिस्तिनामा विलियम विलाक्सको घरमा पाहुना भएर रहनुभयो। येशू ख्रीष्ट हिँडेका ठाउँहरूमा हिँड्न पाउँदा, सोलोमनको मन्दिर भएको पहाडमा उभिन पाउँदा, येशू ख्रीष्टको चिहान हेर्न पाउँदा र नासरत, तिबेरियास र गालील समुद्र जान पाउँदा उहाँ धेरै नै आनन्दित हुनुभयो। साथै हरेक पाइलामा ख्रीष्टको नजिक भएको महसुस गर्नुभयो, र उहाँको उपस्थितिलाई थाहा गर्नुभयो। येशू ख्रीष्टसँग–सँगै जिएका चेलाहरूमध्ये आफू पनि भएको जस्तै अनुभव गर्नुभयो। येशूले भन्नुभएको, 'शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु;...जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।' भन्ने वचनद्वारा युरोपमा उहाँले गर्न गइरहेको सेवाको लागि परमेश्वरले येशू जीवित हुनुहुन्छ, र उहाँमा मात्र शान्ति छ भन्ने सन्देश आफूलाई दिएको जस्तै अनुभव गर्नुभयो।

उहाँ फ्रान्सको मार्सैयाबाट स्विजरल्याण्ड जानुभयो, त्यहाँ दश हजार जना जति भेला हुने सभाहरूमा बोल्नुभयो। स्विजरल्याण्डमा मानिसहरू साधारण र भक्तिको जीवन जिइरहेको भेट्टाउनुभयो। जर्मनीमा उहाँले ६ वटा सहरहरूमा मात्र भ्रमण गर्न पाउनुभयो, र त्यहाँ उहाँको सन्देशलाई सुन्न धेरै ठूलो भिड जम्मा भए। तर त्यहाँको आत्मिक जीवन देखेर उहाँ खुशी हुनुभएन। विवेकको तर्कले ख्रीष्टको ईश्वरत्वलाई इन्कार गरेको र ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध राख्नुभन्दा ख्रीष्टको ज्ञानमा बढ्नु नै ख्रीष्टिय जीवनको आधार मानेका कुराहरूलाई उहाँले यहाँ देख्नुभयो। उहाँ



**साधु सुन्दर सिंह प्रधान बिशप साडेब्लुमको साथमा**

स्वीडेनमा राजाको भाइको घरमा साथै प्रधान बिशपको घरमा पाहुना भएर रहनुभयो। यहाँ सभाहरू भिडले भरिन्थे र असल न्यानो इसाई सङ्गतिहरू हुन्थे। एउटा सभामा बीस हजार मानिसहरू भेला भएका थिए।

उहाँ युरोप भ्रमण गर्दा युरोपभरि बढी चर्चित व्यक्ति उहाँ नै हुनुहुन्थ्यो। उहाँले एउटा गहिरो प्रभाव पार्नुभयो, र हजारौँ मानिसहरूले ख्रीष्ट जीवित हुनुहुन्छ, र उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ भन्ने अनुभूति पाए। त्यही नै बेला उहाँको अनुभव, दर्शन र शिक्षाको बारेमा कतिले आलोचना पनि गरे। युरोपमा नामधारी इसाईहरूको सांसारिकपन र धरै मानिसहरूको अनैतिक र अधर्मी जीवनले उहाँलाई धेरै दुःखित र निराश तुल्यायो। उहाँको भ्रमणमा महिनाहरू बित्दै जाँदा उहाँ झन्डै एउटा अगमवक्ताजस्तै भएर

तिनीहरूको भौतिकवाद, बुद्धिवाद र स्वेच्छा खोज्ने स्वभावजस्ता कुराहरूको बारेमा चेतावनी दिनुभयो। उहाँले भन्नुभयो:

'अइसाई देशहरूमा मानिसहरूले आफ्नो हातले बनाएका मूर्तिहरूलाई पुज्दछन् तर इसाई देश भनी कहलिएका देशहरूमा मैले अझ नराम्रो मूर्ति पूजालाई पाउँदछु, जहाँ मानिसहरू आफैलाई पुज्दछन्। उहाँ आफ्नो महिमामा आएको देख्दा त्यति बेला उहाँलाई आफ्नो परमेश्वरको रूपमा विश्वास नगरेको कुरामा तपाईंहरू दुःखित हुनुहुनेछ, तर त्यति बेला ढिलो भइसकेको हुन्छ। उहाँको ईश्वरत्वलाई विश्वास गर्नुहुँदैन भनी सिकाउने बुद्धिजीवी अविश्वासीहरूद्वारा आफैलाई विनाशमा पुऱ्याउन तपाईंहरूले अनुमति दिनुभएको छ। पश्चात्ताप गर्न त्यति बेला ढिलो भइसकेको हुन्छ। शायद त्यो दिन तपाईंहरूले सुन्नुहुनेछ: "अन्य जातिहरूको देशबाट, मेरो शक्ति र महिमालाई अनुभव गरेकोले एक जना मानिस तिमीहरूको बीचमा आएर म जीवित छु भन्ने गवाही दिएको थियो, तर तिमीहरूले विश्वास गरेनौ।" '

यो गवाही दिएर आफ्नो भ्रमणलाई अन्त गर्नुभयो। 'तपाईंहरूले मलाई देख्ने पहिलो र अन्तिमपल्ट यही नै हो,' उहाँले यो कुरालाई बारम्बार भन्नुभयो। लगातार भएका सभाहरू र बातचितहरूले थकित साथै आत्मामा निराश भएर उहाँ बेलायत जानुभयो। त्यहाँ आफूले पहिले नै प्रतिज्ञा गरेका दुईवटा ठाउँहरूमा मात्र बोल्नुभयो र त्यहाँबाट भारत फर्किनुभयो। जिउँदो परमेश्वरको उपस्थितिबाट आउने शान्तिलाई नचिनेका इसाई देशहरूमा पाउने प्रशंसा र आदरभन्दा ख्रीष्ट येशूको उपस्थितिको साथ यात्रा गरिने तिब्बतको कठोर बाटोहरू उहाँको लागि अति उत्तम लाग्यो। उहाँले भन्नुभयो: 'तिब्बतमा एक दिन मर्नुपर्छ भन्ने कुराको बारेमा मलाई केही डर छैन। त्यो दिन आउँदा मैले त्यसलाई आनन्दसाथ स्वागत गर्नेछु। हरेक वर्ष म तिब्बत गइरहेको छु, हुन सक्छ अर्को वर्ष म त्यहाँ आफ्नो जीवन गुमाएँ भन्ने तपाईंहरूले सुन्नुहुन्छ होला। त्यही बेला तपाईंहरूले नसोच्नुहोस् , "ऊ मऱ्यो," तर भन्नुहोस् "ऊ आनन्दको जीवनमा प्रवेश गरेर स्वर्ग गयो र ख्रीष्टसँग एउटा उत्तम जीवन जिउँदै छ।"'

# अध्याय - २२
# लेख्नको लागि बोलावट

विश्राम लिन नसक्ने गरी धेरै सभाहरूमा सहभागी भएकोले र त्यो सक्ने बित्तिकै इच्छुक भएका व्यक्तिहरूसँग गरिने बातचितहरूले उहाँलाई थाम्न नसक्ने तनाव ल्यायो, परिणामस्वरूप त्यसले उहाँको स्वास्थ्यलाई गम्भीर रूपमा असर पाऱ्यो। युरोपको भ्रमणबाट फर्केर आइसकेपछि उहाँ कहिल्यै पहिलेको स्वस्थपनमा जिउन पाउनुभएन। उहाँ बारम्बार शरीरमा जटिल वेदनाहरूलाई भोग्न बाध्य हुनुभयो, र धेरैपल्ट बेहोस हुनुभयो। एकपल्ट एक घण्टा आधासम्म उहाँको होस फर्केन। हरेक सभामा बोलिसकेपछि यस्तै शारीरिक वेदनाहरू भोग्नुपर्ने भयो। यस्तै परिस्थितिहरूमा उहाँ यात्रा गर्न सक्नुभएन, साथै सधैँ बोल्ने महासभाहरूमा प्रचार गर्ने प्रतिज्ञा दिन आनाकानी गर्नुभयो।

यस्तै दिनहरूमा उहाँलाई सेवाको लागि नयाँ बाटो खुल्यो। पत्रिकाका सम्पादकहरूले आफ्नो पत्रिकाको लागि लेख लेखिदिन लगातार अनुरोध गरिरहे। अङ्ग्रेजी भाषामा आफ्नो ज्ञान सिद्ध नभएकोले त्यसलाई प्रयोग गर्न पाउनुभएन; भाषाको समस्यालाई समाधान गर्न लेखलाई आफैले सुधार्ने कुरा तिनीहरूले बताए, अन्तमा उहाँ सहमत हुन बाध्य हुनुभयो। यो लेखले गर्दा विश्वभरिका इसाई र अइसाईहरूले उहाँलाई भेट्न आउनु र पत्राचार गर्नु भन्ने काम सुरु भयो, जसले उहाँको समयलाई पूरै लियो। सन् १९२२ मा उहाँले अङ्ग्रेजी भाषामा, 'स्वामीको चरणमा' भन्ने पहिलो किताब प्रकाशन गर्नुभयो। केही वर्षपछि फेरि अङ्ग्रेजी भाषामा

२. यथार्थ र धर्म – सन् १९२३

३. यथार्थको खोजी – सन् १९२४

४. आत्मिक जीवनको विभिन्न दृष्टिकोणको अध्ययन – सन् १९२५

५. स्वर्गलोकका दर्शनहरू – सन् १९२६

६. वास्तविक जीवन – सन् १९२७

भन्ने किताबहरूको प्रकाशन गर्नुभयो। यी किताबहरू धेरै ठाउँहरूमा वितरण भयो। कुनै किताबहरू सात पल्टसम्म छापिए र कुनै किताबहरू र त्यसका भागहरू चालिस वटा भाषाहरूमा अनुवाद भए। यी किताबहरू पुगेका ठाउँहरूमा परमेश्वरले यी किताबहरूलाई मानिसहरूलाई ख्रीष्टकहाँ डोऱ्याउने माध्यमको रूपमा  प्रयोग गर्नुभयो।

आफ्ना दर्शनहरू सम्बन्धित किताबलाई प्रकाशित नगरुन्जेल आफूले एउटा बोझ बोकेजस्तै अनुभव गर्नुभयो। उहाँले आफ्नो एउटा साथीलाई यसको बारेमा लेख्दा यसरी लेख्नुभयो: 'एउटा ठूलो बोझ मेरो हृदयबाट हटाइन्छ र मैले ठूलो विश्रामको अनुभव गर्छु।' यो किताबलाई उहाँको मृत्यु पश्चात् प्रकाशन गर्ने सल्लाह अरूहरूले दिए, तर उहाँले भन्नुभयो; 'यो किताब अङ्ग्रेजीमा अनुवाद हुन म धेरै उत्सुकता साथ पर्खिरहेको छु; म जीवित छु अथवा मरे भन्ने कुरा मुख्य होइन।'

यी वर्षहरूमा साधु र उहाँका दर्शनहरूको बारेमा धेरै तर्क–वितर्कहरू चल्न थालेको थियो। विशेष गरी जर्मनीमा साधुको बारेमा बढी आलोचना गरिन्थ्यो, र भारतमा पनि कुनै मानिसहरू र मिसनरीहरूले उहाँलाई बदनाम गर्न पाएका मौकाहरूलाई गुमाउँदैन थिए। साधु एउटा पाखण्डी हो, र उहाँ कहिल्यै तिब्बत पुग्नुभएन साथै उहाँका स्वर्गीय सहायताका अनुभवहरू सबै आफ्नै दिमागको परिकल्पना मात्र हो भनी भनिन्थ्यो। त्यति मात्र नभएर उहाँका दर्शनहरू सबै रोगी मनको कल्पना मात्र हो भनी भनिन्थ्यो। उहाँले कजिली वनमा उपवास बस्नुभएकै थिएन, साथै तिब्बतमा एउटा विद्यालयको लागि दिएको पैसा उहाँले आफूलाई सुबाथूमा एउटा बङ्गला किनेर दुरुपयोग गर्नुभयो भनी भन्थे। दार्जिलिङमा रहने एउटा रोमन क्याथोलिक पादरी र स्विजरल्याण्डमा भएको 'प्रोटेस्टेन्ट मिसनरी सोसाइटी' भन्ने संस्थाका मानिसहरूले उहाँप्रति गलत धारणा लिएर उहाँलाई झूटो स्थापित गर्ने प्रयास गरिरहेका थिए। सुन्दर सिंहले उहाँ र उहाँको इमानदारीताप्रति गरिने यो आलोचनालाई गहिरो

रूपमा महसुस गर्नुहुन्थ्यो, तर यी सबै कुराहरू परीक्षा गर्न आएको हो र परमेश्वरले आफ्नो असल समयमा सत्यलाई प्रकट गराएर आफूलाई निर्दोष ठहराउनुहुन्छ भन्नेचाहिँ उहाँको धारणा थियो। सन् १९१३ मा आफ्नो उपवासपछि सुन्दर सिंहले आफूलाई नाहन भन्ने ठाउँमा भेट्न आएको कुरा आफ्नो दैनिकीमा उल्लेख छ भनी रेभ.टि.इ.रिङ्गिलले बताउनुभयो, यसले आफू उपवासको समयमा कमसेकम कजिली वनको नजिक भएको कुराको प्रमाण दिने भएकोले त्यो थाहा पाउँदा उहाँ अत्यन्तै धन्यवादी हुनुभयो। उहाँले आफ्ना दर्शनहरूलाई अति आत्मीय व्यक्तिगत अनुभवको रूपमा हेर्नुहुन्थ्यो। ती दर्शनहरूलाई साझा विवादको विषय हुन दिन नसक्ने गरी उहाँको लागि ती बहुमूल्य थिए।

रोमन क्याथोलिक मण्डलीहरूले उहाँप्रति दुईवटा भिन्नै दृष्टिकोण बोकेको चाहिँ अचम्मको कुरा थियो। एउटाचाहिँ रोमन क्याथोलिक मण्डलीमा मण्डलीभित्र नरहेको कसैले यस्तो प्रकारको दर्शन देख्नु र अनुभव बटुल्नु सोच्न नसक्ने कुरा हो भनी ठान्थे, यसैले तिनीहरूले उहाँलाई झुटो प्रमाणित गर्ने प्रयास गरे। अर्को दृष्टिकोणमा, यस्तो दर्शन पाएका सन्तहरूको पङ्क्तिमा उहाँ पनि एक जना हुनुहुन्थ्यो भनी ठान्थे तर उहाँलाई आफ्नो मण्डलीभित्र ल्याउनुपर्छ भनी सोच्थे, त्यसैले उहाँलाई क्याथोलिक समूहभित्र ल्याउनको लागि सधैँ विभिन्न प्रकारको प्रलोभन देखाएर प्रयास गरिन्थ्यो।

भारतमा भएका मानिसहरूले धेरै वर्षदेखि नै साधुलाई घनिष्ठ रूपमा चिन्थे, र उहाँले आफूलाई निर्दोष प्रमाणित गराउने आवश्यकता केही थिएन। उहाँ परमेश्वरको दास हुनुहुन्थ्यो, र उहाँसँग परमेश्वर हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण उहाँको व्यक्तिगत आत्मिक जीवनमा थियो। परमेश्वरले उहाँलाई दक्षिण भारत र पूर्वी र पश्चिमी देशहरूमा सेवा गर्ने विशेष बोलावट दिनुभयो। उहाँ धेरै पटक तिब्बत जानुभयो र उपवास बस्नुभयो साथै स्वर्गीय सहायताहरू पाउनुभयो। उहाँका दर्शनहरूचाहिँ नदेखेका कुराहरूलाई प्रकट गराउने सत्यता हो। यी सबै कुरा सबैले जान्दथे र विश्वास पनि गर्थे।

# अध्याय - २३
# साधुको पत्राचार

उहाँको जीवनका अन्तिम सात वर्षहरू कम गौरवशाली थिए, तर पहिलेका वर्षहरूभन्दा परमेश्वरको राज्यको लागि कम फल फलाएको चाहिँ होइन। जाडो मौसममा उहाँ भारतभरि मानिसहरूको आत्मिक जीवनलाई बलियो बनाउन विभिन्न महासभाहरूमा बोल्न यात्रा गर्नुहुन्थ्यो। यस्ता सभाहरू सकेपछि पनि मानिसहरू अझै केही आत्मिक कुराहरू पाउनको लागि उहाँको वरिपरि घण्टौँ बसेर सुनिरहन्थे।

उहाँको बारेमा किताबहरू प्रकाशित भएर विश्वभरि फैलिँदा त्यसले धेरै जनालाई ख्रीष्टको नजिक आएर आफ्नो आत्मालाई उहाँमा समर्पण गर्न लगाउने परिणाम ल्यायो।

धेरैले पत्र मार्फत उहाँबाट पाएको आशिष्लाई लेखेर पठाउँथे, त्यस्ता धेरै पत्रहरूबाट केही भागहरू यहाँ दिइएको छ।

क्यानडाको प्रान्तीय लोक सभाको एक जना सदस्यले आफूले बाटो बिराएर पापमय र सांसारिक जीवन जिएर परमेश्वरसँग सम्बन्धहीन भएको अवस्थाको बारेमा लेख्नुभएको थियो। अशान्तिमा परमेश्वरले आफूलाई त्याग्नुभयो भन्ने डरमा जिइरहनुभएको थियो। उहाँले डा.अप्पासामीले लेखेको 'द साधु' भन्ने किताब पढ्दा भारतको एक जना मानिसले क्रूस बोकेर जिएको जीवनले उहाँलाई यति प्रभाव पार्‍यो कि आफ्नो जीवनलाई ख्रीष्टमा समर्पण गर्नुभयो।

पेरिसमा भएको एक जना जवान मानिसले अर्मेनियन भाषामा अनुवाद भएको साधु सुन्दर सिंहको जीवन चरित्रलाई पढ्नुभयो, र त्यसद्वारा आफूले जिउनुपर्ने एउटा आत्मिक जीवन छ भन्ने कुराको महसुस उहाँलाई

भयो, र आफ्नो जीवन ख्रीष्टलाई दिएर उद्धार पाउनुभयो।

जापानको एक जना पास्टरले साधुको जीवन र शिक्षालाई पढेर लेख्नुभयो, 'परमेश्वरले यो किताबलाई प्रयोग गरेर विगतका ६ महिनामा मलाई महान् आशिष्हरू दिनुभएको छ।'

आयरल्याण्डको एक जना रोगी वृद्ध स्त्री जसले येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्नुहुन्न थियो। उहाँले प्राध्यापक हेइलरले लेखेको साधुको किताब पढिसकेपछि लेख्नुभयो:

'मैले चाँडै नै थाहा पाएँ कि म गलत रहेछु। तपाईंको किताबले मलाई के गर्‍यो भन्ने कुरा बताउन म प्रयास गर्दिनँ, तर येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा अहिले मलाई थाहा छ।' एक वर्षपछि फेरि उहाँले लेख्नुभयो: 'मलाई प्रार्थना गर्न सिकाउने पहिलो व्यक्ति तपाईं नै हुनुहुन्छ...र तपाईंको शिक्षा सत्य हो भन्ने कुरा मैले जाँच गरेर अनुभवद्वारा पक्का गरिसकेँ। उहाँले (ख्रीष्ट) साँच्चै नै शक्ति, आनन्द र शान्ति दिनुहुँदो रहेछ। अब म उहाँबिना एक दिन पनि जिउन सक्दिनँ।'

स्वीडेनमा भएको उप्शाला सहरको प्रधान बिशप साडेब्लुमले यसरी लेख्नुभएको थियो:

'आफ्ना सारा मण्डलीहरूलाई परमेश्वरले आफ्नो विश्वास र प्रेममा विश्वस्त सेवक तपाईंद्वारा एउटा अचम्मको आशिष् दिनुभएको छ। तपाईंलाई फेरि एकपल्ट व्यक्तिगत रूपमा भेट्न पाउनु मेरो लागि एउटा महान् आशिष् हो। तर टाढा हुँदा पनि तपाईंसँग भएको परिचयले मलाई उत्साह र बल दिइरहेको छ... तपाईंद्वारा परमेश्वरले मेरो र मण्डलीको लागि दिनुभएका कुराहरूको लागि अनन्त धन्यवादसहित।'

प्राध्यापक हेइलरले लेख्नुभयो: 'तपाईंको बारेमा मैले लेखेको किताब पढेर सयौँ मानिसहरूले महान् आशिष् पाएका छन्।' साधुका दर्शनहरूको बारेमा यसरी बताउनुभयो: 'तपाईंको किताबले मलाई गहिरो रूपमा प्रभाव

पा-यो र मेरो आत्मिक जीवनलाई धेरै सहायता ग-यो। हजारौँ मानिसहरूको लागि यो सानो किताब एउटा मोती भएको छ। हामीले यो कुरा दैनिक रूपमा सुनिरहेका छौँ।'

स्विजरल्याण्डको एक जना स्त्रीले उहाँको किताबको बारेमा यसरी लेख्नुभयो: 'हरेकपल्ट म तपाईंको नजिक आउँदा तपाईंले मलाई परमेश्वरको नजिक पु-याउनु हुँदोरहेछ। तपाईंले मलाई आदर्शमय कुराहरूको वास्तविकतालाई बुझ्न सहायता गर्नुभएको छ, र ख्रीष्ट येशूमा परमेश्वरको साथमा रहनु भन्ने अर्थ लाग्ने प्रार्थनाको महत्त्वलाई बुझ्न सहायता गर्नुभएको छ।'



**साधु सुन्दर सिंह प्रचार गर्दै**

# अध्याय - २४
# प्रार्थनाको मानिस

सन् १९२१ जनवरी महिनामा साधु सुन्दर सिंहले विन्सेन्ट डेविडलाई सुबाथूमा आफूसँग केही दिनहरू बिताउन निम्तो दिनुभयो। विन्सेन्ट डेविडले ती दिनहरूको बारेमा यसरी बताउनुभएको थियो: "सन् १९२१ जनवरीमा सुन्दर सिंहले मलाई आफूसँग सुबाथूमा केही दिनहरू बिताउन निम्तो दिनुभयो, र म पनि गएँ। म उहाँको साथ गाउँहरू हुँदै हिँड्दा स्थानीयहरूले उहाँलाई दिने अति उच्च आदरलाई देख्ने मौका पाएँ...

बिहान सूर्य उदय हुँदा हामीले घर बाहिर कुर्सीमा बसेर नयाँ करारको पुस्तकलाई पढ्यौँ। उहाँ उर्दू भाषामा पढ्नुहुन्थ्यो, म अङ्ग्रेजी भाषामा पढ्थेँ... उहाँ कोही बेला एउटै पदलाई पन्ध्रदेखि बीस मिनेटसम्म अध्ययन गर्नुहुन्थ्यो...

उहाँ कहिल्यै पनि प्रार्थना गर्न मानिसहरूले देख्ने ठाउँमा बाहिर बस्नुहुन्न थियो। उहाँ कोठामा गएर ढोका थुनेर आफ्नो पितालाई गोपनीयतामा प्रार्थना गर्नुहुन्थ्यो। घण्टौँसम्म उहाँको ढोका बन्द नै रहन्थ्यो र मलाई केही कामहरू पर्‍यो भने उहाँ अझै प्रार्थना गर्दै हुनुहुन्छ कि अथवा सक्नुभयो भनी सिसाको झ्यालबाट हेर्थें। मैले निश्चित रूपमा भन्न नसके पनि मलाई लाग्थ्यो उहाँ हरेक दिन सामान्यतः ४ देखि ६ घण्टासम्म प्रार्थना गर्नुहुन्थ्यो। उहाँ पलेटी कसेर बस्नुहुन्थ्यो र आराधनाको लागि हत्केलाहरू जोडिएको हुन्थ्यो। विशेष गरी उहाँको शरीरका कुनै भागहरू नहल्लिएको कुराले मलाई प्रभाव पारेको थियो। उहाँको शरीर उहाँकै नियन्त्रणमा थियो, र लामो समयसम्म अलिकति पनि नहल्लीकन बस्नुहुन्थ्यो। उहाँको भक्तिको जीवनमा मैले सधैँ देखेको अर्को एउटा कुरा पनि छ। खानेकुराको आवश्यकताको केही महसुस नगरी प्रार्थना सकेर

बाहिर निस्कने हरेकपल्ट उहाँको मुहारमा एउटा ज्योति चम्किन्थ्यो जसले ममा एउटा भय ल्याउँथ्यो, र म उहाँको नजिक जान अप्ठ्यारो मान्थेँ। उहाँको कोठामा ख्रीष्ट येशूका दुईवटा तस्बिरहरू थियो: एउटा गेतसमनी बगैँचामा प्रार्थना गरिरहेको र अर्को डाँडाको उपदेश दिइरहेको। उहाँले पत्रहरू अथवा किताबहरू लेख्दा पनि धेरैपल्ट ती नक्साहरूलाई लामो समय ध्यानसित हेरिरहनुहुन्थ्यो।

साधुले एकपल्ट मलाई आफ्नो स्वर्गलोकको अनुभवलाई बताउनुभयो। एकपल्ट उहाँले स्वर्गलोकमा कति जना रोमन क्याथोलिक हुनुहुन्छ भनी सोध्नुभयो। उहाँले पाएको जवाफचाहिँ, 'कोही पनि छैन।' अझै उहाँले सोध्नुभयो, चर्च अफ इङ्गल्याण्डका सदस्यहरू कति जना छन्। उहाँलाई त्यही नै नकारात्मक जवाफ दिइयो। उहाँ फेरि अगाडि बढ्नुभयो र सोध्नुभयो कति जना मेथोडिस्ट, कति जना प्रस्बेटेरियन र कति जना ब्याप्टिष्टहरू छन्? 'कोही पनि छैन' भन्ने जवाफ उहाँलाई दिइयो। उहाँ धेरै नै अलमल्ल पर्नुभयो र केही बुझ्नुभएन र सोध्नुभयो, 'त्यसो भए, त्यहाँ को छ ?' उहाँलाई उत्तर आयो, 'तिनीहरू सबै इसाईहरू हुन्।'...

म सुबाथूमा हुँदा एक दिन बिहानै साधु सुन्दर सिंहले मेरो ढोका ढकढक्याउनुभयो र उत्सुकतासाथ भन्नुभयो, 'मैले समाधान पाएँ।' उहाँले के भन्नुभयो भनी मैले बुझ्न सकिनँ र उहाँलाई भनेँ, 'साधु जी, तपाईंले भन्नुभएको कुरा के हो ? समाधान के हो ?' अमेरिकामा भएको एउटा ईश्वरशास्त्र उच्च विद्यालयले एउटा प्रश्न आफूलाई पठाएर त्यसमा आफ्नो अभिप्राय खोजेको कुरा बताउनुभयो। उहाँले ती कुराको बारेमा धेरै नै सोच्नुभयो र अहिले जवाफ उहाँलाई आइसकेको थियो। सोधेको प्रश्न यस्तो थियो, 'सबै कुरा परमेश्वरकै इच्छाअनुसार हुँदै छ भने प्रार्थनाको आवश्यकता के हो? हामीले प्रार्थना गरे पनि नगरे पनि जे हुन गइरहेछ त्यो हुनेछ।' साधुले यसको जवाफ अण्डाहरू भएको एउटा गुँडबाट आएको कुरा मलाई बताउनुभयो। उहाँले झ्यालबाट एउटा चराको गुँडलाई दिनानुदिन हेरिरहनुभएको थियो। अण्डाहरूमा तरल पदार्थ थियो, आमा चरा धैर्यसाथ निरन्तर त्यो अण्डामाथि बसिरह्यो र त्यो तरल पदार्थ आफ्नो

आमाको स्वरूपमा परिवर्तन हुँदै गयो। पवित्र आत्माले यसरी नै हाम्रो इच्छा परमेश्वरको इच्छासँग एक नहुन्जेल त्यसमा रहेर परिवर्तन गर्नुहुन्छ: प्रार्थनाद्वारा परमेश्वर बदलिनुहुन्न तर हामी बदलिन्छौँ।"

निश्चित वासस्थान नभएर घुम्दै सुसमाचार प्रचार गर्दै जिउनुभएको साधु सुन्दर सिंहलाई नियमित रूपमा बाइबल अध्ययन गर्नु र प्रार्थना गर्नु सम्भव थिएन। उहाँले सधैँ नै हरेक दिन बिहान ५:००बजेदेखि ७:००बजेसम्म दुई घण्टा प्रार्थनामा समय बिताउने प्रयास गर्नुहुन्थ्यो। फुर्सद भएका दिनहरूमा त्यो समय बढेर तीन–चार घण्टासम्म पुग्थ्यो, कुनै बेला दिनभरि अथवा रातभरि एकान्तमा परमेश्वरसँग समय बिताउनुहुन्थ्यो। उहाँले हरेक दिन बाइबलको एक अध्याय पढेर सुरु गर्नुहुन्थ्यो। पहिले एकपल्ट त्यो अध्यायलाई बीचमा कहीँ नरोकीकन पूरै पढिसक्नुहुन्थ्यो, र त्यस पश्चात् आफूसँग बोल्ने वचनहरूमा फर्केर आएर आफ्नो अध्ययन फलदायी नभएसम्म त्यही पदलाई अध्ययन गर्नुहुन्थ्यो। त्यस पश्चात् १५ देखि २० मिनेटसम्म आफूले पढेको अध्यायलाई सम्झेर हेर्नुहुन्थ्यो। पढिसकेपछि उहाँको भनाइअनुसार पवित्र आत्माले उहाँलाई सिकाएबमोजिम आफ्नो लागि र अरूको लागि प्रार्थना गर्नुहुन्थ्यो।

अन्तर्बिन्ती गर्नु साधुको प्रार्थनाको जीवनमा एउटा महत्त्वपूर्ण भाग थियो। उहाँ एउटा सूची राख्नुहुन्थ्यो, जसमा दुई सयदेखि तीन सयसम्म परमेश्वरका छोराछोरीहरूको नाउँ थियो। उहाँ प्रचारको यात्रामा हुँदा तिनीहरूको लागि प्रार्थना गर्न सक्नुहुन्न थियो, तर हिमश्रृङ्खलामा हुँदा आवश्यक समय दिएर उहाँहरू सबैको लागि प्रार्थना गर्नुहुन्थ्यो। एकपल्ट एक जना व्यक्तिको लागि गरिरहने प्रार्थनाको उत्तर लामो समयसम्म नआएको जस्तै उहाँलाई लाग्यो तर आठ वर्षपछि उहाँको प्रार्थनाको उत्तर आयो।

उहाँलाई प्रभु–भोजको बारेमा सोध्दा आफू सबै प्रकारको मण्डलीका इसाईहरूसँग प्रभु–भोजमा सहभागी भएको कुरा बताउनुभयो। कोही बेला दैनिक प्रभु–भोज लिने हाइ एङ्गिलकनहरूसँग (High Anglicans)

बस्नुहुन्थ्यो, र कुनै बेला महिनामा एकपल्ट प्रभु–भोज लिने फ्री चर्चम्यानहरूसँग (Free Churchman) बस्नुहुन्थ्यो। उहाँ जोसँग बस्नुहुन्थ्यो उहाँहरूकै चलनअनुसार नै प्रभु–भोज लिनुहुन्थ्यो। उहाँले भन्नुभयो, "मैले समय पाएँ भने म दैनिक त्यसमा सहभागी हुन चाहन्छु किनकि म त्यसबाट धेरै लाभ पाउँदछु।" यो यथार्थ हो कि उहाँले अनुभव गर्ने जिउँदो ख्रीष्टको उपस्थिति प्रभु–भोजमा सहभागी हुने कुरामा निर्भर थिएन। उहाँले धेरैपल्ट दर्शनहरू देख्नुहुन्थ्यो, र स्वर्गीय आनन्दको अनुभव गर्नुहुन्थ्यो। ती कुराहरूलाई विस्तारित रूपमा धेरै लामो समय लगाएर नबुझाईकन मानिसहरूले ती अनुभवहरूलाई बुझ्न नसक्ने भएकोले उहाँले ती कुराहरूको बारेमा सामान्यतः बोल्नुहुन्नथ्यो। यी कुराहरूमा साधुले पावलको उदाहरणलाई पछ्याएको छु भनी भन्नुभयो, जसले आफूले देखेका कुराहरूलाई आफूले देखेजस्तै नभएर अरूले देखेजस्तै भन्नुभयो, "ख्रीष्टमा एक जना मानिसलाई चिन्दछु..." यी कुराहरूलाई आफ्नो अनुभवको रूपमा बताउँदा आफूले धेरै मूर्ख र जिज्ञासाका प्रश्नहरूलाई सामना गर्नुपर्छ, र लामो व्याख्या पश्चात् पनि आफूलाई मानिसहरूले गलत ठान्न सक्छ भन्ने कुरालाई पावलले महसुस गर्नुभयो। आफ्नो स्वर्गीय आनन्दका कुराहरू पावलको तेस्रो स्वर्गको अनुभवजस्तै हो भनी सुन्दर सिंहले विश्वास गर्नुहुन्थ्यो। उहाँले यी स्वर्गीय आनन्दका कुराहरूलाई बताउँदा धेरै असजिलो मान्दै बताउनुभयो।

उहाँको स्वर्गीय आनन्दका कुराहरूमा धेरैवटा मुख्य विशेषताहरू छन्:

१. उहाँले स्वर्गीय आनन्दको अनुभव धेरैपल्ट गर्नुहुन्थ्यो। जीवनको पछिल्ला समयहरूमा उहाँ महिनाको दश पल्टसम्म त्यो अनुभवमा प्रवेश गर्नुहुन्थ्यो। उहाँले भन्नुभयो, "म कहिल्यै पनि यो स्वर्गीय आनन्दको अनुभवमा आफै प्रवेश गर्ने प्रयास गर्दिनँ; न त अरूलाई यो अनुभव पाउन प्रयास गर्ने सल्लाह दिन्छु। यो स्वीकार गर्नुपर्ने वरदान हो, तर यसको खोजी गर्नुहुँदैन; पाएमा यो एउटा बहुमूल्य मोती हो। मैले १४ वर्षको साधु जीवनमा भोक, तिर्खा र सतावटजस्ता दुःखहरू भोग्दा यी स्वर्गीय आनन्दका अनुभवहरू पाएको थिइनँ भने त्यो साधु जीवनलाई त्यागिदिने

परीक्षामा पर्न सक्थें, तर यी आनन्दहरूको सट्टामा संसारलाई नै दिए तापनि म यसलाई छोड्दिनँ ।"

२. उहाँका सबै दर्शनहरूमा नफेरिने एउटा दृश्य हुन्थ्यो, जसलाई उहाँले यसरी व्याख्या गर्नुहुन्थ्यो: "सिंहासनमा विराजमान भएको ख्रीष्ट मध्य भागमा हुनुहुन्थ्यो, जसको रूप व्याख्या गर्न नसक्ने गरी अवर्णनीय थियो। उहाँको मुहार जुन स्वर्गीय आनन्दमा आत्मिक आँखाले देखें; त्यो मैले उद्धार पाउँदा शारीरिक आँखाले देखेको मुहार नै थियो। उहाँको शरीरमा चोटहरू थिए, जसबाट रगत बगिरहेको थियो। यी चोटहरू घिनलाग्दा थिएनन्, तर चम्किला र सुन्दर थिए। उहाँको मुहारमा दाह्री थियो, र उहाँको लामा केशहरू सुनजस्तै चम्किरहेका थिए। उहाँको मुहार सूर्यजस्तै थियो, तर त्यो ज्योतिले उहाँलाई हेर्न नसक्ने तुल्याएन। उहाँको मुहार सुन्दर थियो, र सधैँ हँसिलो थियो, त्यो मुस्कुराहटचाहिँ प्रेम र महिमाले भरिएको थियो, र ख्रीष्ट येशू हेर्नको लागि डरलाग्दो हुनुहुन्न थियो।

ख्रीष्टको सिंहासनको वरिपरि आँखाले देख्न नसक्ने टाढासम्म अनगिन्ती महिमित आत्मिक जीवनहरू थिए। कुनै सन्तहरू थिए र कुनै स्वर्गदूतहरू थिए, तिनीहरूलाई मैले छुट्टयाउन सकिनँ। तिनीहरूले मलाई भने, 'भिन्नता मुख्य होइन, यहाँ हामी सबै एक हौँ।' तिनीहरू सबै ख्रीष्टका भाइहरूजस्तै देखिन्थे। तिनीहरू सबै महिमित थिए, तर ख्रीष्टको महिमा तिनीहरूको भन्दा अति नै धेरै थियो। तिनीहरूको महिमाको नापमा भएको भिन्नता रङ्गको भिन्नताजस्तै देखिन्थ्यो, तर खासै रङ्गको भिन्नताचाहिँ होइन। तिनीहरूका लुगाहरू विभिन्न रङ्गको ज्योतिले बनाएको जस्तै देखिन्थ्यो, जसले आँखालाई असजिलो बनाएन। त्यहाँ संसारमा भएको भन्दा धेरै रङ्गहरू थिए। हिरा र बहुमूल्य पत्थरहरू पनि त्यहाँको तुलनामा सुन्दर छैन। तिनीहरू मसँग बोल्दा एकै चोटि आफ्नो विचारलाई मेरो मनमा राखिदिन्थे, जसरी संसारमा हामी कोही बेला एक जना व्यक्तिले बोल्नुभन्दा अगाडि ऊ के बोल्न गइरहेछ भनी थाहा पाउँछौँ। मलाई त्यो आत्मिक संसारको भाषा सिक्न परेन। अब यो शरीर छोडेर

आत्मिक संसारमा प्रवेश गर्दा जसरी एउटा नाबालकले पहिले कहिल्यै पनि सास नफेरे तापनि जन्मने बित्तिकै सास फेर्न सुरु गर्छ, त्यसरी नै हामी पनि स्वाभाविक रूपमा सजिलै बोल्न थाल्छौँ।

यो दर्शनमा हामी तिनीहरूसँग अचम्मको बातचित गर्छौं। प्रेरितहरूको विश्वासको सारमा भनिएका वास्तविक सन्तहरूसँगको सहभागिता यही नै हो। हामी धेरै आत्मिक कुराहरू र समस्याहरूको बारेमा कुरा गर्छौं, जसको उत्तर कसैले दिन सक्दैन। तर यहाँ यी सन्तहरूको समूहले ती कुराहरूको उत्तर सजिलोसँग दिन्छन्..."

३. उहाँले स्वर्गीय आनन्दमा देखेका दर्शनहरूको मुख्य विषयहरू, पुनरुत्थान, न्याय, स्वर्ग र नरक थिए। यी विषयहरूले उहाँलाई धेरै नै खिँच्थ्यो, र उहाँले यी कुराहरूको बारेमा सधैँ मनन गर्नुहुन्थ्यो। उहाँ यसरी स्वर्गीय आनन्दमा हुँदा परमेश्वरले यी कुराहरूको बारेमा उहाँको फाइदाको लागि नयाँ प्रकाशहरू दिनुभयो भनी पक्का विश्वास गर्नुहुन्थ्यो।

४. यो स्वर्गीय आनन्दका समयहरूमा उहाँले साधारण जीवनभन्दा बढी समयसम्म स्पष्ट रूपमा ध्यानलाई केन्द्रित गर्न सक्नुहुन्थ्यो। 'स्वर्गीय आनन्दको अनुभव पाउनु बिउँझेको अवस्थामा हो, सपनामा होइन। साधारण समयहरूमा वरिपरिका कुराहरूले मेरो ध्यानलाई बिगार्थ्यो, तर स्वर्गीय आनन्दको समयमा त्यस्तो भएन। सामान्यतः एउटा विचार मेरो मनमा एक मिनेट मात्र रहन्छ, र एकै छिनमा अर्को विचारले त्यसलाई पछ्याउँछ, तर स्वर्गीय आनन्दको समयमा मैले एउटै कुरालाई लामो समयसम्म मनन गर्न सक्थेँ। यो अवस्थामा हुँदा मनका गतिविधिहरूमा शारीरिक दिमागले बाधा ल्याउन नसक्नु नै यसको कारण हो भनी विश्वास गर्नेतिर म ढल्केको छु।'

५.साधु सुन्दर सिंहले सधैँ नै आफ्नो स्वर्गीय आनन्दको अनुभवलाई शब्दहरूले वर्णन गर्न सक्दैन भनी भन्नुहुन्थ्यो। "आत्मिक लोकमा मैले देख्ने र सुन्ने कुराहरूलाई व्याख्या गर्न कुनै भाषा छैन; आफूलाई दिएका

मिठाईहरूको स्वाद थाहा पाउन सक्ने र त्यसको आनन्द लिन सक्ने तर ती कुरालाई अरूलाई व्यक्त गर्न अथवा व्याख्या गर्न नसक्ने लाटो मानिसजस्तो म छु।"

६. उहाँ यो स्वर्गीय आनन्दमा प्रवेश भएको अवस्थामा हुँदा बाह्य सांसारिक कुराहरूलाई थाहा पाउन सक्नुहुन्न थियो। एकपल्ट उहाँ रूखमुनि प्रार्थना गर्दा यो अवस्थामा प्रवेश गर्नुभयो। उहाँको शरीरलाई बारुलाहरूले चिल्यो र शरीर पूरै सुन्निएको थियो, तर उहाँले केही थाहा पाउनुभएको थिएन...

७. साधु सुन्दर सिंह यो अनुभवबाट फर्किसकेपछि आफू शरीर र आत्मामा ताजा भएको कुरालाई बताउनुहुन्थ्यो...

यी समयहरूमा साधु सुन्दर सिंहले तिब्बततिरको अर्को सुसमाचारीय यात्रा सुरु गर्नुभयो। उहाँले बताउनुभएका विवरणहरूलाई छोटकरीमा यहाँ दिइएको छ:

"सन् १९२१ मे महिनाको सुरुवातमा मैले सुबाथूबाट तिब्बततिरको यात्रा सुरु गरेँ। म शिमला हुँदै कोटगढ पुगेँ। त्यहाँबाट तिब्बती भाषामा केही ज्ञान भएको श्रीमान् राइटले मसँग यात्रा सुरु गर्नुभयो। हामीले रोटङ्ग पासमा धेरै कठिनाइलाई सामना गर्नुपर्ने भयो। मे महिनाको २० र २१ तारिखमा हिउँ पऱ्यो, र जाडो अत्यन्तै बढ्यो...जाडो यति कठोर थियो कि हाम्रो छालाको रङ्गलाई नै निलो–कालो बनाइदियो, र छाला उप्किन थाल्यो। हामी प्रार्थना गर्दै अगाडि बढ्यौँ...

हामी रोटङ्ग पासबाट सिसु र गंदला हुँदै क्यालाङ्ग पुग्यौँ। यहाँ मुरावी मिसनरीहरूले तिब्बतीहरूको बीचमा धेरै परिश्रम गरेका छन्। यहाँ एउटा इसाई समाज छ, जसमा सबै मिलेर झन्डै ५० जना जति हुन्छन्। तिनीहरूले हाम्रो लागि एउटा सभाको आयोजना गरेका थिए, र मैले प्रचार गरेँ, तर यहाँ हुँदा श्रीमान् राइट गम्भीर रूपमा बिरामी हुनुभयो,

त्यसैले हामी आएको बाटो हुँदै फर्किन बाध्य भयौँ। उहाँले यति उचाइ र जाडोलाई सामना गर्न सक्नुभएन, तर कठोर परिस्थितिहरूको सामना गर्ने बानी भएको कारण मलाई त्यति समस्या भएन। श्रीमान् राइट शिमला फर्किनुभयो, र म अर्को एउटा जवान तिब्बती इसाईसँग अर्को बाटो हुँदै तिब्बत फर्कें। यो जवान भाइले मेरो काममा धेरै सहायता पुऱ्यायो...

एक दिन मेरो सहयात्रीलाई छोडेर म अगाडि बढिरहेको बेला एउटा जङ्गली याक मतिर आइरहेको मैले अचानक देखेँ। यो मरुभूमिमा रूखहरू नभएको कारण मलाई उम्कने बाटो छैनजस्तो लाग्यो। मैले एउटा अग्लो चट्टान देखेँ र याकले मलाई आक्रमण गर्नुभन्दा अगाडि म त्यसमा चढ्न सफल भएँ। रिसाएको याकले आफ्नो खुट्टाले जमिनलाई खोस्रन थाल्यो, र मेरो शरणको चट्टानको वरिपरि घुमिरह्यो...यतिखेरको समयमा मेरो सहयात्री र अरू कुनै मानिसहरू त्यो ठाउँमा आइपुगे, र याकलाई हेरेर हकारे र ढुङ्गाले हानेर त्यसलाई घाइते पारेर त्यहाँबाट भगाए, तर त्यो हल्लाले त्यहाँको नजिकै गुफामा बसोबास गर्ने डाँकाहरूलाई त्यहाँ ल्यायो, र हामी तिनीहरूसँग जान बाध्य भयौँ। हामी जङ्गली जनावरबाट उम्क्यौँ तर जङ्गली मानिसहरूको हातमा पऱ्यौँ ! मेरो अनुभवमा मैले जङ्गली मानिसहरूबाटभन्दा जङ्गली जनावरबाट कम दुःख पाएको छु।

डाँकाहरूले हामीसँग भएका सबै थोक लुटे, तर हामी जीवित रहन पाएकोमा धन्यवादी भयौँ। एउटा असल मौका पारेर मैले तिनीहरूलाई सुसमाचार सुनाएँ, परमेश्वरको आत्माको प्रभावद्वारा त्यो सन्देशले तिनीहरूको हृदयलाई यति छोयो कि एक घण्टाभित्र तिनीहरूले हाम्रा सबै थोक फिर्ता दिए। मलाई इसाई लामा ठानेर विशेष भोटे चिया तयार पारे। हाम्रा शत्रुहरूको सामुन्ने हामीलाई भोज तयार पारेकोमा हामीले सुरुमा परमेश्वरलाई प्रशंसा चढाएर धन्यवाद दियौँ, त्यसपछि एउटा कठिनाइ आयो, मेरो लागि चिया हाल्न ठिक पारेको कप धेरै नै मैलो थियो, मैले भनेँ : 'सक्नुहुन्छ भने दया गरी यो कपलाई सफा गर्नुहोला।' एक जनाले जवाफ दियो: 'निश्चय नै; सम्माननीय पाहुनालाई भाँडा धुन लगाउँछु भनी तपाईंले सोच्नुभयो ?' तुरुन्तै उसले आफ्नो ६ इन्च लामो भएको र

कपको तल्लो भागसम्म पुग्न सक्ने जिब्रो निकालेर कपको भित्री भागलाई चाट्न थाल्यो ! मैले केही पनि भन्न सकिनँ, तर त्यो कपमा चिया हालेर दिँद त्यसलाई पिउनुको सट्टामा मैले त्यसले त्यो कपलाई धोएँ। तिनीहरू आश्चर्य चकित भए, र हाँस्न थाले। मेरो सहयात्रीले त्यसको बारेमा बताएर भारतमा भाँडाहरूलाई प्रयोग गर्नुभन्दा अघि धुने चलन छ भनी भन्नुभयो। उत्तर दिएर तिनीहरूले भने, ‘त्यसको केही काम छैन, किनभने त्यसरी भाँडाहरूलाई धुन आवश्यक छ भने हरेक व्यक्तिले आफ्नो पेटको भित्री भागलाई दैनिक रूपमा धुनुपर्छ!’

हामीले यसरी नै सातु खायौँ, चिया पियौँ, प्रार्थना गऱ्यौँ र सुत्न गयौँ...केही समयसम्म पश्चिम तिब्बतमा कामलाई निरन्तरता दियौँ।”

# अध्याय - २५
# सुबाथूमा (१९२२-१९२५)

सुन्दर सिंह आफ्नो दोस्रो युरोपको भ्रमणबाट शरीर र आत्मामा थाकेर सुबाथूमा फर्किनुभएको थियो। लगातारका सभाहरू र बातचितहरूले गर्दा उहाँको आत्माले ज्यादै इच्छा गर्ने अध्ययन र प्रार्थनाका समयहरू पाउनुभएको थिएन। त्यसैले उहाँ आउने बित्तिकै सुबाथूमै धेरै हप्ताहरू विश्राम गर्नुभयो, बाहिर प्रचारमा कतै जानुभएन। उहाँले बढी रुचाउने हिमशृङ्खलाको शान्ति र सुन्दरताले उहाँलाई चाँडै नै स्वस्थ तुल्यायो।

सन् १९२२ को अन्तिम महिनाहरूमा उत्तर भारतका ठूला सहरहरू भएका दिल्ली, लुधियाना, अल्लाहवाद, बनारस र लाहोर सहरहरूमा प्रचारमा जानुभयो।

सन् १९२३ अप्रिल महिनामा उहाँको वृद्ध बुबा शेर सिंहको निधन भयो। बुबा र आफू बिचको बिछोड शारीरिक मात्र हो, र थोरै समयमा आफ्नो बुबालाई महिमामा देख्नेछु भन्ने निश्चय साधु सुन्दर सिंहमा थियो।

शेर सिंहले आफ्नो मृत्युभन्दा अगि सम्पत्तिको आधा भाग आफ्नो छोरोलाई छोडिजाने कुरामा जोड दिनुभयो। सुन्दरको भागमा जमिनहरू र बैङ्कमा पैसा पनि थियो। छोरोले आफ्नो प्रचारका यात्राहरूको बीचमा विश्राम र प्रार्थना गर्न घर किन्नुपर्छ भन्नेचाहिँ बुबाको इच्छा थियो। वृद्ध उमेरको आवश्यकताको लागि पनि पैसा छोडेर जाने कुरा बुबाले बताउँदा सुन्दरले आफू वृद्ध उमेरसम्म बाँच्ने छैन र पैसाको आवश्यकता पनि छैन भनी बताउनुभयो, तापनि बुबाले मान्नुभएन। सुन्दरले जमिन आफ्नो दाइलाई दिनुभयो र पैसालाई मात्र स्वीकार गर्नुभयो।

बुबाको इच्छाअनुसार नै सुन्दर सिंहले सुबाथूमा एउटा घर किन्नुभयो

तर बुबाले भनेजस्तो बङ्गला नकिनीकन एउटा मिसन संस्थाले प्रयोग गरेको पुरानो घरलाई भा.रु. ५०० मा किन्नुभयो। त्यो घर सहरको अन्तिम भागमा थियो, त्यहाँबाट सुन्दर हिमालहरू देखिन्थ्यो। घरका मुख्य भागहरूलाई डा. जे.डब्लु. पिपल्सको परिवारले प्रयोग गर्थ्यो, जो सुबाथूमा भएका कुष्ठ रोगीहरूको आश्रय स्थलमा काम गर्ने चिकित्सक हुनुहुन्थ्यो। सुन्दर सिंहले आफूलाई एउटा कोठा मात्र राख्नुभयो, जसमा उहाँले यात्रामा भेटेका साथीहरूका फोटोहरू र थोरै किताबहरू पनि राख्नुहुन्थ्यो। त्यसमा प्रोफेसर जे.ए. थोम्सनले सम्पादन गरेको 'विज्ञानको रूप रेखा' भन्ने दुईवटा ठुला किताबहरू पनि थिए, जसलाई साधु सुन्दर सिंहले ध्यानसित पढेर चिन्ह र धर्काहरू लगाई राख्नुभएको थियो। डा. पिपल्स विवाहित व्यक्ति हुनुहुन्थ्यो, उहाँका चार जना बच्चाहरू पनि थिए। साधु सुन्दर सिंहले ती नानीहरूसँग पनि समय बिताउनुहुन्थ्यो।

सन् १९२४ फेब्रुअरी महिनामा साधु सुन्दर सिंहले असामको गोवालपार जिल्लामा भएको ग्रहामपुरमा सन्तल आदिवासीहरूको बीचमा केही सभाहरूमा प्रचार गर्नुभयो। मार्च महिना उहाँ प्रस्बेटेरियन चर्च अफ इन्डियाले खसिया पहाडहरूमा गरेका अगुवाहरूको सम्मेलनमा बोल्नुभयो, जुनचाहिँ माइरङ्ग भन्ने ठाउँमा भएको थियो।

साधुलाई फेरि एकपल्ट अमेरिकामा आउनको लागि निम्तो आयो, फेरि अर्को पल्ट विदेश जाने इच्छा आफूलाई छैन भनी त्यसको जवाफ दिनुभयो, र त्यसका दुईवटा कारणहरू बताउनुभयो। पहिलो कुरा भारत आफ्नै देश भएकोले आफ्नो बाँकी समयलाई भारतको सेवामा नै बिताउन उहाँ इच्छुक हुनुहुन्थ्यो: दोस्रो कुरा भारतमा गर्न बाँकी रहेको काम अत्यन्त ठूलो थियो। अमेरिकाबाट उहाँलाई जवाफ आयो: 'भारत आफ्नै देश भनी बताएर तपाईंले आफ्नो कुरालाई न्यायसङ्गत पार्न सक्नुहुन्न। तपाईं अहिले सारा विश्वको लागि नै हुनुहुन्छ भन्ने कुरालाई बिर्संदै हुनुहुन्छ ?...'

एक वर्षमा उहाँलाई विभिन्न देशका विभिन्न ठाउँमा प्रचार गर्न ५०० देखि ६०० वटा निम्तोहरू आउँथे; कतिपय समयहरूमा चालिसदेखि

पचास वटा निम्तोहरू एउटै तारिखको लागि हुन्थ्यो। आफूलाई उसिनेर सूप बनाउनु र सबैलाई एक–एक चम्चा बाँड्ने मौका हुन्छ भनी आफ्ना साथीहरूलाई कोही बेला जिस्क्याएर भन्नुहुन्थ्यो।

साधु सुन्दर सिंहको स्वास्थ्य बिग्रिन थाल्यो। सन् १९२४ को जुन १३ तारिखमा उहाँले रेभ. पोप्लेलाई यसरी पत्र लेख्नुभयो: "म यात्राबाट गत हप्ता फर्केर आएँ। सुसमाचार प्रचार गर्ने धेरै असल मौकाहरू पाएको थिएँ, तर मलाई दुःख लाग्छ, मेरो फोक्सोमा भएको कमजोरीपनले गर्दा तिब्बतको यात्रामा अग्ला पहाडहरूलाई पार गर्न सकिनँ, र फर्किन बाध्य भएको छु। कठोर परिश्रमहरू र ठूला सभाहरूमा धेरै वर्षहरूसम्म निरन्तर प्रचार गरेकोले मेरो फोक्सो कमजोर भएको छ, तर म अहिले ठिक छु।"

सन् १९२५ को अप्रिल महिनामा सुन्दर सिंहले आफ्नो साथीलाई यसरी लेख्नुभयो: "म लाहोरमा हुँदा त्यहाँ भएका भारतीय ख्रीष्टियनहरूले इन्डियन चर्च भन्ने सम्प्रदायको बिशप पदलाई मैले स्वीकार गरेको चाहन्थे, तर  मैले त्यसलाई इन्कार गरेपछि तिनीहरूले मलाई भारतमा शुद्ध भारती चर्चको स्थापना गर्न चाहने एउटा ठूलो समितिको अध्यक्ष बनाए। मैले त्यसलाई इन्कार गरे पनि तिनीहरूले जबरजस्ती गरे। मलाई कुनै ठूलो पदमा रहने केही इच्छा छैन। म हाम्रो प्रभुको विनम्र सेवक नै भएर रहन चाहन्छु।"

सन् १९२५ को अक्टोबर २४ तारिखमा सुन्दरले प्रोफेसर हेइलरलाई लेख्नुभयो: "म गएको महिना गाउँहरूमा प्रचारको यात्रालाई सकेर फर्किंदा मेरा आँखाहरू पाक्यो र अत्यन्तै दुख्यो। हुन सक्छ मैले परमेश्वरका अरू दासहरूजस्तै दुःख भोग्नुपर्ने होला जसरी आस्सिसीको सन्त फ्रान्सिसले आफ्ना आँखाको पीडाले धेरै दुःख भोग्नुभएको थियो। मलाई यसरी दुःख भोग्नुमा दुःख लागेन, किनभने यसरी दुःख भोग्न पाउनु महान् अवसर हो। यसले मलाई विनम्र तुल्याएर प्रार्थना र अन्तर्बिन्ती गर्ने मौका दिने भएकोले यो मेरो लागि आशिष्को माध्यम हो। मैले मेरो आँखालाई गुमाउन परे तापनि कहिल्यै धमिलो नहुने मेरा आत्मिक

आँखालाई परमेश्वरले खोली दिनुभएको कारण म दुःखित हुन चाहन्नँ। यो वरदान र आशिष्‌को लागि परमेश्वरलाई धन्यवाद दिन्छु। तपाईंको प्रार्थनाको लागि तपाईंलाई धन्यवाद दिन्छु, र म पनि तपाईंको लागि प्रार्थना गरी नै रहन्छु।"

सन् १९२५ नोभेम्बर ३० तारिखमा साधु सुन्दर सिंहले आफ्नो पैसालाई कुनै दान गर्ने कामको लागि दिन इच्छा-पत्र तयार गर्नुभयो। उहाँको बुबाले पनि पैसा छोड्नुभएको थियो, र उहाँले लेखेका किताबहरूबाट पनि पैसा आउँथ्यो। उहाँले तल दिइएका कुराहरूको लागि आफ्नो सम्पत्तिलाई खर्च गर्न इच्छा-पत्र तयार गर्नुभयो।

१.हिमशृङ्खलामा सुसमाचारीय सेवाकाइ गर्न इच्छुक भएका जवानहरूको तालिम र तलबको लागि।

२.नयाँ करारको असल ज्ञान प्राप्त गर्न १६ वर्षभन्दा मुनिका केटाहरूलाई धर्मशास्त्र किनिदिन।

३.मिसन काम गर्नेहरूलाई पूर्ण बाइबलको ज्ञानमा सक्षम हुन इनाम दिनको लागि।

४. बाह्र वर्ष पुगेका केटाहरूलाई ५ वर्ष अथवा त्योभन्दा बढी पढ्न छात्रवृत्ति दिनको लागि।

५.सुसमाचारीय सेवा गर्नेहरूलाई नाम कहलिएका पाठशालाहरूमा ईश्वरशास्त्र अध्ययन गर्नको लागि छात्रवृत्ति दिन।

६.अरू अझै भरपर्दा मानिसहरूलाई नयाँ करार अध्ययन र शिक्षाको निमित्त छात्रवृत्ति दिन।

यो इच्छा पत्रलाई पूरा गर्न जिम्मेवार व्यक्तिहरूको रूपमा ३ जनाको नाम राखियो। न्यु जिल्यान्ड प्रस्बेटेरियन मिसनको रेभ. टि.इ. रिड्डिल, शिमलाको सी.एम.एस.को रेभ. चन्दुलाल र मदरासमा (चेन्नै) भएको नेशनल सोसाइटीको महासचिव।

उहाँले इच्छा पत्र बनाउँदा उहाँको सम्पत्ति भा.रु. १२,००० बराबरको थियो। सन् १९३९ नोभेम्बर ५ तारिखको हिसाबअनुसार सम्पत्ति वृद्धि भएर भा.रु. ७०,००० बराबर भएको थियो।

# अध्याय - २६
# अन्तिम वर्षहरू

सुबाथूमा सुन्दर सिंहको घरमा सँगै वास गरेको डा.पिपल्सले सन् १९२६ अप्रिल महिना बेलायतमा भएको सुश्री सेन्डर्सलाई लेख्नुभयो: “हाम्रो प्रिय भाइ साधु सुन्दर सिंहको देब्रे आँखाको शल्यक्रिया अमृतसरमा भएको एउटा भारतीय आँखा विशेषज्ञद्वारा भयो, जसको बारेमा उहाँले तपाईंलाई लेख्नुभएको हुनुपर्छ। उहाँको दृष्टिमा सुधार आएको छ, र आजकल अर्को एउटा किताब लेख्नुमा व्यस्त हुनुहुन्छ।”

सन् १९२६ मे १४ तारिख टि.इ.रिड्डिलले आफूले साधु सुन्दर सिंहसँग बिताएका कुनै दिनहरूको विवरण दिनुभयो। सुन्दर सिंहले उहाँसँग गत डिसेम्बर महिनामा आफूले सामना गरेका तीन वटा हृदयाघातको बारेमा कुरा गर्नुभएको थियो, त्यो घटना घट्दा उहाँ बेहोस हुनुभएको थियो। साथै यो कुरा पनि भन्नुभएको थियो: “म फेरि एकपल्ट तिब्बतमा जान चाहन्छु। म अलमुरा हुँदै जानेछु। मेरो समय थोरै छ भन्ने कुरा मलाई प्रकाश भएको छ, र म धेरै खुशी छु। मृत्युको बारेमा सोच्दा ममा अत्यन्त आनन्दको अनुभव मात्र हुन्छ।”

सन् १९२६ जुन १० तारिखमा सुन्दर सिंहले आफ्नो इमानदारीताको विषयमा भइरहेको तर्क वितर्कको बारेमा रिड्डिललाई लेख्नुभयो: “मेरो प्रिय साथी, यो आलोचनाको बारेमा म त्यत्ति वास्ता गर्दिनँ, किनभने म अयोग्य र दुर्बल भए पनि उहाँको अनुग्रहले मेरो भागको कामलाई पूरा गर्न सक्दो असल प्रयास गरेको छु भन्ने परमेश्वर जान्नुहुन्छ; अब संसार र शैतानले आफ्नो भाग पूरा गरोस्; यी सबैको अन्तिम परिणाम परमेश्वरको महिमाको लागि सन्तोषजनक हुनेछ। मेरो दुर्बलता र अयोग्यता म जान्दछु, ती कुराहरू लुकिएका छैनन्, न त मेरो स्वर्गीय पिताले ती कुराहरू थाहा

नभएको अवस्थामा रहन दिनुहुन्छ; मेरो जवानीपनलाई उहाँको लागि र उहाँको नाउँको खातिर मानव जातिको लागि खर्चिनु नै मेरो पूर्ण इच्छा र उद्देश्य रहँदै आएको छ। बाँकी कुराहरूलाई म उहाँकै हातमा छोडिदिन्छु। म यो संसार छोडेर उहाँको महिमामा प्रवेश गर्नुभन्दा अघि उहाँले मलाई फेरि एकपल्ट तिब्बत जान अनुमति दिउन् भन्नु नै अबको मेरो प्रार्थना हो।

मेरो तिब्बतका यात्राहरूको बारेमा कुरा गर्नुपर्दा मैले कहिल्यै दैनिकी अथवा टिपोट राख्ने गरेको थिइनँ भनी बताउन पर्दा म क्षमा चाहन्छु, मैले कहिल्यै केही लेख्ने उद्देश्य बोकेको थिइनँ, न त ती कुराहरू उपयुक्त हुन्छन् भनी सोचेको थिएँ। त्यस कारण यात्राको ठिक समय र गएका सबै ठाउँहरूको नाउँ मलाई याद छैन, तर सन् १९१२ देखि सन् १९२१ सम्म सन् १९१८ र १९२० बाहेक म हरेक वर्ष तिब्बत जाने गर्थें भन्ने कुरा मलाई याद छ साथै कुनै ठूला ठाउँहरूको नाउँ मलाई याद छ। अलमोरा हुँदै तिब्बत जाँदा म पिथोरोगड, अस्कोट, दार्चुला र तकला कोट भन्ने ठाउँहरू गएको थिएँ। बद्रीनाथ हुँदै जाँदा म १६,७५० फिट उचाइ भएको नीतिपास हुँदै तिब्बत पुगेँ, र धावा, टोलिङ, चुप्राङ, धोङ्बा, ज्ञानीमा, बर्खा र कैलाश भन्ने ठाउँहरू पुगेको थिएँ, त्यहाँबाट म टसीलुम्पोतिर लागेँ। कैलाशदेखि रसर पुग्नलाई दुई हप्ता लाग्थ्यो, र नेपालबाट पनि म तिब्बत छिरेको छु।"

सन् १९२६ जुन १७ तारिखमा सुन्दर सिंहले प्रोफेसर हेइलरलाई पनि लेख्नुभयो: "मेरा प्रिय शत्रुहरूले गर्ने आलोचना र आक्रमणको बारेमा मलाई दुःख अथवा चिन्ता लागेको छैन, समय आउँदा सबै कुरा प्रकाशमा आउनेछ र सत्यले जित्नेछ, तर मेरो खातिर तपाईंले दुःख भोग्नुपरेको देख्दा मलाई दुःख लाग्छ। मेरो प्रिय साथी मलाई बचाउने कामलाई रोक्न म तपाईंलाई बिन्ती गर्छु, किनभने तपाईंको बहुमूल्य समयलाई मेरो लागि प्रयोग गर्नुहुँदैन, तर परमेश्वरको असल काममा प्रयोग गर्नुपर्छ। तपाईंको प्रेमको लागि म तपाईंलाई हृदयदेखि नै धन्यवाद दिन्छु, तर अब मानिसहरूले सम्भव भएका सबै तरिकाले मलाई सताउन दिनुहोस् !"

डा.स्ट्यान्ली जोन्सले सन् १९२६ जुलाई २० तारिखमा सुन्दरलाई लेख्नुभयो: “यो सालमा तपाईंसँग रहने एउटा मौका पाउँछु होला भन्ने आशा मलाई छ। हामी त्यति बेला सँगै बसेर यी कुराहरूको बारेमा बातचित गरौं, यसै बीचमा म तपाईंलाई निश्चयसाथ भन्न सक्छु कि तपाईं एउटा परमेश्वरको दास र प्रभु येशू ख्रीष्टको सेवक हुनुहुन्छ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ। यो समस्याको घडीमा तपाईंको लागि मेरो सल्लाहचाहिँ तपाईंको इमानदारीतालाई शङ्का गर्नेहरूको बारेमा सक्दो कम बोल्नुहोस्, उहाँहरूको लागि धेरै प्रार्थना गर्नुहोस्, र उहाँहरूको बारेमा धेरै कम बोल्नुहोस्। मलाई लाग्छ तपाईंले त्यस्तै गर्दै हुनुहुन्छ, र यो सल्लाह दिनु अनावश्यक पनि होला।”

सन् १९२६ अगस्ट ७ तारिखमा सुन्दर सिंहले रेभ.टि.इ.रिड्डिललाई लेख्नुभयो: “सनावरको बिशप रेभ.जी.डि.बर्ने (जो पछि लाहोरको बिशप हुनुभएको थियो) र लाहोरको बिशप दुवैले मलाई भेट्न गत मङ्गलवार आउनुभएको थियो, र बुधवार हृदयाघात भएजस्तै मेरो मुटुमा धेरै नराम्रो दुखाइको अनुभव भयो। म अर्ध बेहोस भएँ। अहिले अलिकति राम्रो भएको महसुस गर्दै छु।”

उहाँले घर किनेकोमा एउटा साधुको जीवनको नमुनाबमोजिम जिउनुभएन भन्ने कुरालाई आलोचना गर्न साधु सुन्दर सिंहका शत्रुहरूले ढिलो गरेनन्। त्यो हप्तामा ए.जे. अप्पासामी उहाँसँग समय बिताउँदा उहाँहरूको बातचित धेरैपल्ट यो कुरातिर फर्कियो। साधु सुन्दर सिंहले यसको बारेमा बताएका कुराहरूको सारलाई अप्पासामीले यसरी लेख्नुभयो:

“सन्न्यासको लागि सन्न्यासी हुनु मेरो जीवनको नमुनाको रूपमा कहिल्यै थिएन। सन्न्यासले कुनै योग्यता ल्याउँदैन। संसारमा भएका सबै थोक परमेश्वरबाट सृष्टि भएको हो, र परमेश्वरले सृष्टि गर्नुभएका सबै थोक असल छन्। परमेश्वरका वरदानहरूलाई प्रयोग गर्दा कुनै हानि हुँदैन, तर दुरुपयोग गर्दाचाहिँ हुन्छ...मैले कहिल्यै कसैलाई पैसा मागेको थिइनँ,

तर नमागीकन नै पैसा आएको छ। त्यो मेरो गम्भीर रोगी अवस्था र दुर्बलताका महिनाहरूमा धेरै काम लाग्ने कुराको रूपमा प्रमाणित भएको छ। तर म निश्चित छु कि मसँग पैसा नभएको भए पनि मेरा स्वर्गीय पिताले मलाई निश्चय नै जुटाउनुहुन्थ्यो। चेलाहरूलाई सुरुमा केही पैसाहरू दिइएको थिएन। जब उनीहरूले परमेश्वरबाट नै आफ्ना सबै आवश्यकताहरू पूरा हुन्छ भन्ने पाठ सिके, पैसाको कारोबार गर्न तिनीहरूलाई अनुमति भयो। मेरो हातमा पैसा नभएका समयहरूमा मैले एकपल्ट पनि दुःख भोग्नु परेन, साथै मेरो अहिलेको कमजोर अवस्थामा म कुनै लामो यात्राहरूमा जान सकेको छैनँ। म मेरो समय र थोरै शक्तिलाई किताब लेख्नुमा प्रयोग गर्दछु। मैले लेख्न सुरु गर्दा त्यसबाट केही पैसा आउँछ भन्ने सोच ममा थिएन। तर म आफै लेखक भएको कारण मलाई पैसा आइरहेको छ। म आफ्नो आवश्यकताको लागि सक्दो कम खर्च गर्छु र बाँकी भएका कुराहरूलाई परमेश्वरको कामको लागि प्रयोग गरिरहेको छु।"

धेरै जना साथीहरू उहाँको स्वास्थ्यको बारेमा धेरै चिन्तित थिए। साधु ४० वर्ष पनि पुग्नुभएको थिएन भन्ने कुरालाई हामीले बिर्सनुहुँदैन; उहाँले आफ्नो सेवाकाइ तेइस वर्षभन्दा अघि उहाँको शरीरका शक्तिहरू पूर्ण रूपमा विकास हुन नपाउँदा नै सुरु गर्नुभयो। ती वर्षहरूमा उहाँले धेरै यात्राहरू साथै कठोर परिश्रम गर्नुभयो। कुनै बेला उहाँले असाधारण कठिनाइ र दुःख उठाउनुभयो। यथार्थमा उहाँले आफैलाई नै खन्याउनुभयो, उहाँले त्यही नै भन्नुभएको थियो, "ढिलो बलेर कसैलाई पनि नपग्लाउनुभन्दा छिटो बलेर धेरै आत्माहरूलाई पग्लाउनु उत्तम छ।" हरेक साझा सभाहरूमा आफूबाट शक्ति निस्किगएको उहाँले महसुस गर्नुहुन्थ्यो। त्यस्तो प्रकारको निरन्तर गरिने साझा कामले उहाँलाई रित्यायो। उहाँले भन्नुभएको थियो, "मेरो जीवनका उत्तम समयहरू परमेश्वरलाई दिन पाएकोमा मलाई खुशी लाग्छ, यो नै मेरो जवान उमेरको प्रार्थना थियो, र त्यसको उत्तर आयो।"

उहाँलाई मुटुको समस्या थियो। एउटा चिकित्सकले उहाँलाई भन्नुभयो,

"तपाईंले बढी काम गरेर आफ्नो मुटुलाई कमजोर तुल्याउनुभयो। के यो परमेश्वरको मन्दिर हो भन्ने कुरालाई बिर्सनुभयो ?" उहाँका आँखा कमजोर भएकाले बढी उज्यालो अवस्थामा हेर्न नसक्ने भएर सधैँ कालो चस्मा लगाउनुहुन्थ्यो।

तर सुन्दर सिंह चुप रहनुभएन, पहिले जति धेरै काम गर्न नसके पनि कामप्रतिको जोस उहाँमा बलिरह्यो। उहाँ हरेक महिनामा छोटो प्रचारका यात्राहरू गर्नुहुन्थ्यो, ती यात्राहरू एक दिनदेखि तीन दिनसम्मको हुन्थ्यो। उहाँ घरमा रहँदा प्रार्थना र अध्ययन, पत्राचार, व्यक्तिगत अन्तर्वार्ताहरू र किताबका कामहरूमा व्यस्त रहनुहुन्थ्यो।

डेनिस मिसनरी सुश्री एनी मेरी पिटरसेनले साधु सुन्दर सिंहलाई सुबाथूमा भेट्नुभएको थियो। उहाँले भेटेको ठिक समयको याद उहाँलाई नहुँदा पनि त्यो सन् १९२८ मा भएको हुन सक्छ भनी अनुमान गरिन्छ। उहाँले त्यसको बारेमा यसो भन्नुभयो:

"त्यो ख्रीष्टमसको समय थियो र साधु अन्तिमपल्ट तिब्बतमा जानुभन्दा अघि म उहाँलाई भेट्न गएकी थिएँ। मैले उहाँलाई घरको ढोका अगाडि सिँढीमा बसेर अण्डा किनिरहेको देखेँ। अण्डा किन्ने कारणलाई व्याख्या गर्दै उहाँले भन्नुभयो, 'यो ख्रीष्टमसको समय तपाईंलाई थाहा छ नि !' विद्यालयमा पढ्न उहाँले सहायता गरिरहेका दुई अथवा तीन जना केटाहरू बिदामा आएका थिए, र तिनीहरूले ख्रीष्टमसलाई खुशीसँग मनाएको उहाँले चाहनुभयो। ती केटाहरूसँगको उहाँको सम्बन्ध आनन्द लाग्ने गरी अनौपचारिक मित्रतामा थियो। हामी चिया खान बस्दा ती केटाहरूले साधुको कपमा धेरै चम्चा चीनी हाले। उहाँले हाँस्दै भन्नुभयो, 'गुलिया कुराहरू म बढी खान्छु भन्ने यी बाबुहरूलाई थाहा छ।' "

सन् १९२९ अप्रिल १८ तारिखमा सुन्दर सिंहले श्रीमान् रिड्डिललाई लेख्नुभयो: "आज म तिब्बत जाँदै छु र यात्रामा भएको खतरा र कठिनाइको बारेमा मलाई पूर्ण रूपमा थाहा छ, तर मैले कर्तव्यलाई पूरा

गर्न सक्दो प्रयास गर्नुपर्छ। मेरो दौडलाई पूरा गर्न परमेश्वरको अनुग्रहको सुसमाचारको गवाही दिन ख्रीष्ट येशूबाट मैले पाएको महान् आज्ञालाई पूरा गर्नु भन्ने कुराको तुलनामा मैले मेरो जीवनलाई केही मूल्यको ठान्दिनँ (प्रेरित २०:२४) । म तिब्बत जानुभन्दा अगाडि तपाईंलाई आएर भेट्न चाहेको थिएँ, तर तुरुन्तै तिब्बत जाने बाटोमा आएर भेट्नुहोस् भन्ने पत्र मैले एक जना व्यापारीबाट पाएँ। हामी यात्रा गर्ने बाटो गएको वर्ष तपाईंलाई मैले बताएको त्यही बाटो नै हुनेछ। जुन महिनाको अन्ततिर एक अथवा दुई जना तिब्बती इसाईहरू लिएर फर्किनेछु भन्ने आशा गर्छु। केही कुरा भयो भने म थापालाई तपाईंलाई भेट्न पठाउँछु, र मबाट अथवा मेरो बारेमा तपाईंले केही खबर पाउनुभएन भने मेरो घरमा भएका सबै कुरालाई हेर्न जुलाई महिनामा सुबाथूमा आउन बिन्ती गर्छु।"

रिड्डिलले भन्नुहुन्छ, "मानसरोवर पोखरीको पूर्वतिर रसारमा बसोबास गर्ने सानो इसाई समूहलाई भेट्नुमा उहाँलाई भएको तीव्र इच्छाको बारेमा मसँग उहाँले अन्तिमपल्ट कुरा गर्दा धेरै उत्साहित हुनुभएको थियो। आफू फर्केर आउने सम्भावना छैन भनी उहाँलाई लाग्थ्यो, र उहाँले बोल्दा त्यो महान् साहसपूर्ण कामको सोचले उहाँको विचारलाई यति बलियो रूपमा पक्रियो कि उहाँ भावनात्मक भएर काम्नुभयो। मृत्युलाई सम्झेर होइन, त्यसको बारेमा उहाँलाई डर लाग्दैन थियो, तर डरलाग्दो इनारमा परेको अनुभवलाई फेरि एकपल्ट सामना गर्ने कुराको बारेमा थियो।"

सुबाथूमा भएको कुष्ठरोग आश्रमको निरीक्षक श्रीमान् जी.हेच. वाट्सनले सन् १९२९ सेप्टेम्बर ३ तारिख सुन्दरका साथीहरूलाई एउटा परिपत्र पठाउनुभयो, जसमा उहाँले यसरी लेख्नुभयो थियो:

"अप्रिल १८ तारिख साधु सुन्दर सिंहले तिब्बतको यात्रा सुरु गर्नुभन्दा अघि बिदाइको लागि मलाई बोलाउनुभयो। गएको साल उहाँले त्यहाँ पुग्नको लागि यात्रा सुरु गर्नुभयो, तर ऋषि केशबाट ४० माइल पहाडमा यात्रा गरिसकेपछि उहाँ अचानक रक्तस्रावले बिरामी हुनुभयो, र उहाँका तिब्बती सहयात्रीहरूले उहाँलाई रेल्वे स्टेसनसम्म ल्याई पुऱ्याउनुभयो।

त्यहाँबाट उहाँ सुबाथू फर्कन सक्नुभयो र उहाँको स्वास्थ्य सुध्रियो। यो वर्ष पनि उहाँको सम्पर्कमा रहेका तिब्बती व्यापारीहरूको साथमा हिउँ पहाडहरूले भरेको तिनीहरूको देशमा हामीलाई छोडेर जानुभएको छ।

उहाँहरूको पहिलो यात्राको बाटो हिन्दु तीर्थयात्रीहरू बद्रीनाथ जान प्रयोग गर्ने बाटो हो। बद्रीनाथ पुग्नुभन्दा अलि अगाडि नै अर्को बाटो मोडेर नीतिपास हुँदै तिब्बतभित्र जाने र त्यही बाटो हुँदै फर्केर जुन महिनाको अन्ततिर सुबाथूमा आउने कुरा साधुले मलाई भन्नुभयो। त्यति बेलासम्म उहाँ पत्राचारको पहुँचबाट बाहिर रहने भएकाले सबै पत्रहरूलाई प्राप्त गर्ने र आवश्यक उत्तर दिने जिम्मेवारी मलाई दिनुभएको थियो।

उहाँ फर्किने समय काटिसक्यो, र साधु अथवा अरू कसैबाट केही खबर आएन। आफू बिरामी भएकोमा सम्भव भएमा कसै मार्फत सन्देश पठाउने प्रतिज्ञा गर्नुभएको थियो। उहाँले आफू नफर्केको अवस्थामा गर्नुपर्ने कुराहरूको बारेमा इच्छा पत्र छोड्नुभएको छ, र त्यसलाई पूरा गर्नको लागि दुई जना प्रबन्धक तोक्नुभएको छ। दुई जना मध्येमा एक जना न्यु जिल्यान्ड प्रस्बेटेरियन मिसनको श्रीमान् रिड्डिलले हाम्रो भाइ सुन्दरलाई खोज्न कुनै प्रयास गर्नुपर्छ भनी महसुस गर्नुभयो; त्यसैले रुड़कीमा भएको डा.टेलरसँग मिलेर २८ दिन कठिनाइपूर्ण यात्रामा बिताएर १८ हजार फिट उचाइसम्म तिब्बतभित्र ४ माइल यात्रा गरेर साधुलाई खोज्नुभयो, तर साधुको बारेमा केही जानकारी पाउनुभएन। उहाँले यात्रा गरेको त्यो बाटोभरि नै उहाँलाई देखेको अथवा उहाँको बारेमा सुन्ने कसैलाई पनि भेट्टाउन सकिएन। यो एउटा दुःख लाग्ने नकारात्मक नतिजा हो। सरकारी अधिकारीहरूले उहाँको मृत्युको बारेमा केही खबर पाउँछ कि भनी तीर्थयात्रीहरूको रजिस्टरमा खोज्दै हुनुहुन्छ।

उहाँ यहाँबाट गइसकेपछि उहाँलाई पत्र पठाएको, जुन पत्रहरूलाई मैले लिइराखेको छु, उहाँका साथीहरूले केही जानकारी पाउनुपर्छ भनी मलाई लाग्यो, तर मैले सबैलाई छुट्टाछुट्टै पत्र लेख्न सजिलो हुँदैन। त्यसैले मैले

यो परिपत्र मसँग ठेगाना भएको सबै साथीहरूलाई पठाउँदछु। यो वर्ष मात्र प्रकाशित भएको उहाँको अन्तिम किताब 'ख्रीष्ट साथ र ख्रीष्टविना' मेरो विचारअनुसार उहाँको अरू किताबहरूभन्दा उत्तम किताब हो । उहाँको सांसारिक यात्रा पूरा भएको हो भने अब उहाँ पहिलेको भन्दा अझै बढी पूर्ण रूपमा ख्रीष्टको जिउँदो उपस्थितिलाई अनुभव गर्दै हुनुहुन्छ भनी विश्वास गर्न त्यो किताबले सहायता गर्छ। पावलले फिलिप्पीहरूलाई लेखेको पत्रमा यसो भन्नुभयो, 'बरु बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ'; अब हामीले गर्न सक्ने कुरा भाइ साधु सुन्दर सिंहको आनन्दित अवस्थाको लागि परमेश्वरलाई धन्यवाद दिनु र उहाँलाई परमेश्वरको उपस्थितिमा खुशी साथ भेट्ने दिनको अपेक्षा गर्नु बाहेक अरू केही छैन।

आज साधु सुन्दर सिंहको ४० औँ जन्म दिवस, केही मित्रहरूले उहाँलाई पत्र पठाएका छन्।"

साधु सुन्दर सिंहलाई वास्तवमा के भयो भन्ने कुरा हामी कसैलाई थाहा छैन। उहाँलाई पहिलेदेखि आइरहेको हृदयाघात भएर बितेको हुन सक्छ अथवा हैजाजस्तो कुनै महामारीले उहाँ बितेको हुन सक्छ, वा कुनै उच्च भिरबाट खसेर मरेको हुन सक्छ अथवा सुसमाचारको खातिर ख्रीष्टको लागि तिब्बतमा रक्त साक्षी भएको हुन सक्छ, त्यस्तै गरी रक्त साक्षी हुनु नै उहाँको सबैभन्दा ठूलो लक्ष्य थियो।

तिब्बतको उद्धारको लागि सुन्दर सिंहले आफ्नो जीवनलाई बिउको रूपमा दिनुभयो। तर अझै पनि बन्धनमा रहेका यी तिब्बतीहरूको उद्धारको लागि आफैलाई अर्पण गर्ने र प्रार्थनामा अन्तर्विन्ती चढाउने मानिसहरूको खोजीमा परमेश्वर हुनुहुन्छ। के तपाईं यो कामको लागि आफैलाई दिन तयार हुनुहुन्छ ?

**'तब मैले परमप्रभुको यो आवाज सुनेँ, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" अनि मैले भनेँ, "म हाजिर छु। मलाई पठाउनुहोस्!"' यशैया ६:८**